# हामी किन एउटा नामधारी मण्डली होइनौं ?
# (WHY ARE WE NOT A DENOMINATION ?)
## २७ सेप्टेम्बर १९५८
## ब्रान्हाम आरधनालय
## जैफरसनबिले इण्डियाना
## यू.एस.ए

१. म विचार गर्दछु कि लगभग तीन महिनासम्म यहाँ उपस्थिति रहेपछि यस मञ्चमा पुन: फर्किएर आउनु एउटा सारै ठूलो सौभाग्यको कुरा हो । शिकारको बेला गिलरिहरूलाई कठिन समय हुने गर्दथियो; र त्यस्तै अवस्था मेरो पनि हुने गर्दथियो । र अब मेरो लागि एक प्रकारको विश्राम हो; र तपाईं यो सारै धेरै अनुभव गरिरहनु भएको हुनु हुने छ कि तपाईं परमेश्वरको आराधनामा पुन: (फेरी) आउँदै हुनुहुन्छ; र तपाईं यस आगामी सप्ताहामा यस आउने बुधबार रातीदेखि यहाँ यस आराधनलयमा जागृति सभाहरूको आरम्भ हुने आशा छ र यदि परमेश्वरको इच्छा भयो भने म सँग एउटा नयाँ तथा विभिन्न प्रकारको सेवकाई हुन्छ; परमेश्वरले मसँग एउटा नयाँ अथवा भिन्दै किमिसको सेवकाई प्रदान गर्नको लागि प्रतिज्ञा गर्नु भएको छ । र यदि उहाँ मलाई यो सेवकाई प्रदान गरे वापत प्रसन्न हुनुहुन्छ भने म नयाँ प्रकारको यस सेवकाईलाई आगामी सप्ताहमा यहाँसम्म आराधनामा पहिलो पटक आरम्भ गर्ने आशा गर्दछु ।

२.	यसपछि मेरो यहाँ कुनै निर्धारित सभाहरू हुने छैनन्, तर यही आगामी जनवरीमा केवल आस्ट्रेलिया र न्यूजिल्याण्डमा मात्र मेरो निर्धारित सभाहरू हुनेवाला छ। र फेरी मलाई भाइ ओसवोरन एउटा संयुक्त सभाको लागि बोलाउँदै हुनुहुन्छ; जसलाई कि मैले उनलाई केही समय पहिले ट्यूसलामा एक प्रकारको वचन दिएको थिए; तर यो सभा केही समयपछि हुनेछ; तर अहिले हामी यस सभाको लागि सुनिश्चित छैनौं।

३.	भाइ जैफपरी : यहाँ पछि तपाईंसँग हात मिलाउनु निश्चय नै एउटा सारै राम्रो कुरो थियो र तपाईंको छोराले त्यो गीत गाउँदै गरेको र तपाईंले संगीत बजाउँदै गरेको सुन्नु पनि निश्चय नै एउटा राम्रो कुरो थियो। मलाई एक प्रकारले यस्ता पिता र पुत्र प्रिय लाग्दछन्। के तपाईंलाई यो प्रिय लाग्दैन ? "आफ्ना केटाकेटीको पालनपोषण यसरी गर्नुस् कि उनीहरू अगाडि बढ्न सकून्।" यो साँच्चो कुरा हो। श्रीमान गुएन्थर तपाईंलाई थाहा छ, कि यो साँच्चो हो। तपाईंहरू दुवैलाई यो थाहा छ कि साँच्चो हो "केटाकेटीलाई यसरी पालन पोषण गर्नुस् कि उनीहरूअगाडि बढुन् जब उनीहरू ठूला हुनेछन् तब उनीहरू तिमीभन्दा पृथक हुनेछैनन्।" र, यो साँच्चो कुरा हो। हुनसक्छ ऊ कुनै बेला यसबाट अलग होस् तर ऊ उसबाट पृथक नहोला, ऊ उससँग सदैव भैरहने छ। ती प्रारम्भिक शिक्षादीक्षाहरू तथा त्यो सबै थोक जुन उसलाई ठूलो हुनको लागि गरिएको छ, त्यो निश्चय नै उसँग भइरहनेछ। अब यो छ... ।

४.	मैले त्यहाँ बाहिर भाइ जैफरीसँग भेट गरेको थिएँ र मैले भनेको थिएँ, "भाइ जैफरी..." म विचार गर्दछु कि तपाईंलाई यो विदितै छ कि मलाई आफ्ना कुनै पनि भेटकर्ता भाइलाई यहाँभित्र देखेर सधैं नै प्रसन्नता हुन्छ, तर यसप्रकारको रात्रीमा आफ्ना कुनै पनि भेटकर्ता भाइलाई भित्र जाँदै गरेको देखेर मलाई अझै धेरै खुसी हुन्छ। यो रात ती मानिसहरूको लागि हो जो यहाँ आराधनालयमा केवल प्रार्थना र वेदारीको लागि आउँछन्; यो रात्री त्यही हो। हामी आज राति र भोलि बिहान र भोलि रातिमा उसको पूर्ण विवरण बताइ दिन चाहन्छौं; जसको कि हामी यहाँ यस आराधनालयमा विश्वास गर्दछौं। हाम्रा केही ठूला अचम्म अथवा विचित्र

प्रकारको विश्वास छ, तर जे जस्तो हाम्रो विश्वास होस्, हामीहरू तिनीहरूलाई यस बाइबलमा भेटाउँछौं। तिनीहरू बाइबलमा सही प्रतीत हुन्छन्।

५. र अब यदि यहाँभित्र कुनै यस अनजान भाइ वा बैनी होउन् जो कि नामधारी मण्डलीका सदस्य हुन् या हाम्रा यी विश्वासहरूप्रति असहमत होउन् र ऊ सिर्फ आज राति यहाँ बसेको होस् तब हामी यो चाहन्छौं कि तपाईंलाई यो थाहा होस् कि तपाईंलाई यहाँ पूरा तरहले स्वागत छ। हेर्नुस्, तपाईंलाई ठीक यस्तै स्वागत छ जस्तो कि हुनसक्छ। तर, अब म आशा गर्छु... र हामी यसलाई साह्रै नै रूखो ढंगले गर्दछौं। अत: यदि यस्तो प्रतीत हुन्छ कि तपाई यसबाट असहमत हुनुहुन्छ; त्यसो भए ठीक छ, र अब तपाईं त्यस्तै गर्नुस् जसरी चेरीपाई खाइरहेको बेलामा गर्दछु र जब म चेरीपाई खाइरहेको हुन्छु, जुन कि मेरो प्रिय व्यन्जन हो; तब सधैं म यस्तै गर्छु कि जब म चेरीपाई खाइरहेको हुन्छु र यदि खाँदाखाँदै चेरीपाइको विजमा मेरो दाँत लाग्छ, तब म चेरीपाइ नै फ्याँक्दिन म त सिर्फ चेरीपाईको बिउ (बिज) मात्र फयाँक्छु र चेरीपाई खाने क्रम जारी राख्छु। अथवा जसरी तपाईंलाई कुखुरो खान प्रिय लाग्छ, अब हेर्नुस, कि तपाईंहरू सबैलाई कुखुरो खान मनपर्छ र जब कुखुरो खाँदाखाँदै त्यसको हाड तपाईंको दाँतमा लाग्छ, तपाईं त्यो कुखुरो खान छोड्नुहुन्न, बरू त्यसको हाडको चारैतिरबाट कुखुराको मासु खाइरहनुहुन्छ। ठिक छ; ठीक त्यस्तै प्रकार तपाईं आज राति गर्नुस्; जुन कुरो म यहाँ भनिरहेको छु, तपाईं सिर्फ त्यसलाई...जब तपाईं केही खानुहुन्छ, तब तपाईं भन्नुहुन्छ, “अब म बस गर्दिन...” म त यसलाई एउटा सानो शिक्षाको रूपमा यी आउने तीन सभाहरूको लागि भनिरहेको छु, यी सभाहरू एक प्रकारले त्यसको पूर्ण विवरण गर्दछन् जसको उनीहरू त्यसैअनुरुप गर्दछन् र त्यसैमा हिँड्दछन्।

७. र सिर्फ एउटै तरिका छ कि तपाईं कुनै व्यक्तिलाई यसमाथि लगभग पूरा विश्वास दिलाई दिनुस् कि तपाईं त्यस व्यक्तिलाई यो यस्तो दह्रो गरी भन्नुस् कि यसले उसको मनभित्र घर बसाओस् र उसलाई थाहा होस् कि यही त्यो कुराले जुन सत्य हो (छ)। यही त्यो तरिका हो जसद्वारा

तपाईं यसलाई कसैको मनभित्र राख्न सक्नुहुन्छ। जस्तो कि मेरो एउटा साथी श्रीमान बुड्स छन्, म उनीसँग बसेको छु, उनको भनाइ छ कि यदि तपाईं कुनै काँटीलाई फल्याकमा आधा मात्रै ठोक्नुहुन्छ, तब फल्याक पुरै कसिँदैन; र आँधीको बेग आयो भने त्यसलाई तुरून्तै झारीदिन्छ (दिनेछ) तर तपाईंले त त्यस काँटीलाई पूरै तलसम्म पुग्ने गरी ठोक्नुपर्छ र दृढतापूर्वक बलियो बनाउनुपर्छ। अत: अब यदि यसलाई केही स्थानमा कठोर शब्दमा भने म केवल यही प्रयत्न गर्दछु कि यस मण्डलीको भित्र त्यसले पूरा तबरले घर गरोस्, जसको कि हामी प्रतित गर्दछौं र तपाईंहरू जो आज राति यहाँ बाहिरबाट आउनुभएको मानिसहरू हुनुहुन्छ, म तपाईंहरूलाई यहाँबाट बाहिर निकाल्ने चेष्टा गरिरहेको छुइन, बरू म त यो चेष्टा गरिरहेको छु कि यस मण्डलीको भित्र त्यसले पूरा रितिले घर गरोस्, जसलाई हामी विश्वास गर्दछौं। अब तिनीहरू सबै जसले यस कुरालाई भलिभाँती बुझिसकेका छन्, उनीहरूले “आमीन” भनुन्। (मण्डली भन्दछ, “आमीन-सम्पा.) ठीक छ, यही यही साँच्चो कुरा हो। र, म यसलाई आफ्नै हातले निकाली दिनेछु र फेरि यो छ कि ....उनीहरू यसको रेकर्डिङ तथा के के गरिरहेका छन्, ताकि उनीहरू पछि यो थाहा पाउन चाहन्छन् कि हामी के कुराको लागि उभिएका छौं र हामी कुन आधारमा उभिएका छौं, यी रेकर्डहरूले यसलाई भन्नेछन् र हामी प्राय: यी सन्देशहरूको रेकडिङ सधैं नै गर्दछौं, किनकि नयाँ मानिसहरू पनि यहाँभित्र आउँछन्; तर हामी अगाडिका कुरालाई भन्दछौं कि हामी मण्डलीको सबै शिक्षाको अध्ययन गराउन सकौं : तर हामी त त्यसबाट केवल ती केही शिक्षाहरूलाई मात्र बताउने छौं, जसलाई हामी भन्न चाहन्छौं र अब बुधबार रातिलाई यद्यपि आरम्भ हुनेछ....।

७. अब हेर्नुस् कि सोमबार र मंगलबार राति म प्रार्थनाको लागि यहाँबाट टाढा गइरहेको छु; त्यसकारण तपाईं चंगाई सभाको लागि तयारी भएर बस्नुस् र तपाईं चंगाई सभाको जानकारी टेलिफोनबाट पनि पाउन सक्नुहुन्छ या तपाईं यसको जानकारी जसरी प्राप्त गर्न चाहनुहुन्छ तपाईं प्राप्त गर्न सक्नुहुन्छ : र तपाईं यो आउने आगामी बेदारीको निम्ति जोसुकैलाई पनि यहाँ ल्याउन चाहनुहुन्छ, ल्याउन सक्नुहुन्छ र तपाईं

उनीहरूलाई भन्नोस् कि उनीहरूले यहाँ उत्ताउलोपन लिएर नआउन्; अब तपाईं यहाँ यसप्रकारले नआउनुस् कि यहाँ आएर यो यो भन्नुस्, "ठिक छ, अब म शिघ्रतापूर्वक दौडँदै भित्र जान्छु रआज राति आफ्नो लागि प्रार्थना गराउँछु र आउँदो राति यो पूरा किसिमले छ..." तपाईं यसो नगर्नुस्। तपाईं भित्र आउनुस् र केहीबेर वचन सुन्नुस्, किन कि हामी आफ्नो समय लिन चाहन्छौं र त्यस वचनलाई तपाईंभित्र यति दृढतापूर्वक राखि दिन चाहन्छौं कि शैतानलाई त्यस वचनलाई हटाउनको लागि अलिकति पनि ठाउँ नमिलोस् र जब तपाईं आफ्नो विश्वासलाई यसको अन्तिम छेउसम्म लगाउनुहुन्छ; कि तपार्यं वचनलाई प्रतित गर्न लाग्नुहुन्छ; तब तपाईंको अचेतन मन कृयाशील हुन थाल्छ, तब परमेश्वरको विश्वास यसको समर्थन गर्दछ। त्यसपछि तपाई अगाडि बढ्नुहुन्छ। बुझ्नुभयो। किनकि तपाईको आफ्नो निजी इच्छाले त साऱ्है धेरै काम गर्ने छैन। त्यसकारण तपाईको अचेतन मनलाई त्यस दिशामा तपाईको विश्वास बमोजिम हिडिरहेको हुन्छ, र त्यसपछि परमेश्वरले विश्वास यसको पछि हिड्दछ र यसको पूरा तरिकाले पुष्टि गर्छ। बुझ्नु भयो र तर यो तपाईको विश्वास नै हो जो यसले भन्छ, "ओहो, अँ मैले यसलाई अहिले ठिक गरेको छु " र फेरी पनि तपाईको अर्ध चेतनमन पछिल्तिर गइरहेको (फर्की) रहेको छ, र भनि रहेको छ, मलाई आश्चर्य हुन्छ , कि यसले म माथि कार्य गर्ला," त्यसो भए यसले तपाईमाथि काम गर्ने छैन। बुझ्नु भयो त्यसकारण हामी यसलाई वास्तविक चंगाई सयाको सदृश चाहान्छौ। र यि नूतन सभाहरूको निम्ति या चंगाईको निम्ति- यसभन्दा पहिले कि कोइभित्र आउन, म उसबाट यो चाहान्छु कि उ सुचारूरूपले यो समझ्योस् कि उ यहाँ के को लागि आइरहेको छ। त्यसकारण तपाई यस कुरालाई समझी राख्नुस्, र हामीसंग आउनुस् र हामीसँग भेट गर्नुस्, र र हामीलाई तपाईलाई पायर (भेटेर) अति प्रसन्न हुनेछ।

८. अब तपाई स्मरण राख्नुस् कि यस बिहान: हामी मण्डलीको शिक्षामा बोल्न जारिराख्ने छौं र र भोलि राती पनि हामी ठीक यस्तै प्रकार गर्ने छौं। अब तपाईलाई यहाँ आएकोमा स्वागत छ, र जोसुकै पनि यहाँ आउन चाहान्छन् आउन सक्छन्। हामीलाई यहाँ कुनै पनि व्यक्तिलाई

पाएर सधैं नै अति खुसी हुन्छ। तर अब हेर्नुस्, हामी आज राती हामी ती मानिसहरूको घरतिर अगुवाई गर्नेवाला छौं जो यहाँ यस आराधना लयका हुन् (छन्) : जो कि मण्डलीको यस शिक्षामा नै विकसित भएका छन्। तर जब हामी यस आराधनालयबाट बाहिरको शिक्षांक्षेत्रहरूमा प्रचार कार्यमा हुन्छौ, त्यसबेला हामी केवल बचनको वास्तविक मूलप्रचार सम्वन्धी शिक्षाहरूलाई मात्र भन्दछौ। तर यहाँ यस आराधनालयमा, एउटा मण्डलीको रूपमा हाम्रो आफ्नो निजी विचार र आफ्नो निजी विश्वास छ, र त्यहि नै त्यो हो जसलाई हामी आज राती भन्न गइरहेका छौं।

९. र योभन्दा पहिले हामी उसको आशीषित वचनलाई खोलौ, के हामी आफ्नो टाउको (शिर) लाई प्रार्थनाको लागि एकैछिन निहुऱ्याउन सक्दैनौं।

१०. सर्वशक्तिमान र सामर्थी परमेश्वर, जगत प्रथम परमाणुमा घुम्न आरम्भ गर्नुभन्दा पहिले तपाई परमेश्वर हुनुहुन्थ्यो। अलिकति पनि बदलिनु हुन्न। र जब यसलाई माथि थामीराख्नको निम्ति कुनै परमाणु हुने छैन, र माथि अडीनको लागि कुनै जगत हुने छैन तर पनि तपाई परमेश्वर हुनुहुन्छ, र तपाई अनन्तकालदेखि नै परमेश्वर नै हुनुहुन्छ। तपाईको न त कहिले दिनको नै आरम्भ थियो, न त तपाईको जीचनको कहिले अन्त नै छ, तपाई त सदैव रहनु हुनेछ। र पिता, तपाई अनन्त हुनुहुन्छ र हामी अनन्त छैनौं, त्यसकारण: हामी तपाईसँग तपाईको दिव्य करूणा। माग्दछौं : किन कि परमेश्वर हामी यो अनुभव गरिरहेका छौं कि यी आत्मा जो हाम्रा छन्, समयको अवधिबाट बाहिर निस्केर अनन्ततामा विलीन हुनुछ। त्यसैकारण प्रभु, हामी यहाँ आफ्नो उद्धारमा गौर गर्नको लागि उपस्थित भएका छौ, ताकि यो हेरौ कि हामी तपाईको वचनको दृष्टिमा कसरी उभिराखेका छौं- र यो हेरौ कि हामी आफ्नो अनुभवहरूमा कस्तो प्रकारले स्थित भएका ( बनेका) छौ। के हामी यस्तो जीवन व्यतित गरिरहेका छौं जसले तपाईलाई खुसी बनाएको छ र के हाम्रो आत्मा तपाईको आत्मासित साक्षी दिन्छ ? के हाम्रो शिक्षा यस बाइवलसँग साक्षी दिन्छ ? पिता, हुन पावसकि हामी यी दुवै कुरालाई आउने आगामी तीन प्रार्थना सभाहरूमा जाँचौ। प्रभु, यो प्रदान गर्नुस्।

११.  "पिता, तपाई यहाँका याजक डीकनों, ट्रास्टियो र सबैजन साधरणलाई, सबै मानिसलाई जो यस मण्डलीमा आउँछन् आशिर्वाद दिनुस्। प्रभु, जब यहाँ मेरो सेवकाइको दिन सुरू भएका छन् : यहाँ यस्ता अनेकौ अनेक मानिस छन् जसको नाम मलाई थाहा छैन र यो पनि थाहा छैन, कि उनीहरू काहाँबाट आएका हुन्, तर मलाई ढुक्क छ कि तपाईलाई उनीहरूको विषयमा थाहा छ। र प्रभु, आज राती हामी यहाँ केवल एउटै उद्देश्यको लागि उपस्थित भएका छौ, कि हामी तपाईको लिखित वचनको चारैतिर संगति गरौं। र तपाई हामीहरूलाई हाम्रो जीवनमा पवित्र आत्मा प्रदान गर्नुस ताकि हामी शान्तिपूर्वक सभ्यरीतिले परमेश्वरको डरमा बस्न सकौं र आफ्नो जीवनलाई तपाईको वचनद्वारा परखन सकौं। प्रभु, यो प्रदान गर्नुस्।

१२.  र प्रभु, अलि बिहान यस भवनमा मण्डलीका विभिन्न ठाउँहरूबाट आएका मेरा भाइहरूछन्। र प्रभु, म यस कुराको लागि अत्यन्तै धन्यवादी छु, कि उनीहरू यहाँ सहभागिता गर्न आएका हुन्। हुनसक्छ कि हामी शिक्षाहरूको साना साना सिद्धान्तहरूमा असहमत हौं, तर हामी त्यो एक महान सिद्धान्तमा परमेश्वरको अगाडि एउटै भाइको रूपमा अडिएका छौं, हे परमेश्वर हुन पाओस् कि यो हाम्रो सहभागिताहरूलाई दृढ गरिदिनुस् .....र परमेश्वरको अनुग्रहको मेल मिलाप र प्रेम हामीमाथि वहुतायतमा आयर बसोस्। प्रभु, अब हामी यो अनुभव गरिरहेका छौं कि एउटा मानिसको लागि काम गर्नको लागि यो सारै धेरै छ, किन कि आजराती हामी यहाँ एउटा विचारको अधीन उपस्थित भएका छौं, कि हाम्रो प्राणको अन्तिम लक्ष्य अनन्तता छ। अतः हामी प्रार्थना गर्दछौं, कि पवित्र आत्मा वचनमा प्रवेश गर्ने छ, र आफ्नै तरिकाले हामीमा प्रकट गर्ने छ, र यसले हामीलाई सम्झाउने छ, र हामीलाई ति कुराहरूले अवगत (जानकारी गराउने छ जुन कुरो उनी हामीलाई अवगत गराउन चाहन्छन्। प्रभु, यो प्रदान गर्नुस्। र जब तीनवटै....... सभाहरूको समापन हुन्छ तब हुन पावस कि हामी एउटा सुदिढ मण्डलीको रूपमा, एउटा गुटको रूपमा जाउँ, कि हामी परमेश्वरको राज्यको भावि नागरिक हौं, कि हामी आफ्नो हृदय र आफ्नो उद्देश्यलाई

एकै ठाउँ राखौं, र यस प्रकारले अगाडि बढौं जसरी हामी पहिले अगाडि बढेका छैनौ ।

१३. प्रभु, म यहाँ मण्डली र यि मानिसको उपस्थितिमा जो कि यहाँ उपस्थित छन् तपाईलाई धन्यवाद गर्न चाहान्छु, कि तपाईले मलाई राम्रो बसाईको लागि कैयौ हप्ता प्रदान गर्नुभयो । आजराती म तपाईको उपस्थिति र तपाईको आशिर्वादको कारण सारै अदभूत अनुभव गरिरहेको छु । र, ओहो परमेश्वर, हामी त्यसभाइको लागि प्रार्थना गरिरहेका छौं, जो ति फोहर व मलीन देशहरूमा गइरहेको छ जहाँ उसको आफ्नो जीवन एउटा निशानाको जस्तो हुनेछ । र ओहो प्रभु तपाई हाम्रो भाइ जफरीलाई जब जान्छ, र उसको पुत्र र पत्नीलाई आशिषित गर्नुस् र उसलाई महानवृद्धि प्रदान गर्नुस । हुन सकोस् कि उसले अन्धकारमा प्वाल पारि देवस् कि सुसमाचाररूपी उज्यालो उसबाट हुँदै टाढा टाढासम्म उज्यालो प्रकाशित गरोस् । पिता, तपाई हाम्रो प्रार्थना सुन्नुहोला, किन कि हामी यस विन्तिलाई तपाईको छोरो प्रभु येशुको नाममा माग्दछौ । आमीन् ।

१४. अब हेर्नुस्, कि आज राती मलाई आफ्नो यो सानो स्कोफ फिल्ड बाइवललाई पढ्दै गरेको अहिले भर्खरै पच्चीसवर्ष भएको छ । र म यसलाई अहिले पनि पढ्न सक्दछु, तर मलाई केही कम जस्तो देखिनथालेको छ, त्यसैले मैले चस्मा लिएको छु । र आज राती म पहिलो पटक हेर्न गइरहेको छु कि यो चस्माले कस्तो प्रकारले काम गर्दछ । अब मसँग यस्तो प्रकारको विषय छ कि मण्डलीलाई चाहिन्छ....ओहो धेरै कुरा छन्, के गर्नु (अपसोच) हामी तीनलाई देख्न सकु (सकें) त्यसमध्य एउटा विषय छः किन हामी मण्डली भनिन्छौ ? किन हामी एउटा नामधारी मण्डली होइनौ ? किन हामी विश्वासको प्राणलाई अनन्तकालिन सुरक्षामा विश्वास गर्दछौं ? किन हामी ( डुवकि) डुबने खालको वप्तिस्मा दिन्छौ ? मण्डली पीडा (दु:ख) हुँदैजाने छ ? यस्मा यसप्रकारका अनेक विषय छन्, मेरो अनुमान छ, कि आउने केही रातीहरूको लागि अनेक (थुप्रै) मसँग यीमध्येबाट १५ या १८ विषय छन् ।

१५.  त्यसकारण आजराती म यसै विषयबाट सभा आरम्भ गर्न गइरहेको छु....यस्तो अनुभव हुन्छ कि प्रभुले नै यसलाई मेरो हृदयमा राख्नुभएको छ, कि आज राती म यस विषयमा सदेश प्रचार गरूँ, कि **"....किन हामी एउटा नामधारी मण्डली होइनौ ?"** यही कारण हो......अब हामीसँग ति मानिसहरूको विरोधमा केही छैन, तर म यो खुलेर सम्झाउन चाहन्छु, किन हामी कहिले कुनै नामधारी मण्डलीहरूसँग हिंडेनौं। जस्तो कि तपाईलाई थाहा छ, कि ममाथि एउटा सानो वैपटिष्ट मण्डलीमा हाथ राखेर प्रार्थना गरियो र मलाई प्रचार कार्यको लागि नियुक्ति गरिएको थियो। र वैपटिष्ट मण्डली एउटा नामधारी मण्डली थिएन, त्यो अहिलेसम्म पनि एउटा नामधारी मण्डली थिएन, तर अहिले यो अर्को शेष (बाँकी) नामधारी मण्डलीहरूकै सरह एउटा नामधारी मण्डली बन्दै गइरहेको छ। तर यसको एउटा कारण छ कि हामी कहिले एउटा नामधारी मण्डली बनेका छैनौं।

१६.  अब हेर्नुस्, कि हामीहरूको एउटा सम्मिलित समूह छ। हामीहरूको एउटा समूह छ, र यहाँका अदालतहरूमा यसलाई यसै रूपमा लेखिएको पाइन्छ, कि हाम्रो त्यो समूह छ जसले सुव्यवस्थित रूपमा मसीहको आराधना गर्दछन् : तर हामी कुनै नामधारी मण्डलीमा छैनौं। तपाई हेर्नुस, कि कुनै पनि मानिस हामीमाथि आफ्नो अधिपत्य कायम गर्न सक्दैन। यो कुनै नामधारी मण्डली होइन, तर यो त केवल मानिसहरूको एउटा समूह हो जो मसीही विश्वासीहरूको माझ संगति गर्दछ। मानिस यहाँ चर्चमा आउँदछन् : र यो उनीहरूको आफ्नो चर्च बन्द छ : उनीहरू यहाँ त्यतिबेलासम्म आउन चाहान्छन् जबसम्म उनीहरू जीवित रहन्छन्।

१७.  -र उनीहरू यहाँ आउन सक्छन् र हामीहरूसँग हरेक ति कुरा जसको हामी प्रचार गर्दछौ असहमत हुन सक्दछन्। यो पूर्णत: सत्य हो। तर पनि तपाई फेरि पनि एउटा मसिह हुनुहुन्छ : जबसम्म तपाई मसीही हुनुहुन्छ: तपाईसँग एउटा संगति छ: र उनीहरू शेष (बाँकी) सबैको जस्तो तपाईको हाथ बाहिर छ। बुझ्नु भयो ? यदि म भनु कि म पानीमा डुबाउने वप्तिस्मा मा विश्वास गर्दछु, र तपाई छर्कने वप्तिस्मामा विश्वास गर्नुहुन्छ, र तपाई आफ्नै कुरामा अडिग रहनुहुन्छ, तर यदि हामी दुवैजना

एक अर्कामा सहमत छौ तापनि हामी त्यस्तै हुनेछौ जस्तो कि हामी थियौं। हुनसक्छ एक अर्कामा पूर्ण सहमत नहोस्, तर जबसम्म तपाई एउटा भाइ या बैनी हुनुहुन्छ तपाईलाई यहाँ पूरा तरिकाले स्वागत छ, हेर्नुस तपाईहरू सबैलाई यहाँ पूरा किसिमले स्वागत छ।

१८. त्यसकारण हाम्रो कुनै नामधारी मण्डली छैन, किन कि म विचार गर्दछु, कि नामधारी मण्डली भाइचारको प्रितीया फाटोमा उत्पन्न गर्दछु। त्यस सम्बन्धमा कोहीले भन्दछन्, "ठीक छ, हामीलाई ति वेदारीसँग कुनै मतलव र चासो छैन, त्यो त एउटा मेथोडिष्ट वेदारी हो। ए, त्यो त वैपटिष्ट वेदारी हो, हामीलाई त्यससँग वास्ता छैन.... हामी त मेथोडिस्ट हौं : हामीलाई त्यस वेदारीसँग कुनै लिनु दिनु छैन।" भाइ, यदि मसीह त्यस वेदारीमा छन्, भने हामी सबैलाई त्यस वेदारीसँग मतलब छ। हामीलाई चाहियो कि हामी त्यसलाई लिउँ...... यो त मसहिकै शरीर हो जसले सहन गरिरहे छ। र म हेर्दछु, कि आज पृथ्वीमा यस्ता धेरै छन् : कि कसरी म ........हौ.......अब हेर्नुस, मसीहले कहिलै यस्तो गर्नुभएको थिएन कि उनले कहिले कुनै नामधारी मण्डलीलाई संस्थागत गरेको होस्। अब तपाई यस कुरामा पूरा किसिमले ढुक्क हुनुहोस्।

१९. अब हेर्नुस, अब भोलि राती तपाईसँग सोध्नेवाला छु......

यदि तपाई यि कुराहरू मध्यबाट केही जान्न चाहानु हुन्छ कि इतिहासको केही कुराहरूको या अन्य केही कुराहरूको हवाला दिइरहेको छु, भने तपाई त्यो मसँग सोध्न सक्नुहुन्छ। मसँग त्यति समय छैन कि म कुनै एक विषयलाई नै ज्यादै विस्तृतरूपमा भनु (बताउँ), यसो गर्ने हो भनेत म कुनै अर्को विषयमा नै लिन सक्दिन : किन कि यस्तो भयो भने त तपाई कुनै एकै विषयमा कैयौ सप्ताहा खर्च गर्न सक्नुहुन्छ। तर यदि तपाई यो ठाउँ या अन्य जेसुकै सोध्न चाहानु हुन्छ भने तपाई त्यो मसँग सोध्नुस र तपाई आफ्ना प्रतिप्रश्नहरूलाई यहाँ मेचमा राखिदिनुस् र म त्यसलाई उठाउनेहरू र तपाईको लागि त्यसको उत्तर दिनेछु।

२०.	अब हेर्नुस, जुन सबैभन्दा प्राचीनतम् नामधारी कलीलिया छ, र जुन प्रथम नामधारी मण्डली हो जुन कि कहिलै भयको थियो, त्यो रोमन कैथोलिक मण्डली हो। र त्यो अन्तिम प्रेरितको मृत्युपछि तीनसय या केही यस्तैं .....हरू पछि संस्थागत भएको थियो। यो साचो हो। तपाईलाई यो कुरो "आरम्भिक नीसियन पूर्वजहरू" (Early Nicene Fathers) नामको पुस्तकमा र जोजेफको लेखहरूमा तथा अनेकौं महान इतिहासकारहरूको लेखहरूमा देख्न सक्नुहुनेछ। बुझ्नु भयो ? जहाँसम्म इतिहासमा छ....

कुनै पनि मण्डलीकालमा छ, अन्तिम प्रेरितको मृत्यु भएको तीनसय वर्षपछिसम्म तथा र प्रेरितहरूको बेलासम्म कुनै पनि नामधारी मण्डली थिएन। र रोमन कैथोलिक मण्डली नै पहिलो नामधारी मण्डली थियो।

२१.	र प्रोटिष्टेण्ट मण्डलीहरू पनि नामधारी (नाम भएका) मण्डलीनै हुन, जुन कि कुनै एउटा नाम भएको मण्डलीबाट बाहिरिएकोले जो सबैभन्दा पहिलो सुधारक आए उनी लुथर थिए; लुथर पछि स्वीगिली आए, ज्वीगिली पछाडि काल्विन आए र ठिक यस्तै प्रकारले अरू अरू (अर्का) आए र फेरि पछि ह्विसलियन वेदारी आइन् र फेरि एलिकजैण्डर कैम्पवैल, जाँन स्मिथ र अन्य जो जो थिए ती आए। र अब हामीसँग अन्तिम बेग छ, त्यो पिन्तेकोस्टल समयको विभिन्न प्रवस्थाहरू छन्।

२२.	- र म विश्वास गर्दछु कि परमेश्वरले प्रत्येक कालमा कुराकानी गर्नु भएको छ। त के तपाईले कहिले ध्यान दिनु भयो हरेक पटक कि कुनै मण्डली कहिलै विफल हुन्छ; र जहिलेसुकै उनीहरूले नामधारी मण्डलीको रूपमा स्थापित हुन सुरू गरे, त्यतिबेला उनीहरू तुरून्त विफल हुन सुरू गरे ? र जुनसुकै बेला जब उनीहरूको पतन भयो त्यसपछि परमेश्वरले ती मण्डलीलाई फेरि फेरि कहिले माथि उठाउनु भएन। त्यो ठीक विउतर्फ पुगिहाल्छ। अब तपाई केवल...यदि तपाई यस सम्बन्धमा इतिहास भन्न सक्नुहुन्छ कि कुनैपनि मण्डली- यहाँसम्म कि मण्डलीहरूको इतिहासमा पनि यो पाइदैन, कि कुनैपनि नामधारी मण्डली जसको कहिले पतन भयो त्यसको न फेरि उन्नति भएको होस्, वैपटिष्ट, मैथोडिष्ट, प्रसवीटेरियन, लूथर र चाहे ती जोसुकै किन नहुन्, जब उनीहरू झरे तब उनीहरू खतम

(समाप्त) नै भए। अब, यो साँचो हो। अव यो छ, कि म तपाईलाई भन्दछु कि तपाई जैकेट लगाउनुहोस्, किन कि हामी यसको एउटा छड बनाउन गइरहेका छौं। बुझ्नु भयो ? कहिल्यै यस्तो भएन; एक पटक पनि यस्तो भएन जब कुनै मानिस व्यक्तिगत हिसाबले एक्लै बाहिर निस्किएको होस् र उसले कुनै व्यक्तिगत मण्डली आरम्भ गरेको होस्।

२३. परमेश्वर त व्यक्तिगत रूपले मानिसहरूसँग कुराकानी गर्नुहुन्छ, न कि उनी एउटा नामधारी मण्डलीसँग कुराकानी गर्नुहुन्छ। परमेश्वरले कुनैपनि काल (युग) मा कुनैपनि नामधारी मण्डलीसँग कदाचित सम्बन्ध गर्नु भएन। उनी ती सँधै मानिसहरूसँग व्यक्तिगत हिसावले मानिसहरूसँग कुराकानी गर्नु हुन्छ। पुरानो नियममा, परमेश्वरले व्यक्तिगत हिसावले मानिससँग कुराकानी गर्नु भयो। नयाँ नियममा उनले व्यक्तिगत हिसावले मानिससँग कुराकानी गरे। कुनैपनि कालमा व्यक्तिगत किसिमले एउटा एकलो व्यक्तिसँग कुरा गरे; उनले सँधै नै मानसिसँग र उनले नामधारी मण्डलीसँग कदापी व्यवहार गरेनन्। अतः यसो भएकाले यदि परमेश्वर नामधारी मण्डली छैनन् भने मलाई यसले के फाइदा होला कि म कुनै नामधारी मण्डलीसँग बाँधिरहुँ ? अब म ती मानिसहरूको विषयमा भनिरहेको छुइन जो नामधारी मण्डलीमा छन्; म त केवल नामधारी मण्डलीको विषयमा बोलिरहेको छु, किन कि ती सबै नामधारी मण्डलीहरूमा परमेश्वरका मानिसहरू छन्।

२४. अब हेर्नुस्, परमेश्वर जहिलेसुकै पनि त्यतिबेलासम्म केही हुन दिंदैनन्, जबसम्म कि उ उसलाई चेतावनी नदेओस्। म विश्वास गर्दिन कि केही पनि यस्तो छैन कि...

२५. अब हेर्नुस् कि हामीसँग केही विषयहरू छन् जुन मण्डलीहरूबाट निक्लिएर आएका छन्, जस्तो कि अहिले भर्खरैमात्र हामीकहाँ रगत र तेलको विषयमा एउटा समस्या आएको छ, यस्तै प्रकारका अरू (अर्का) समस्याहरू हामीसँग छन्; र तपाईलाई थाहा छ, कि पत्र आदिमा मलाई म भएको ठाउँमा लेखेर पठाइन्छन्, "पृय भाई ब्रम्हम..." र त्यही कारण जसको

कारणले म यि कुराहरूको विरूद्ध छु यिनीहरू हुन्। किन कि यिनीहरू परमेश्वरको बचनमा पाइदैनन्। र मलाई कुनै यस्तो चाहिएको हुन्छ जसमाथि हामी आफ्नो विश्वास राख्नु सकौं, र यदि हामी आफ्नो विश्वासलाई कुनै नामधारी मण्डलीमा टिकाउन सक्दैनौं भने हामीलाई चाहियो कि हामी आफ्नो विश्वास परमेश्वरमा टिकाऔं किन कि यहीमात्र एउटा जीव हो- मात्र (केवल) परमेश्वर नै एकमात्र नीव हो जसमा हामी आफ्नो विश्वास टिकाउन (अड्याउन सक्छौं)। यसको कुनै मतलव छैन कि विशप के के भन्दछ; कुनै व्यक्ति के गर्दछ; या कसैले के सोच्दछ; कुनै असल व्यक्ति के भन्दछ; या कसैले (कुनैले) के भन्दछ, यदि ऊ परमेश्वरको वचनको अनुसार छैन, भने उ गलत छ। हेर्नुस् यस्तो हुनुपर्दछ, कि परमेश्वरको बचन अन्तिम शब्द हो। परमेश्वरकै वचननै अन्तिम तथास्तु (आमीन) हुनुपर्छ।

२६. र फेरि यो छ कि यदि परमेश्वरको वचन कुनै नामधारी मण्डलीको विषयमा बताउँदैन, बरू नामधारी मण्डलीको विरोधमा नै कुरा गर्दछ, त्यसो भए हामीलाई चाहियो, कि

२७. अब सम्फना रहोस् कि जुन नामधारी मण्डलीमा जो मानिसहरू छन्, म तिनीहरूमध्ये कसैको पनि मसीह नभएको भर्त्सना गरिरहेको छुइन; (तपाई यो बुझ्नु हुन्छ) ती सबै नामधारी मण्डलीहरूमा दशौं हजार बहुमुल्य प्राण छन्, जो कि परमेश्वरका सन्तानहरू हुन्। तर उनीहरूलाई त अलग गर्नुछ र उनीहरूलाई त पृथकरण गर्नु छ; म यसको विरूद्धमा छु। र परमेश्वरको वचन पनि यसको विरूद्ध छ।

२८. अब हेर्नुस; पृथ्वीमा कुनै यस्तो वाद या मत छैन- पृथ्वीमा कहिल्यै कुनै यस्तो मत भएन जसले भविष्यमा हुनेवाला कुराहरूलाई यही नै बताइ दिएको होस्, बरू परमेश्वरको वचनको द्वारा नै भविष्यमा हुनेवाला कुराहरूको विषयमा बताई सकिएको छ। म विश्वास गर्दछु कि, परमेश्वरको वचन हामीलाई ती सबै प्रदान गर्दछन् जसको हामीलाई आवश्यकता हुन्छ, त्यो सबै चिज ठीक बचनमा पाइन्छ .....हाम्रो उत्पति

देखि लिएर अन्तसम्मको विषयमा ठीक परमेश्वरको बचनमा पाइन्छ फेरी म यो विश्वास गर्दछु, हो भने कि यदि यो परमेश्वरको विश्वास हो भने हामीलाई चाहियो.......यसले हाम्रो भविष्यको कुराहरूको वारेमा बताउँदछ। र परमेश्वरको बचन एउटा चेतावनी हो ।

२९- हेर्नुहोस, तपाई परमेश्वरको बचन त्यसरी पढ्नु हुन्न जसरी तपाई समाचारपत्र पढ्नु हुन्छ। हेर्नुस्, तपाई परमेश्वरको बचन पवित्र आत्माको द्वारा पढ्नु हुन्छ, किन भने स्वयम पवित्र आत्मा मसीहमा भएर बोली रहेको थिए। किन भने मसीह परमेश्वरलाई धन्यवाद गरिरहेका थिए, कि उसले यी कुराहरूको ज्ञानीहरू र समझदारहरूका आखाबाट लुकाई छिपाई राखे र ती बालकहरूमा प्रकट गर्ने छन् सो यसलाई सिक्न चाहने छ अत: तपाई हेर्नुस् कि शिक्षित भयको : अधिपत्य जमाउनलाई कहिले कुनै तरिकानै रहेको छैन, सही हुनको लागि केवल एउटै तरीका छ कि, तपाईलाई परमेश्वरको आत्माको द्वारा मार्ग दर्शन होओस्, र तपाईसँग जे अनुभव छ त्यसको यो बचनसँग मेल खानुपर्छ। हेर्नुस्, त्यसपछि तपाईलाई यो प्राप्त हुन्छ। बुझ्नुभयो ?

३०. अब जस्तो कि हामी केही मिनेटमा यहाँ तिर हेर्ने छौं, कि हामी ती मानिसहरूसंग व्यवहार गरिरहेका छौं जो छन् .....त्यसमध्ये केही पक्का आरमेनियम मतवाला (विचारका) छन् र केही विभिन्न मतका छन्। अब सधैं नै यस्तै हुन्छ कि यसको कुनै मतलब छैन, कि तपाईं यसलाई कति पातलो ताछ्नुहुन्छ, यसको त दुई पत्र भएको हुन्छ। यो पूर्णत सत्य हो र यी दुई पहलुको तार्किक कुराहरू हुन्छ। तर यसको मुख्य कुरा यो हो कि यसको सत्य कहाँनिर छ ? यही त त्यो जहाँ हामी आउँदैछौं, जहाँ हामी सोच्दछौं कि परमेश्वरको अनुग्रहबाट हामी तपाईंलाई यसको सत्य देखाउन सक्छौं। अब आउनुस् हामी केवल लिउँ...र यहींनेर मैले मण्डलीको यी केही शिक्षाहरूमध्येबाट लेखेको छु।

३१. आउनुस् हामी केही मिनेटको लागि आफ्ना आफ्ना बाइबल उघारौं, आउनुस्, अब तपाईंहरू सबै आफ्ना आफ्ना बाइबलहरूवाट

प्रकाशित वाक्यको पहिलो अध्याय निकाल्नुस्, बस् प्रकाशित वाक्यको १७ औं अध्याय सुरूदेखि नै निकाल्नुस् र आउनुस् हामी केवल वचनलाई पढ्न आरम्भ गरौं र अब यो जानौं कि यी तथाकथित मण्डलीहरू कहाँबाट आरम्भ भए र कसले यिनलाई आरम्भ गरे। अब हेर्नुस्, बाइबल प्रत्येक कुराको चेतावनी दिन्छ। यसले ती दिनहरूको विषयमा चेतावनी दिन्छ, जसमा हामी रही (बसी) रहेका छौं। र, अब के तपाईंले प्रकाशित वाक्यको १७ औं अध्याय निकाल्नुभएको छ, के तपाईं यसलाई निकाल्नुहुन्छ ? मैले १३ औं अध्याय निकाल्न भनेको थिएँ, तर मेरो यो अभिप्राय थिएन...

हामी त्यसलाई केही छिनपछि हेर्नेछौं, त्यो संयुक्त राज्य अमेरिकाको विषयमा भविष्य वाणीको रूपमा लेखिएको छ। तर अब तपाईं ध्यानपूर्वक सुन्नुस्।

**र, जुन सात स्वर्गदूतहरूसँग ती सात कटौराहरू (बटुका) थिए, त्यसमध्ये एउटाले आएर मसँग भन्यो कि यता आउ, म तँलाई ती ठूला बेश्याको दण्ड देखाउँ, जो धेरै पानीहरूमा बसेकी छ।**

३२. अब सम्झना रहोस् कि यो कुरो भेदपूर्ण हुन्छ। अब हेर्नुस् कि यो एउटी वदनाम स्त्री हो : र अब यदि हामी यसको विषयमा शिक्षा दिन गइरहेका छौं भने तपाईंको लागि यो आवश्यक छ कि सर्वप्रथम तपाईं यो जान्नुस् कि यी प्रतिकहरूको के अर्थ हुन्छ। अब हेर्नुस्, बाइबलमा "स्त्री" मण्डलीलाई प्रदर्शित गर्दछे। कति मानिसलाई यो कुरा थाहा छ ? हामी एउटा दुलही हौं, मण्डली एउटा दुलाहा (बेहुली) हो।

३३. वचनमा यो भनिएको छ, "यहाँ आइज, म तँलाई दण्ड देखाउनेछु।" अब यहाँ यसले दिएको छ कि एउटा दण्ड दिइएको विषयमा भनिएको छ जुन त्यो ठूली बेश्यालाई, त्यस अशुद्ध स्त्रीलाई दिनुपर्ने छ, जो धेरै पानीहरूमा बसेकी छ। अब हेर्नुस्, "स्त्री" "मण्डली" लाई र "पानी" मानिसहरूलाई प्रदर्शित गर्दछ। अब तपाईं ठीक यसै अध्यायको १५ औं अध्यायमा ध्यान दिनुभयो भने तपाईंलाई यो थाहा हुनेछ कि पानी

"मानिसहरूलाई प्रदर्शित गर्दछ, जब तपाईं यहाँ अध्यायमा हुनुहुन्छ, तपाईं यसको १५ औं पद हेर्नुस् ।

**फेरि उसले मसँग भन्यो, कि जुन पानी तैंले देखिस्, जसमा बेस्या छ, ती मानिस र भीड (घुइँचो) र जातीहरू र भाषाहरू छन् ।**

३४. अब तपाईं यी ठूली मण्डलीलाई, यस ठूली आइमाईलाई हेर्नुस्, अब सम्झना रहोस् कि यो एउटी वदनाम स्त्री हो र यदि स्त्री मण्डलीलाई प्रदर्शित गर्दछिन् (र मसीहको मण्डली दुलही हुन्, पवित्र दुलही हुन्) भने यहाँ एउटी अपवित्र स्त्री छ। यो एउटी अपवित्र स्त्री हो, जो कि दुलही भएको स्वांग गरिरहेकी छ। बुझ्नुभयो ? अब हेर्नुस् कि यो आइमाई के गर्दछे ? "उ माथि बस्दछे," "या माथि रहन्छे" जसको अर्थ हो कि उ धेरै पानीहरूमा आफ्नो आधिपत्य जमाएकी छ (जमाइरहेकी छ)" अर्को शब्दमा उसलाई सबै राष्ट्रहरू र मानिसहरूद्वारा ताकत (बल) मिलेको छ। यो आइमाई एउटी महान व्यक्ति हो। अब हेर्नुस् :

**जोसँग पृथ्वीका राजाहरूले बेविचार गरे...**

३५. "पृथ्वीका राजाहरूले उसँग व्यभिचार गरेका छन्," पृथ्वीका धनी पुरूषहरूले पृथ्वीका महान पुरूषहरूले उसँग व्यभिचार गरेका छन्। कसरी तपाईं गर्नुहुन्छ... कसरी एउटा राजाले मण्डलीसँग व्यविचार गर्नेछ ? यो आत्मिक व्यभिचार हो, यहाँनिर आत्मिक व्यभिचारको विषयमा भनिन गइरहेको छ। व्यभिचार के हो ? यो त्यस्तै हो जस्तो कि एउटी आइमाई आफ्नो प्रति इमान्दार छैन, उ कुनै अर्को परपुरूषसँग बसेकी छ जबकि उसको आफ्नो पति छ र यो मण्डली: फेरि पनि मसीहको दुलही भएको स्वाँग गरिरहेकी छ, जबकि उ पृथ्वीका राजाहरूसँग आफ्नो अशुद्ध जीवनद्वारा, आफ्नो अपवित्रको द्वारा व्यभिचार गरिरहेकी छ। ओहो वचन गुढ र धनी छ, मलाई बस (खाली) वचनप्रिय लाग्दछ। अब ध्यान दिनुस् :

**जोसँग पृथ्वीका राजाहरूले व्यभिचार गरे र पृथ्वीमा बस्नेहरू उसको व्यभिचारको मदिराबाट मतवाला भएका थिए ।**

३७.	उसको “मदिरा” हो ! यो त्यो हो जुन ऊ दिइरहेकी छ, ऊ आफ्नो स्फूर्ति आफ्नो प्रेरणा दिइरहेकी छ, कि “हामी मण्डली हौं । हामी नै एउटा त्यो हौं जोसँग यो छ ।” बुझ्नुभयो ? अब तपाईं केही यसलाई आफ्नो मस्तिष्कमा चित्रित गर्नुस् । ठीक छ । अतः त्यो लग्यो...

३७.	जसरी कि स्वर्गदूतले युहन्नालाई भनेका थिए कि “म तँलाई यस न्यायलाई-यस दण्डलाई देखाउँला जुन यस ठूलो मण्डलीमा आइरहेको छ ।” अब हेर्नुस् :

> **तब उसले मलाई आत्मामा जंगल जंगल लिएर गयो र मैले किरमिजी रगका पशुमा... एउटी स्त्रीलाई देखे ।**

३८.	वाइविलमा “किरमिजी” “राजसी” या “शाही” वैभवलाई प्रदर्शित गर्दछ । किरमिजी रंगको अर्थ “रातो” हुन्छ र बाइबलमा “पशु” “ताकत” लाई प्रदर्शित गर्दछ । के तपाईंले ध्यान दिनुभएको थियो, के एउटा पशु समुद्रबाट निस्किएर बाहिर आउँछ, त्यो प्रकाशित वाक्यको १३ औं अध्यायमा थियो र जब तपाईं पशुलाई समुद्रबाट बाहिर आउँदै देख्नुहुन्छ भने यसको अभिप्राय हो कि यो तागत मानिसहरूको बिच (माझ) मा उदय भइरहेको थियो । तर प्रकाशित वाक्यको १३ औं अध्यायमा, जब यो नेम्ना बाहिर निस्किएर आउँछ भने यो मानिसहरूबाट होइन बरू हामीबाट बाहिर निस्किएर आउँछ, जुन कि संयुक्त राज्य अमेरिका हो तर त्यसबेला उससँग साना साना दुईटा सिङ थिए जुन कि उसको राजकीय र पादरीवर्गको या धार्मिक समाजको ताकतहरू हुन् र फेरि उसले सामर्थ प्राप्त गर्दछ र त्यस अजिंगरको जस्तो बोल्दछ जो उसको पछाडि थियो । त्यसकारण तपाईं बस यसलाई रेखांकित गरी लिनुस्, हामी ठिक यिनै कार्यकलापहरू सहित धार्मिक सन्तापको तर्फ अग्रसर भइरहेका छौं जसलाई पागान रोममा कैयौं वर्ष पहिले गरिएको थियो । **किनकि यो यहोवाको वाणी हो ।**

अब हेर्नुस् यो के हो, “पशुमाथि बसिरहनु एउटा सामर्थ हो ।

३९.	के तपाईंले रिविकाको घरमा ध्यान दिनुभएको थियो, जब एलीएजेरले रिविकालाई पायो तब यो साँझको बेला थियो र रिवकाले उसका उँटहरूलाई पानी पिलाएको थिई । किनकि एलीएजरले भनेको थियो "कि जुन कुवाँरी या युवती पानी भर्नको लागि निस्किएर आएर र मलाई पानी पिलाउने छिन् भने तिनै ती स्त्री हुनेछिन् जसलाई प्रभु तपाईंले आफ्नो दास इसहाकको दुलही बन्नको लागि छान्नुभएको छ ।" र, जबकि ऊ अहिले प्रार्थनामा नै थियो रिवका आउँछिन् र पानी तान्दछिन् र उसलाई पिउनको लागि पानी दिन्छिन् र उसका उँटहरूलाई पानी पिलाउँछिन् । ध्यान दिनुस् कि उँट एउटा पशु थियो र जुन पशुलाई ऊ पानी पिलाइरहेकी थिई, ठीक त्यही पशु उसलाई उसको दुलाहा, इसहाक भएको ठाउँमा बोकेर लिएर गएको थियो ।

४० र आज यो पवित्र आत्माको सामर्थ हो, आज मण्डली जुन पवित्र आत्मालाई पानी पिलाइरहेकी छिन् र जसको उपासना गरिरहेकी छिन्, यही एउटा त्यो वस्तु हो, जुन दुलाहासँग भेट गर्न हेतु यसलाई यस पृथ्वीबाट बोकेर लैजाने छिन् । निश्चय नै इसहाक साँझको बेला बाहिर मैदानमा थियो । प्रभु सँग हाम्रो भेट महिमामा हुनेछैन । इफिसियाहरूको पाँच अध्याय भन्दछ कि "हामी उससँग हावामा भेट्नेछौं ।" ओहो यो मैथाडिष्टहरूलाई...

चिच्याउनको लागि तयार गर्दछ । तपाईं अलिकता यसको विषयमा सोच्नुस् ! बुझ्नुभयो ? स्वामी...	इसहाक आफ्नो पिताको घरबाट बाहिर निस्किएर आएको थियो, र जब उसले रिवकालाई उँटमा आउँदै गरेको देख्यो, तब उ बाहिर मैदानमा थियो र रिवकाले उसलाई पहिलो नै नजरमा प्रेम गरिन् र उनी उँट माथिबाट तल हाम फालिन् र उसलाई भेट्नको लागि दौडिन् (कुदिन) । यो सत्य हो । यही हो त्यो जहाँ हाम्रो प्रभुसँग मिलाप (भेट) हुन्छ र जुन उँटलाई उनले पानी पिलाएकी थिइन् त्यही उँटले उनलाई बोकेर उनको पति भएको ठाउँमा ल्याएको थियो र मण्डली जुन समर्थको उपासना गरिरहेकी छ (छिन्), जसलाई संसार धर्मोन्नमत्ता

भनिरहेको छ, जुन सामर्थलाई मण्डली उपासना गरिरहेकी छ (छिन्), त्यही सामर्थ मण्डलीलाई माथि हावामा उठाएर लैजानेछिन्, ताकि ऊ आफ्नो प्रभुसँग हावामामा भेटोस्। हेर्नुस्, यो सामर्थ पवित्र आत्मा हो। यस्तै नै हो...र हेर्नुस्, रिवका कुँवारी थिई।

४१. र यो आइमाई जसको विषयमा हामी कुरा गरिरहेका छौं, एउटी बेश्या हो। अब: के तपाईंले बुझ्नुभयो कि यो सामर्थ के हो ? सामर्थ, त्यस पशुको के अर्थ छ (हो)...त्यो आइमाई किरमिजी (रातो) रंगको पशुमा बसेकी थिई। अब हेर्नुस् कि यो कस्तो प्रकारको पशु होला ? किरमिजी पशुको अभिप्राय छ कि यो "एउटा सारै ठूलो ताकत (बल) होला। अब यो कुन प्रकारको मण्डली होलिन् ? यो एउटा धनी मण्डली हो र यो एउटा विशाल मण्डली हो र एउटा शक्तिशाली मण्डली हो र यसको प्रभाव सारै ठूलो भिड (हुल) र मानिसहरूमाथि फैलिन्छ र पृथ्वीका राजाहरूले, पृथ्वीका ठूला ठूला पुरूषहरूले यस स्त्रीसँग आत्मिक व्यभिचार गरेका छन्। अब हामी बस एक मिनेटमा यो जान्न गइरहेका छौं कि योको हुन् र हामी एक मिनेटमा यी नामधारी मण्डलीहरूको विषयमा थाहा पाउने छौं।

**यो स्त्री वैजनी (राजसी) र किरमिजी, (राता) लुगाहरू लगाएकी थिई र सुन र वहुमूल्य मणिहरू र मोतीहरूले सजाएकी थिई र उससँग एउटा कचौरा (बटुको) थियो जुन घृणित वस्तुहरूले र उसका व्यभिचारका अशुद्ध वस्तुहरूले भरिएको थियो।**

४२. उसको हाथमा के थियो ? उनको शिक्षा, जुन उनी मानिसहरूलाई दिइरहेकी थिइन् कि "हामी मण्डली हौं। हामी यो हौं।" र उनले पृथ्वीका राजाहरूलाई आफ्नो शिक्षाले मतवाला बनाई दिएकी थिइ जसले यो भन्दछे, "हामी यही हौं ! हामी महान शक्ति हौं ! (हामी प्रत्येक राष्ट्रहरूमा छाइएका (पुगेका) छौं। हामी महानतम् मण्डली हौं। आऊ, हाम्रोबाट

पिउ.... यसबाट अलिकति आफ्नोमा खन्याउ, तिमी यसबाट अलिकता पिइद्यौ ।" हेर्नुस् यस्तो छ कि "उसको हातमा एउटा कचौरा थियो ।"

> **"यो आइमाई वैजनी र किरमिजी (रातो) लुगा लगाएकी थिई र सुन र बहुमूल्य मणि र मोतीहरूले सज्जिएकी थिई र उसको हातमा एउटा सुनको कचौरा थियो जुन घृणित वस्तुहरूले र उसको अशुद्ध चीजहरूले भरिएको थियो ।**

४३. अब मित्रहरू, हामी कुनै दैनिक समाचार पत्र पढिरहेका छैनौं, हामी त परमेश्वरका अनन्त आशीषित वचन पढिरहेका छौं । समस्त आकाश र पृथ्वी हराउन सक्छ, तर त्यो वचन विद्यमान (कायम) रहनेछ। यो सत्य हो ।

> **र उसको निधारमा यो नाम लेखेको थियो, "भेद ठूलो वावुल पृथ्वीका बेश्याहरू र घृणित वस्तुहरूकी आमा ।"**

४४. अब हेर्नुस्, केही समय पहिले यहाँनिर, म विचार गर्दछु कि यहाँ मण्डलीमा, तर मैले "पर्खालमा हस्तलेख" भन्ने विषयमा सन्देश प्रचार गरेको थिएँ र मैले वावुलको ऐतिहा!सिक स्थितिको विषयमा भनेको थिएँ। अब हेर्नुस्, जुनसुकै ती मत कुनै बेला देखापरे, जुनसुकै धर्म र जुनसुकै मत जुन आज जगतमा पाइन्छ, त्यसको आरम्भ उत्पत्तिमा पाइएको छ। अब, यदि तपाईंलाई हिस्लोपको Two Babylons नामको पुस्तक मिल्छ ( भेट्टाउनुहुन्छ), यदि तपाईं वावुलको विषयमा इतिहासमा हेर्न चाहनुहुन्छ या यस मध्ये केही उत्तम पुस्तकहरूमा वावुलको विषयमा हेर्न चाहनुहुन्छ भने तपाईंलाई यसमा प्रत्येक ती मत पनि पाउन हुनेछ जुन तपाईं हेर्न चाहनुहुन्छ। अब तपाईंलाई म एक छिनको लागि फिर्ता उत्पत्तिको पुस्तकमा स्त्री प्रचारकहरू भएठाउँमा लानेछु र यो यो देखाउने छु कि कहाँ स्त्रीले सबैभन्दा पहिले प्रचार गर्न सुरू गरेकी थिई र यी विभिन्न कुराहरूको

सम्बन्धमा पनि तपाईंलाई उत्पत्तिको पुस्तकमा लैजानेछु र देखाउने छु कि कस्तो प्रकारले यो उत्पत्तिको पुस्तकमा आरम्भ भयो । उत्पत्तिको अर्थ हुन्छ, "आरम्भ ।" मानिसलाई यो थाहा छ कि यो साँचो हो ? उत्पत्ति आरम्भ हो । अतः प्रत्येक ती कुरा विद्यमान छ, त्यसको एउटा आरम्भ हो ।

४५. जब म कुनै वृक्ष (रूख) मा हेर्ने गर्छु.......... म जंगलहरूमा दुई, तीन महिना... भण्डै भण्डै दुई महिना बसेको छु । म एउटा रूख हेर्दछु कि त्यो कति राम्रो छ । जब म त्यसमा नजर लगाउँछु, त्यो ढल्दछ र त्यसको ठाउँमा कुनै अर्को वृक्ष आउँदछ, त्यसमा एक प्रकारको चिरस्थायी जीवन हुन्छ र म उसको विषयमा सोच्दछु । तर कहीं न कहीं त्यस वृक्षको आरम्भ हुन्छ । उसको एउटा आरम्भ हुने गर्छ र कुनै वृक्षको नामाकरण गर्नुको पछाडि, कि यो वलुत को, या बिच (एक प्रकारको जंगली वृक्ष) को चिनारको, या ताड (तार) को वृक्ष हो, या जुनसुकैको रूख हो, एक उच्चोतम बौद्धिकता थियो । अथवा यदि एउटै नै रूख हुँदो हो, यदि केवल वलूतको नै रूख हुँदोहो, त पृथ्वीमा जति पनि रूखहरू हुन्थे, ती सबै वलूतका नै हुने थिए तर कुनै महानले, कुनै उच्चोतम वौद्धिकताले यिनीहरूलाई सुव्यवस्थित गरेका छन्, उनको पवित्र आत्मा धन्य होस् । उनी नै एउटा यस्ता छन्, जसले चन्द्रमा र ताराहरूलाई सौरमण्डलमा सुव्यवस्थित गर्दछन् । उनी प्रत्येक वस्तुलाई सुव्यवस्थित गर्दछन् र उनैले आफ्नी मण्डलीलाई सुव्यवस्थित गर्नेछन्, उनी यसलाई ठिक त्यस दिशामा घुमाउनेछन् जुन दिशामा उनी यसलाई घुमाउन चाहन्छन् उसले यसलाई पूर्व, पश्चिम उत्तर या दक्षिण या यो जुनसुकै दिशा होस् त्यस दिशामा घुमाइदिनेछ जब हामी यी नामधारी मण्डलीहरूको विचारलाई आफ्नो मस्तिष्कबाट बाहिर निकाली दिन्छौं र स्वयंलाई पूरा किसिमले कलवरीमा समर्पित गरी दिन्छौं । यदि हामी केवल रूखंहरू तथा उसको अरू रचनाहरूको जस्तै नम्र बन्यौं भने उसले यसलाई पनि सुव्यवस्थित गरी दिनेछ । चन्द्रमाले यस्तो भनेको तपाईंले सुन्नुभएको छैन कि, "आज राति म

चम्कने हुइन, तिमीहरूमध्ये केही ताराहरू मेरो ठाउँमा चम्क।" तपाईं हेर्नुस् कि उसले यसो गर्नेछैन तर हामी यसो गर्छौं, हामी भिन्दै प्रकारका छौं।

४६. अब तपाईं वावुलमाथि दृष्टि लगाउनुस्, अब हेर्नुस् कि वावुल कसरी दृष्टिगोचर भएको थियो। यो वाइवलको आरम्भमा दृष्टिगोचर हुन्छ। यो वाइवलको मध्यमा दृष्टिगोचर हुन्छ। यो वाइवलको अन्तमा दृष्टिगोचर हुन्छ। अब हेर्नुस् कि यसको विषयमा कुनै कुरा छ। अब हेर्नुस् कि यसको उदय निम्रोदसँग भयो। निम्रोदले शिनार घाटीमा दाजला र फराद नदीको ठीक मध्य (बीचमा) यसलाई बसाएको थियो र फराद नदी यहीं हुँदै बग्दथिइन् र कस्तो प्रकारले प्रत्येक ती सडक जो देशमा थिए ती सबै वावुल हुँदै गएका थिए र उसका ढोकाहरूमा प्रत्येक ढोका दुई दुई सय चौडा थिए र ती ढोकाहरू पित्तलका बनेका थिए र जब तपाईं वावुल शहरको भित्र पुग्नुहुन्थ्यो भने प्रत्येक सडक सिंहासनसम्म पुग्दथियो।

४७. अब, तपाईं आज रोम जान सक्नुहुन्छ र त्यहाँका हरेक सडकले तपाईंलाई रोम पुऱ्याउनेछन् र त्यहाँ प्रत्येक घुम्तीमा, सडकको घुम्ती (मोड) मा एउटी सानी कन्यकेटी (कुमारी) मरियमको मूर्ति हातमा एउटा शिशु मसीह (मूर्ती) लिएर बसिराखेकी पाइन्छिन्, जुन कि मार्ग (बाटो) लाई रोमतिर संकेत गरिरहेकी हुन्छिन्। बुझ्नुभयो ? यो बाइबलको आरम्भमा बाइबलको मध्यमा र बाइबलको अन्तमा दृष्टिगोचर हुन्छ। अब हेर्नुस्, केही मिनेटको लागि म यस अध्यायको केही अरू पदहरूलाई पढ्न चाहन्छु, ताकि तपाईंलाई यसको पृष्ठभूमिको बारेमा जानकारी होस्। बुझ्नुभयो ? ठीक छ !

**र मैले त्यस स्त्रीलाई ...** (अब तपाईं मण्डलीलाई हेर्नुस्, बाइबलमा जब तपाईं स्त्रीलाई देख्नुहुन्छ, त्यसपछि तपाईं बस "मण्डलीको विषयमा सोच्नुस्) **...र मैले त्यस स्त्रीलाई पवित्र मानिसहरूको रगत...**

४८.	अब हेर्नुस् कि “सन्त अर्थात् पवित्र मानिस” शब्द कहाँबाट आएको हो ? सन्त शब्द” पवित्र गरिएका मानिसहरू” बाट आएको हो  पवित्र गरिएका ! ठीक छ !

...मैले **त्यस स्त्रीलाई पवित्र मानिसहरूको रगत र येशूका साक्षीहरू (गवाहाहरू) को रगत पिउनाले मात्तिएको (मतवाला) देखें ...**

४९.	अब हेर्नुस्, यदि यो स्त्री मण्डली हो भने यसले पवित्र मानिसहरूलाई दु:ख दिइरहेकी छ र यो एउटा विशालतम मण्डली हो, यसको सम्पूर्ण पृथ्वीमा अधिकार छ। ऊ धेरै पानीहरूमा विराजमान छ र उससँग...पृथ्वीका राजा उससँग व्यभिचार गर्दछन्। ठीक छ, त्यो हो को ? एक प्रकारको भेद। अब आत्मा अगाडि बढिरहेको छ...तपाईंलाई थाहा छ कि मण्डलीमा नौ आत्मिक वरदानहरू भएको अपेक्षा गरिन्छ, त्यसमध्ये एउटा वरदान वुद्धि र एउटा समझको लागि र त्यसमध्ये एउटा चंगाईको लागि तथा इत्यादिको लागि।

**...र येशूको साक्षीहरूको रगत पिउनाले मतवाला देखियो**

५०.	अब लाग्दछ कि रोमन कैथोलिक यस कुराको ज्यादा वास्ता गर्दैनन्, कि येशूले के भनेका थिए: उनीहरूको लागि त त्यो मान्य हुन्छ जुन मण्डलीले भनेको छ। यो साँच्चो हो र यो कुरो सत्य पनि हो।

**...र उसलाई देखेर म चकित भएँ ।**

५१.	“म उसलाई देखेरसाह्रै नै हैरान भएर चकित भएँ। यो उसको विषयमा एउटा ठूलो नै कुरा थियो, कि म चकित भए कि कसरी ऊ...” हेर्नुस्, अब म अलिकता यहुन्नाको ठाउँ लिन्छु र यस कुराको अलिकता अर्थ खोल्न प्रयत्न गर्दछु। यहुन्नाले भनेको थियो, “उनी त्यहाँ बसेकी छिन्। उनी एउटी मण्डली भएको स्वाँग गरिरहेकी छिन्। उनीसँग संसारको

समस्त सम्पत्ति आफ्नो अधिन (कब्जा) मा शक्ति छ। उनको कदममा पृथ्वीका राजा छन्। उनी धनी र उत्ताउली स्त्री हो र ऊ येशूको साक्षीहरूको रगत पिउनाले कस्ती मतवाली हुन सक्दछे ? उ कसरी मसीहाका ती साक्षीहरूलाई मार्न सक्दछे र फेरि पनि स्वयंलाई मसीह भएको, मसीही मण्डली भएको दावा गर्न सक्दछे ?" अब हेर्नुस् :

> **...र त्यस स्वर्गदूतले मसँग भन्यो : तिमी किन चकित भयौ ? म यस स्त्री र त्यस पशुलाई जसमा उ चढेकी छः र जसको सात शिर र दश सिङ छन्, तँलाई भेद (रहस्य) भन्दछु ।**

५२. अब हामी यसलाई बस् सामान्य तरिकाले पढिरहेका छौं। अब खाली ध्यानपूर्वक सुन्नुस् र यो तपाईंको लागि ज्यादै सरल हुने छ।

> **जुन पशु तैंले देखेको छस्, यो पहिले त थियो तर अब छैन र यो अथाहा कुण्डबाट निस्किएर विनाशमा पर्नेछ र पृथ्वीमा बस्नेहरू जसको नाम जगतको उत्पत्तिको बेलादेखि जीवनको पुस्तकमा लेखिन गएनन्, यस पशुको यो दशा देखेर कि पहिले थियो र अब छैन र फेरि आउनेछ अचम्म पार्नेछ ।**

५३. अब, यहाँ यो आघातपूर्ण कुरो छ। अब ध्यान दिनुस् कि उसले भनेको थियो कि त्यसपछि न केवल थोरैमात्र मानिस, बरू सबै मानिस ती सबै मानिस जो पृथ्वीमा बास गरिरहेका छन् अचम्म पर्नेछन्, त्यसमा सबै मानिस अचम्म पर्नेछन्। सम्पूर्ण जगत यस स्त्रीको विषयमा आश्चर्य गर्नेछ। खाली एउटै झुण्ड (समूह) हुनेछ जो यस स्त्रीका विषयमा आश्चर्य गर्नेछैन र यो त्यो समूह (झुण्ड) हो जसका मानिसहरूको नाम नेम्नेको जीवनको पुस्तकमा लेख्नुभएको छ।

५४. अब हुनसक्दछ, म ठीक यहाँनिर यसको निष्कर्ष निकालुँ किन कि हामी यसको केही मिनेटमा अध्ययन गर्नेवाला छौं बुझ्नुभयो ? उनीहरूको

नाम मेम्नेको जीवनको पुस्तकमा कहिले लेखिएको थियो ? कहिलेदेखि उनीहरूको नाम मेमनेको जीवनको पुस्तकमा लेखिएका छन् ? के उनीहरूको नाम जीवनको पुस्तकमा त्यतिबेलादेखि लेखिएका छन् जब उनीहरू वेदारीमा सम्मिलित भएका थिए ? के उनीहरूको नाम जीवनको पुस्तकमा त्यतिबेलादेखि लेखिएका छन् जब उनीहरू त्यस राति तथाकथित मण्डलीमा सम्मिलित भएका थिए ? म तपाईंलाई आघात पुऱ्याउने चेष्टा गरिरहेको छुइन, तर म तपाईंलाई बताइरहेको छु कि बाइबल भन्दछ कि उत्पत्तिभन्दा पहिले लेखिएका छन्। बिलकुल ठीक यस्तै छ। जब परमेश्वरले आरम्भमा देख्नुभयो कि ऊ आफ्नो छोरालाई पाउनेछ र उसले पापीहरूको ठाउँ लिनेछ र परमेश्वरको पुत्रको रगत बगाइनेछ त्यसो भए बाइबल भन्दछ कि उनको रगत त जगतको उत्पत्तिभन्दा पहिले नै बगेको थियो कति मानिसलाई यो थाहा छ कि बाइबल भन्दछ कि मसीहको रगत त जगतको उत्पत्तिभन्दा पहिले नै बगेको थियो ? जब त्यो रगत बगेको थियो : त्यसपछि उनको शरीरको प्रत्येक सदस्यको नाम त्यस रगतद्वारा मेम्नेको जीवनको पुस्तकमा जगतको उत्पत्तिकै बेला नै लेखिदिएको थियो, तपाईं किन यति भयभित हुनुहुन्छ ? ओहो, भाइहरू, ऊ ढोकाहरूलाई उघार्दछ, के यस्तो होइन ?

५५. ठीक छ, अब आउनुस्, ठीक यहींनिर हामी यसलाई पढ्दछौं र हेर्दछौं कि के यो सत्य हो। हेर्नुस्, यहाँ लेखिएको छ कि त्यस स्वर्गदूतले मसँग भन्यो...... ।

मलाई यकिन छ कि यो प्रकाशित वाक्यको १७ औं अध्यायको आठौं पद हो "र जुन पशु तैंले देखेको छस्..." ठीक छ (हो), यो आठौं पद नै हो।

**जुन पशु तैंले देखेको छस्, यो पहिले त थियो तर अहिले छैन र अथाहा कुण्डबाट निस्किएर...** (अब हामी फर्किएर त्यसैमा आइरहेका छौं, तर म चाहन्छु कि तपाईं यी अरू कुराहरूलाई पनि बुझ्नुस्: किनकि हामी

यसलाई अध्ययन गरिरहेका छौं... **विनाशमा पर्नेछ र पृथ्वीमा बस्नेहरू जसको नाम जगतको उत्पत्तिको बेलादेखि जीवनको पुस्तकमा लेखिएन, यस पशुको यो दशा देखेर, कि पहिले थियो र अब छैन र फेरि आउने छ र अचम्म पार्नेछ ।**

५७. अर्को शब्दहरूमा यो छ कि "पृथ्वीमा यस्ता मानिसहरूको समूह (झुण्ड) हुनेछ

"किनकि उसले उनीहरूलाई...।" र एउटा यस्तो समूह (झुण्ड) हुनेछ जुन मा आउनेछैन र यो झुण्ड ती मानिसहरूको हो जसको नाम जगतको उत्पत्तिभन्दा पहिले नै जीवनको पुस्तकमा लेखिएका छन्। हामी यस कुरालाई केही छिनपछि अध्ययन गर्नेछौं ।

५७. अब ध्यान दिनुस् कि स्त्री मण्डलीलाई दर्शाउँछिन्, उ वावुलको भेद थिई । हामी हेर्दछौं कि ऊ निम्रोदको द्वारा दृष्टिगोचर हुन्छे । निम्रोदको उद्देश्य के थियो ? निम्रोदले एउटा नगरको स्थानमा गऱ्यो र उसले अरू सबै राज्यहरूलाई यस नगरलाई आफ्नो आफ्नो भेटी चढाउनको लागि विवश गरेको थियो । के हामी आज यस्तो कुरो देख्न सक्छौं ? के हामी आज एउटा यस्तो ठाउँ देख्न सक्छौं ? के कुनै एउटी यस्ती मण्डली छे जसको जगतमा प्रत्येक राष्ट्रमाथि आफ्नो आधिपत्य छ ? निश्चय नै यस्ती मण्डली छे। के आज कुनै एउटा यस्तो ठाउँ छ जसले प्रत्येक राष्ट्रलाई विवश गर्दछ कि उनीहरू आफ्नो आफ्नो भेटी दिऊन् ? आउनुस् हामी अगाडि बढ्दछौं र यसको शेष पंक्तिहरूलाई पढ्दछौं । हामी यसलाई केवल अलिकता मात्रै पढ्नेछौं: ताकि यसलाई यसको सम्पूर्ण तस्वीर मिलोस् । ठीक छ ।

> **...यस पशुको यो दशा देखेर कि पहिले थियो र अब छैन र फेरि आउनेछ । त्यस बुद्धिको लागि जसमा ज्ञान छ...**

५८. अब, कति यो जान्दछन् कि ज्ञान आत्माको वरदानहरू मध्येबाट एउटा वरदान हो ? अत: अब ऊ कस्ता किसिमका मानिसहरूको समूहबाट कुरा गरिरहेको छ ? **ऊ अवश्य नै ती मानिसहरूको समूह (हूल) बाट कुरा गरिरहेको छ, जसको मण्डलीमा आत्माको वरदान क्रियान्वित भइरहेका छन् ।**

**...त्यस बुद्धिको लागि जसमा ज्ञान छ...**

५९. अब, तपाईं थाम्नुस् (पर्खनुस्), यो जान्नुस् गर्नुस् कि यिनै सबै मण्डलीयी कालहरूद्वारा यो प्रकट भइरहेको छ कि पवित्र आत्मा यो भनिरहेको छ कि अन्त (अन्तिम) दिनमा आत्माको वरदान कस्तो प्रकार क्रियान्वित भइरहेका हुनेछन् । अब हामीसँग चंगाईको वरदान छ । ओहो, यो एउटा साह्रै राम्रो कुरो हो । ठीक छ, भाइ र अर्को वरदान पनि छ । चंगाईको वरदान त ती वरदानहरू मध्येबाट केवल एउटा वरदान हो । यो त ती वरदानहरूमा मात्र एउटा सानोमात्र वरदान हो । यहाँनिर त यसभन्दा पनि कति ठूला वरदानलाई उल्लेख गरिएको छ । कुन चाहिँ वरदान सर्वोत्तम छ, पवित्र आत्माको बुद्धिको वरदानलाई परमेश्वरको वचनलाई एकसाथ क्रमबद्ध गरेर सुव्यवस्थित गरौं ताकि मण्डलीलाई यो देखाउँ कि हामी कहाँनिर उभिएका छौं त्यसपछि कसलाई चंगा गर्ने कुरो आउँछ ? हामी सबै चंगा हुन चाहन्छौं, परन्तु म त योभन्दा पनि आफ्नो प्राणको चंगाई चाहन्छु, फेरि म कुनै पनि बेला आफ्नो शरीरको चंगाई चाहन्छु । ओहो, मेरा परमेश्वर । सुन्नुस् कि पवित्र आत्मा युहन्नाको द्वारा पतम्स टापुमा बोलीरहेको छ, उसले भनेको थियो, "ज्ञान यसैमा छ कि उ यसको सुनोस् ।" अब हामी यहाँनिर यसको तस्वीर चित्रित गर्न गइरहेका छौं ।

**त्यस बुद्धिको लागि जसमा ज्ञान छ, यही अवसर हो, ती सातै शीर सात पहाड हुन जसमा त्यो स्त्री बसेकी छ ।**

६०.  म केवल एउटा नै यस्तो नगर जान्दछु जुन जगतमा छ, म जान्दछु  कि संसारमा केवल दुईटामात्रै यस्तो नगर छ, जुन सात या सातभन्दा बढी पहाडहरूमा बसेको छ। त्यसमध्येमा एउटा त सिन सिनाती हो, तपाईंलाई थाहा छ कि यसको सम्बन्धमा सिनसिनालीसँग गाँसिएको कुनै एउटा काल्पनिक कथा छ या कुनै भेडा आदिको कथा हो। तर कुनै मण्डली सिनसिनातीमा बसेकी छैन। सम्पूर्ण विश्वमण्डलमा केवल एउटै यस्तो ठाउँ छ, जहाँनिर कुनै मण्डली सात पहाडहरूमा बसेकी छ र उसले सम्पूर्ण विश्वमा आफ्नो आधिपत्य जमाएको छ। अब हेर्नुस्, अहिले भर्खरै म त्यहाँबाट आएको हुँ र मैले त्यो देखेको छु जहाँ यो लेखेको छ, "ज्ञान यसैमा छ।" प्रकाशित वाक्य १३ भन्दछ, "ज्ञान यसैमा छ, जोसँग बुद्धि छ, ... ....किन कि त्यो "मनुष्य" को अंक हो।" यो मानिसहरूको अंक होइन, यो मानिसहरूको समूह, (हूल) को अंक होइन, अपितु यो त "एउटा मानिसको अंक हो।" र त्यसको अंक छः सय छियासट्ठी हो।"

६१.  मैले प्रायजसो यो सुनेको थिएँ कि पोपको सिंहासनमाथि "विकारिवस् फिली डी (Vicarius Filli Dei) लेखिएको छ। मलाई प्राय:जसो आश्चर्य हुन्थ्यो कि के यो सत्य हो। तपाईं एउटा रेखा (धर्को) तानेर यस उक्त शब्दलाई रोम अंकावलीको द्वारा मिलाएर हेर्नुस् कि के यो यस्तै नै हो। यो पूर्णत: सत्य हो। म पोपको त्रि-मुकुटलाई जुन एउटा शीसामा राखेको छ, ठीक त्यसैको नजिकमा उभिएको थिएँ। यो त्रिमुकुट उसको अद्योलोक, स्वर्ग र शोधक अग्निको अधिकार क्षेत्रलाई प्रदर्शित गर्दछ। म ठीक अहिले त्यहींबाट आएको हुँ, म ठीक अहिले रोमबाट आएको हुँ र जान्दछु (थाहा) छ कि यो साँच्चो हो। अब हामी यो जान्दछौं कि यो प्रकट छ।

**र त सातराजा पनि छन्, पाँच त भैसकेका छन्...**(जो कि एक समय भैसकेका छन् र **एउटा अहिले छ** (जुन कि त्यो हो जुन अब आउँछ, जुन कि कैसर थियो) **र एउटा अझै आउनुछ** (जुन कि हेरोद थियो, जुन कि दुष्ट थियो) ....

६२. अब हेर्नुस्, हेर्नुस् कि यो कति सिद्ध छ...**र जब ऊ आउनेछ तब केही समयसम्म उसलाई बस्नु पनि अवश्य छ ।**

६३. के कसैलाई थाहा छ कि हेरोदले कति समयसम्म राज्य गरेको थियो ? ६ महिना । उसले आफ्नै आमालाई घोडाको एउटा खुट्टामा बाँधेर सडक हुँदै (सडकमा घिस्याएको थियो) र शहरलाई जलाएको थियो र यस कुराको आरोप मसिहिहरूमा लगाएको थियो । जबकि उसका मानिस शहरलाई जलाइरहेका थिए भने उनीहरू पहाडतिर भागेका थिए । छ: - केवल छ: महिना मात्र उसले राज्य गरेको थियो र हेर्नुस् र जुन पशु..." अब नजर लगाउनुस् र देख्नुहुनेछ कि त्यो कति दुष्ट थियो । बुझ्नुभयो ? अब हेर्नुस् ।

**...र जुन पशु पहिले थियो र अब छैन, त्यो तपाईं आठौं हो... र सातौंबाट उत्पन्न भयो...** (यसमा सातौंको प्रकृति पाइन्छ)...**र विनाशमा पर्नेछ ।**

६४. के कसैलाई थाहा छ कि विनाशको के अर्थ हुन्छ, यसको अर्थ हो "अद्योलोक ।" र हेर्नुस् कि त्यो "अद्योलोक" बाट बाहिर निक्लन्छ । यो के हो ? अथाह कुण्ड । रोमन कैथोलिक मण्डलीको शिक्षाहरूको कुनै **वुनियाद** छैन । रोमन कैथोलिक शिक्षाको लागि कुनै बाइबल छैन । रोमन कैथोलिक शिक्षाहरूको बाइबलमा कुनै ठाउँ छैन । ती शिक्षाहरूको लागि बाइबलको कदाचित कुनै आवश्यकता छैन । उनी यसलाई यस्तो भएको दावा गर्दैनन् । त्यस पुरोहितले त्यहाँमाथि भनेको थियो, त्यससानो पुरोहितले जो कि सेक्रट हार्ट चर्चबाट त्यहाँ आएको थियो, यही भन्दथियो, "ओहो त्यो..." म उसलाई मेरी एलिजावेथ फ्रेजरको वप्तिस्माको विषयमा भनिरहेको थिएँ । उसले भन्यो, "ओहो, तपाईंले उसलाई ठीक त्यस्तै तरिकाबाट वप्तिस्मा दिनुभएको छ जुन रितले आरम्भिक कैथोलिक मण्डली वप्तिस्मा दिने गर्दथिई ।"

मैले भने, "यसरी कहिले वप्तिस्मा दिने गरिन्थ्यो ?"

उसले भन्यो, "यो बाइबलमा छ, यो तपाईंको बाइबलमा छ।

६५. मैले सोधें, "के कैथोलिक मण्डली यस्तो नै वप्तिस्मा दिने गर्दथिई के यो रोमन कैथोलिक मण्डलीको शिक्षा हो ?

उसले भन्यो, "अँ (हो)"

६६. मैले भने, "कैथोलिक मण्डलीको अचुकतामा- यसमा यति धेरै परिवर्तन किन गरेर आएको छ? बुझ्नुभयो ?

६७. उसले भन्यो, "अच्छा, तपाईं हेर्नुस् कि तपाईंहरू सबै बाइबलमाथि विश्वास गर्नुहुन्छ तर हामी मण्डलीमाथि विश्वास गर्दछौं। हामी यसको वास्ता गर्दैनौं कि बाइबल के भन्दछ, हाम्रो लागि त त्यसले महत्व राख्दछ जुन मण्डलीले भन्दछे।" बुझ्नुभयो ? यो एकदमै ठीक कुरो हो। यदि तपाईं यसको वास्तविक प्रकटीकरण हेर्नुस्, यदि तपाईं एकपटक यस्तो गर्ने प्रयत्न गर्नुभयो भने तपाईंले थाहा पाउनुहुनेछ, कि उनीहरूलार्य यसको कुनै मतलब हुनेछैन, उनीहरू त त्यसकोपरवाह (वास्ता) गर्दछन् जुन मण्डली भन्दछे। बुझ्नुभयो ?

६८. तर हामी त्यसको परवाहा (वास्ता) गर्दैनौं जुन मण्डली भन्दछे। हामीत त्यसको विश्वास गर्दछौं जुन परमेश्वरले भन्नुहुन्छ। किनकि बाइबलमा यो लेखेको छ, "हरेक मानिसको कुरो झुठो र मेरो वचन साँच्चो ठहरियोस्।" **यही कारण हो कि हामी एउटा नामधारी मण्डली होइनौं।**

६९. अब ध्यान दिनुस्, तपाईं खाली एक मिनेटको लागि कान थाप्नुस् (कान त्यसतर्फ पारेर सुन्नुस्।" पाँच त भैसकेका छन्, पाँच राज त भैसकेका छन्।" यदि तपाईं यसलाई इतिहासबाट हेर्न चाहनुहुन्छ भने

तपाईंलाई यो देखाइ दिनेछु। "र एउटा आउनेवाला छन्।" अब तपाईं "त्यस पशुमाथि दृष्टि राख्नुस् (हेर्नुस्) । अब हेर्नुस्, यो पशु राजा थिएन । ऊ त त्यही थियो जुन छ, जुन छैन र अहिले छ र छैन, अहिले छ र छैन । यो के हो ? एउटाको पछि एउटा पोप को हुनु, एउटा सामर्थ को हुनु, एउटा राज्य गरिरहेको पशुको हुनु । यस्तो त्यतिबेला भएको थियो जब पागान रोमलाई परिवर्तित गरिदिएको थियो र तब यो पोपाधिन (पोपको अधिन) रोम बनेको थियो, जसको अन्तरगत उनीसँग राजाको सट्टा पोप हुन्थ्यो र पोप एउटा आत्मिक राजा हो । यही कारण हो कि उसले आत्मिक राजाको रूपमा एउटा मुकुट लगाएको छ र दावा गर्दछ कि ऊ येशूमसीहको सट्टामा हो । तपाईं यसै स्थितिमा हुनुहुन्छ । अब ध्यान दिनुस् ।

७०. र अब हामी त्यस कैथोलिक शिक्षालाई त्यसबाट बाहिर निकाल्न र तपाईंलाई यो देखाउन गइरहेका छौं कि त्यो शिक्षा प्रोटिस्टन्टहरूमा कसरी उपजियो, कसरी ऊ अहिले पनि त्यो प्रोटिस्टेन्ट मण्डलीमा अडिराखेको छ । यसको अधिकांश भाग प्रोटिस्टेन्ट मण्डलीमा अहिले पनि पाइन्छ (पाइने गरिन्छ) । यो विपरित हो, यो बाइबलको पूर्णतः विपरित छ (हो) । अब यसलाई हेर्नुस् कि "त्यो पशु जुन थियो, जुन छैन ।" अब तपाईं यो सम्झना राख्नुस् कि ती सबै पृथ्वीमा भरमाउने छन् । जसको नाम जगतको उत्पत्तिदेखि मेननेको जीवनको पुस्तकमा लेखिएको छैन । आउनस् हेर्नुस् : ११ औं पद :

**र जुन पशु पहिले थियो र अब छैन, त्यो तपाईं आठौं हो र ती सातौं मध्यबाट उत्पन्न 'भयो र विनाशमा पर्नेछ ।** उसको यो क्रम तबसम्म बनिरहने (रहिरहनेछ) र जबसम्म कि ऊ अन्तमा अथाह कुण्डमा जाँदैन ।

**र जुन दश सिङ तैंले देखिस् ती दश राजा हुन्...** (अब तपाईं यहाँनिर दृष्टि लगाउनुस्; (हेर्नुस्) यदि तपाईं कुनै आघातपूर्ण कुरालाई हेर्न चाहनुहुन्छ भने तपाईं यसमाथि दृष्टि लगाउनुस् ।... **ती दश राजाहरू हुन् (छन्)**

**जसले अहिलेसम्म राज्य पाएका छैनन् तर त्यस पशुसँग घडीभर (एकछिन) को लागि राजाहरूको जस्तो अधिकार पाउनेछन् ।**

७१. उनीहरू ताजपोश राजा होइनन्, तिनीहरू त अधिनायक ( तानाशाह) हुन् हेर्नुस्, उनीहरू कदापि ताजपोश राजा थिएनन् तर (खाली) उनीहरूले त त्यस पशु राज्यकालमा छिनभरको लागि राजाहरूको जस्तो अधिकार पाएका थिए । हेर्नुस्, "उनीहरूले एकछिनको लागि त्यस पशुसँग राजाहरूको जस्तो अधिकार पाएका थिए ।" अब, ठीक छ ।

**तिनीहरू सबै एकमन हुनेछन् र उनीहरू आफ्नो सामर्थ र अधिकार त्यस पशुलाई दिनेछन् ।**

> **यिनीहरू मेम्नेसँग लड्नेछन् र मेम्ना उनीहरूको जय गाउनेछ (महिमा) किनकि ऊ प्रभुहरूको प्रभु र राजाहरूको राजा हो र जो बोलाइएका र चुनिएका र विश्वासी ऊसँग छन्, उनीहरू पनि जय गाउनेछन् ।**

७२. काश (के गर्नु) ठीक यसैबेला त्यसमाथि अर्थात् जगतको उत्पत्तिभन्दा पहिले नै "चुनिएका" र आफ्नो कुलाहटमा विश्वास योग्य बनेका" मा प्रचार गर्न पाउँथे । हालेलूयाह । यस्तै नै छ कि उनीहरू बोलाइएका हुन्, उनीहरू चुनिएका हुन्, उनीहरू विश्वासी हुन् । र हेर्नुस् कि "चुनिएका" र "विश्वासी" यो एउटा शब्द संयोजक हो । उनीहरू त्यसमा जय पाउनेछन्, यसबाट कुनै मतलब छैन कि उनीहरू कति धेरै हुनेछन् ।

७३. र यो महान साम्यवाद, आज जुन हामीसँग साम्यवाद वहाव छ, तपाईं यसबाट चिन्तित नहुनुस् । उसले त बिलकुल ठीक ठीक परमेश्वरको हातहरूमा काम गरिरहेको छ र म यसलाई बाइबलबाट प्रमाणित गर्न सक्दछु । परमेश्वर उसलाई (त्यस स्त्रीलाई) ती प्रत्येक शहीदहरूको निम्ति

दण्डित गर्नेछ जसको उसले कुनै बेला हत्या गरेकी थिई । हजुर हो, श्रीमान ! तपाईं हेर्नुस् कि यी सबै राजा एउटै मनका हुनेछन् र यस स्त्रीलाई घृणा गर्नेछन् र सम्पूर्ण राष्ट्रमा, सम्पूर्ण विश्वमा साम्यवाद छाइरहेको छ । किन; किनकि यस स्त्रीलाई दण्ड गर्नको लागि यसलाई त परमेश्वरको एउटा वहाव (भेल) बनाउनुछ । तपाईं भन्नुहुन्छ, "भाइ व्रान्हाम, एक मिनेट पर्खनुस्, के साम्यवाद परमेश्वरको एउटा वहवा हो ?" हजुर हो, निश्चय नै, यो परमेश्वरको नै एउटा वहवा हो । पवित्र शास्त्र यस्तै भन्छ । तर यो अधर्मी निन्दनीय व्यभिचारी मानिसहरूमा नायको उद्घोषण गर्नको लागि अगाडि बढिरहेको छ । यस जगतमा के शेष छ ? हामीसँग के छ ? यहाँ कुनै अर्को दिन... ।

७४. यदि यो सम्भव छ, कि म रूकुँ त्यसो भए म एक मिनेटको लागि पर्खौंला । म वचनमा एक ठाउँमा पढिरहेको थिएँ जहाँ यो लेखिएको छ, कि कुनै कुकर्मबाट जन्मिएको चौदह पुस्ताहरूसम्म प्रभुको सभामा जान नपाओस् । कति मानिस यो कुरालाई जान्दछन् (थाहा छ) ? यो साँच्चो हो कि कुकर्मबाट उत्पन्न सन्तानको विषयमा व्यवस्थाविवरण २३ मा दिइएको छ । यदि कुनै स्त्री मैदानमा समातियोस्, जुन कि पुरूषको सुरक्षाबाट टाढा छ, र कुनै पुरूष उसलाई आफ्नो अधिकारमा लियो भने त्यसपुरूषलाई त्यस स्त्रीसँग विवाह गराउनै पर्छ । यसको कुनै मतलब छैन चाहे त्यो बेश्या नै बनेकी होस्, त्यसपुरूषले त उसँग मर्दासम्म बस्नुछ र यदि यो स्त्री त्यस पुरूषसँग विवाह गर्दछे र उ यस्तो स्वाङ्ग गर्दछे कि उ कुवाँरी हो (छ) र ऊ कुवाँरी छैन भने ऊ यसको लागि मारिन पनि सकछे । र, यदि कुनै पुरूष र स्त्री जो कि वैवाहिक छन् र कुनै अवैधानिक सन्तानलाई उत्पन्न गर्दछन् भने त्यो कुकर्मबाट जन्मिएको सन्तान चौध पुस्ताहरूसम्म यहोवाको सभामा जान नपाओस् र एउटा पिँढी (पुस्ता) चालीस वर्षसम्म हुन्छ; अत: यसप्रकार त्यो वंश इस्रायलभित्रबाट बाहिर निस्कन चारसय वर्षको समयावधि बन्दथियो ।

७५ परमेश्वर पापलाई घृणा गर्नुहुन्छ। तिमी कसरी येशू मसीहको पवित्र रगतलाई नाघेर अगाडि बढ्ने (जाने) आश गर्दछौं, किनकि तिमी कुनै नामधारी मण्डलीको सदस्य हौं, त्यसैले तिमी भित्र जाने आशा गर्दछौ ? या त तपाईं परमेश्वरको आँगन (प्रांगण) मा आउँदै हुनुहुन्छ या तपाईं एकदम नै परमेश्वरको आँगनहरूमा आइरहनुभएको छैन। यो साँच्चो हो। चाहे हामी डिकन प्रचारक, या जेसुकैकिन न हौं, यसबाट यसको कुनै लिनु दिनु छैन ।तपाईं त परमेश्वरको ठहऱ्याइएको शर्तको द्वारा नै भित्र आउनुहुन्छ।

७६. उसले चौध पिँढीसम्म यहोवाको सभामा आउन नपाओस्...

एउटा मानिस ठीक यसबेला यहाँनिर बसिराखेको छ जुन कि मसँग यसमा (यसको विषय) मा वार्तालाप गरिरहेको थियो। उसले मसँग भनेको थियो, “भने फेरि हामी कसरी थाहा पाउँछौं, कि कुन कहिले आउला ?”

७७. मैले भने, यही हो त्यो जहाँ तपाईंलाई एउटा असल कैल्विनवादी हुनुपर्थ्यो।” मेम्नेको जीवनको पुस्तकमा त तपाईंको नाम जगतको उत्पत्तिभन्दा पहिले नै लेखिदिएको थियो। परमेश्वर त त्यस रगतको धारालाई लिन्छन्, यो त परमेश्वरका माथि नै छ कि उसले कसको नाम मम्नेको जीवनको पुस्तकमा लेख्यो बुझ्नुभयो ?

७८. सुन्नुस्। तिमी युवाहरू आज सुन। मलाई थाहा छैन, कि तिमी यस चर्चमा आउँछौ या तिमी कहाँ आउँछौ, तिमी युवा केटाहरू र केटीहरू यसमा कान लगाओ। के तिमीहरूलाई त्यस कार्यकलापको अनुभूति हुन्छ जसलाई तिमीहरू गरिरहेका छौ, यदि अरू कुनै पिँढी छन्; भने तपाईंका सन्तानहरूलाई त्यसको दण्ड (सजाय) मिल्ने छ (पाउनेछन्) जुन तिमी गरिरहेका छौ। के तिमीमा कुनै शर्म या शिष्टता छैन ? तिमी केटीहरू, तिमीहरू जुन यहाँ वरिपरि यी छोटा छोटा (स-साना) लुगाहरू लगाइरहेका छौ; तिमीहरूलाई थाहा छ, यसको प्रभाव तपाईंको छोरीहरूमा परिरहेको छ। के तिमीलाई थाहा छ कि तिमीहरूकी हजुरआमा कन्जुस हुने गर्दथिइन्

र तिम्री आमा गायक दलकी एउटी केटी (Chorus Girl) हुने गर्दथिइन् र यही कारण हो कि तिमी आज छाती खोलेर (उघारेर) घुम्दछ्यौ ? हजुर हो; निश्चय नै । तिम्रा सन्तानहरू के हुनेछन् ? हो हजुर, श्रीमान; परमेश्वरले भन्नुभएको थियो कि उ बालकहरूलाई आमाहरू पिताहरूको अधर्मको दण्ड (सजाय) तीन र चार पिढीसम्म दिनेछ ।

७९. र मेरा भाइ, के तपाईंलाई यसको अनुभूति हुन्छ, कि प्रत्येक पटक जब तपाईं त्यो गर्नुहुन्छ, जुन उचित छ, त्यसो हुँदा त्यसको प्रतिफल तपाईंको सन्तानहरूलाई पनि प्राप्त हुनेछ ?

८०. यहाँ हेर्नुस्; आउनुस् हामी इव्रानियोंको ७ औं अध्यायलाई लिऔं । बाइबल बताउँछ कि जब अब्राहिम राजाहरूको हत्या गरेर फर्किरहेको थियो तब मिल्किसेदेकले उससँग भेट गऱ्यो र उसलाई आशिर्वाद दियो र भन्यो.....अब हेर्नुस्, यहाँनिर लेविहरूलाई दशौं अंश दिने विषयमा भनिएको छ । भनिएको छ- "लेविलाई प्रभुको तर्फबाट यो व्यवस्था मिलेको छ कि ऊ मानिसहरूबाट अर्थात् आफ्ना भाइहरूबाट दशौं अंश लेओस् ।" र लेवी जुन कि दशौं अंश हुन्छ, उसले अव्राहिमको द्वारा दशौं अंश दियो, किनकि जुनबेला अव्राहिमले मिल्कीसेदेकसँग भेट गर्‍यो ऊ आफ्नो पिता अव्राहिमको देहमा थियो र अव्राहिम उसको जिजुवुवा थियो । अव्राहिमबाट इसहाक पैदा भयो, इसाहकबाट याकुव उत्पन्न भयो, याकूवबाट लेवी उत्पन्न भयो । अतः यसप्रकार याकूव लेवीको पिता, इसाक लेवीको बाजे र अव्राहिम लेवीको जिजु बुबा (बाजे) हुन् र बाइबल भन्दछ कि लेवी अव्राहिमको शरीरमा थियो, अतः उसले मिल्कीसेदेकलाई दशौं अंश दिएको थियो । हलिल्लुयाह ।

८१. तपाईं कसैलाई यो भन्न नदिनुस् कि संसारमा पाइनेवाला कुनै पनि प्रकारको वहाव परमेश्वरको महान योजनामा कुनै बेला हस्तक्षेप गर्न सक्दछ : त्यो त अगाडि बढ्दै गइरहेको छ । अरूलाई त सुरूमा मा नै

नियोजित गरी सकिएको थियो । कुनै पनि यस्तो शैतान छैन कि त्यसले परमेश्वरको योजनामा हस्तक्षेप गर्न सकुन् ।

८२. अब, बाइबल यो बताउँदैन कि उसले "व्यवहारिक रीति" बाट दशैं अंश दिएको थियो, तर वाइवल बताउँदछ कि उसले "दशौं अंश दिएको थियो", जव ऊ आफ्नो जिजुवाजेको शरीरमा थियो । महीमा हवस् । यस्तै नै हो, मेरा प्रभु । ओहो, योभन्दा पहिले कि कहिले वन्छ ऊ यसलाई जान्दथियो । ऊ सबथोक जान्दछ र लेवीले इव्राहिममा भएर परमेश्वरलाई दशौं अंश दिएको थियो ।

८३. र, भाइहरू र बहिनीहरू, कसरी तपाईंहरू यहाँ बाहिर दौडन सक्नुहुन्छ र मानिस रहन सक्दछन् र यहाँ त्यहाँ अर्का पुरूषहरूको पत्नीहरूसँग घुमफिर गर्न सक्दछन् र पत्नीहरू घरहरूलाई भत्काइरहेका छन् र तपाईं त्यस ढंगले जीवन व्यतित गरिरहनुभएको छ जुन ढंगले तपाईं जीवन व्यतित गर्नुहुन्छ र के तपाईं आशा गर्नुहुन्छ कि कुनै अरू पिढी पनि होला (भएको) ? यहाँनिर यो छ कि यो अब अरू केही होइन बरू कुकर्मबाट जन्मेका केटाकेटीहरूको झुण्ड (जमात, हुल) मिल्दोजुल्दो नस्लबाट कुकर्मद्वारा उत्पन्न केटाकेटीहरूको झुण्ड (हुल, समूह) हो र यसको लागि केवल एउटै कुरो शेष (बाँकी) रहेको छ र त्यो हो परमाणुविक दिन, जस्मा कि केवल हामी बस्छौं (रहन्छौं) । यो पूर्णत: सत्य हो । हामी अन्तसमयमा...

८४. म यस बिहान कैन्टकी पर्वतमा बसिराखेको थिएँ, त्यहाँनिर सानो बालक थियो जुन कि सोरगहम मोलेसिस बनाइरहेको थियो; त्यो केटो शायद नै यो जान्दछ कि उसको कुनचाहिँ हाथ दाहिने र कुन चाहिँ हात देब्रे हो । त्यो केटो यस्तो पहाड (डाँडा) हरूमा बसेको थियो जहाँ तपाईं मुस्किलले नै दश फुट भित्र जान सक्नुहुन्छ । जब उसले सुन्यो...म निर्धारित क्षेत्रहरूमा पुगें । मलाई थाहा थिएन कि म कहाँनिर छु, म बस (खाली) होहल्ला मच्चाउनेहरू केही मानिसहरूको माझमा थिएँ र म खाली त्यहाँ

माथि गिलहरिहरूको शिकार गर्नको लागि गइरहेको थिएँ र जब म त्यहाँ माथि बसें, अनि मैले त्यस केटासँग कुराकानी गरें र त्यस केटाले भन्यो कि ऊ फौजमा गइरहेको थियो र मैले यो भेट्टाएँ कि जब हामी प्रभुको विषयमा कुरा गर्न लाग्यौं, तब (त्यसपछि) त्यस केटाले भन्यो, "प्रचारक, के तिमी विश्वास गर्दैनौ कि हामी अनन्त समयमा छौं ?" उसले यी कथनहरूलाई वहाँमाथि ती पर्वतहरूमा भनेको थियो ।

८५. मैले भने, "निश्चय नै हामी हौं । पुत्र, निश्चय नै, हामी अनन्त समयमा छौं ।"

८६. हामी यहाँनिर त्यसै समयमा छौं... भाइहरू, यही त्यो घडी हो जसमा हामी रहिरहेका छौं । हामी त्यही स्थितिमा छौं । के तपाईं देख्न सक्नुहुन्न कि त्यहाँ पछाडि कस्ती माता (माताहरू) थिए र कस्ता पिता थिए, कस्ता ती बाजे र बजै थिए र कस्तो उनीहरूको जीवन व्यतित गरेका थिएँ ? के तपाईं देख्नुहुन्न कि कस्तो जीवन माता र पिताले व्यतित गरेका थिए ? यसमा कुनै आश्चर्य छैन कि तपाईं आप्नो मस्तिष्कमा पाइनेवाला समस्त कुराहरूको प्रचार गरिदिनुस् तर फेरि पनि मानिस त्यस्तै नै साना साना (छोटा छोटा) परिधानहरूलाई लगाउने छन् जस्तो उनीहरू लगाउँछन्, र तपाईंको मुखमा नै ती कुराहरूलाई थुकिदिनेछन् जसलाई तपाईंले प्रचार गर्नुभएको छ । उनीहरू चुरोट पिउनेछन् र त्यसको धुवाँ तपाईंको मुखमा फ्याक्ने छन् र भन्नेछन्, "तपाईं आफ्नो कामसँग मतलब राख," किन ? किनकि यो त्यो जाति (जात) हो जुन उनीबाट उत्पन्न भएका हुन् सर्पको वंशमा । हामी बुझ्नेछौं कि यो स्त्री कहाँ अगाडि बढ्दछे, हामी देख्नेछौं कि किन उनीहरू यसप्रकारको आचरण गर्दछन् । उनीहरू त जगतको उत्पत्तिदेखि नै शैतानका सन्तान हुन् । यो सही कुरो हो र हाम्रो लागि यसको लागि केही पनि शेष (बाँकी) छैन : केवल न्याय मात्र शेष रहेको छ । केही अरू होइन बरू न्याय मात्र शेष रहनसक्छ । परमेश्वर त यस प्रकारको समस्त कुकर्मतालाइ 'काटिदिनेछन् र स्वयं मनुष्यले नै यसलाई

गरेका हुन् । परमेश्वरले चाहेका थिएनन् कि यो यस्तो प्रकारको हओस् तर उसलाई थाहा थियो कि यो यस्तै प्रकारको हुनेछ । यही कारण हो कि उसले भनेको थियो, त्यो उनीहरूको अतिरिक्त जसको नाम जगतको उत्पत्तिभन्दा पहिले नै मेम्नेको जीवनको पुस्तकमा लेखिएको छैन; पृथ्वीको मुखमण्डलमा बस्नेहरू सबै मानिसहरूलाई भरमाउनेछ ।

८७. आउनुस् अब हामी अलिकता अरू अगाडि बढ्दछौं । अब हेर्नुस्, अब मलाई यकिन छ कि हामी १२ औं पदमा छौं ।

> **र जुन दश सिङ तैंले देखिस् ती दश राजा हुन्ह जस्तै अहिलेसम्म राज्य पाएनन्, तर त्यस पशुसँग घडीभर (एकछिन) को लागि राजाहरूको जस्तो अधिकार पाउनेछन् । यी सबै एकमन (एउटै विचार) का हुनेछन्, र उनीहरू आफ्नो सामर्थ र अधिकार त्यस पशुलाई दिनेछन् ।**

> **यिनीहरु मेम्नेसँग लडाईं गर्नेछन् र मेम्ना उनीहरूमाथि जय गाउनेछ, किनकि ऊ प्रभुहरूको प्रभु र राजाहरूको राजा हो : जो बोलिएका र चुनिएका र विश्वासी हुन्, यसका साथमा छ, उनीहरू पनि जय गाउनेछन् ।**

> **र फेरि उसले मसँग भन्यो कि जुन पानी तैंले देखिस्, जसमाथि (जसमा) बेश्या बसेकी छ, ती मानिस, जाति तथा भाषा हुन् र जुन दश सिङ तैंले देखिस्, तिनीहरू पशु त्यसबेश्यासँग वैर (दुश्मनी) राख्नेछन्...**

८८. अब तपाईं यसलाई हेर्नुस्, यी दश सिङ, दश राज्य हुन् । हेर्नुस्, यही हो त्यो जसमा सब थोक परिणत भइरहेको छ; यी अधिनायक के हुन्...

हेर्नुस् कि यी अधिनायक कतातिर झुकिरहेका छन् । यो तानाशाही कतातिर झुकिरहेको छ तपाईं मलाई बस कुनै एउटा यस्तो अधिनायक

बताउनुस् जुन साम्यवादतिर झुक्दैन। बुझ्नुभयो ? र उनीहरु के गर्नेछन् ? **"उनीहरू त्यसबेश्यासँग वैर (दुश्मनी) राख्नेछन्" यो एउटी स्त्री हो, यो एउटी मण्डली हो तर के हुनु छ ? हेर्नुस् कि यस स्त्रीलाई के हुनेवाला छ।**

> **...थिनीहरू त्यसबेश्यासँग वैर (दुश्मनी) राख्नेछन् र उसलाई लाचार र नांगो गरिदिने छन् र त्यसको मासु खानेछन् र त्यसलाई आगोमा जलाइदिनेछन्।**

८९. उनीहरू त्यस स्थललाई नै मानचित्रभित्रबाट उखलेर फ्याँक्ने छन र यो कुरो त्यति नै सुनिश्चित छ जस्तो कि म यहाँनिर उभिनु। हामीसँग त्यस मण्डलीको विषयमा दिइएको त्यस वक्तव्यलाई हेर्नको निम्ति र वचनबाट पढ्नको लागि समय छ जहाँनिर यो भनिएको छ, "यस पृथ्वीका सबै राजा र मल्लाहा त्यस ठूलो वावुललाई (को) घडीभरिमा नास भएको कारण रूँदै र कल्पिँदै, हाय ! हाय ! भन्नेछन्।" एक घडी, उसको एउटा समय आउनुछ। र ओहो, कसरी उसले भनेको थियो, "ए तिमी पवित्र मानिसहरू र तिमीहरू सबै पवित्र भविष्यवक्ताहरू आनन्द गर; किनकि परमेरश्वरले न्याय गरेर उसलाई पवित्र मानिसहरू र तिम्रा भाइहरूको रगतलाई पल्टा लिइसकेका छन्। हेर्नुस्, यो सत्य हो। निश्चय नै, साम्यवाद परमेश्वरको हातमा कार्यरत छ। यो त्यसरी नै परमेश्वरको हातमा कार्य (काम) गरिरहेको छ जसरी राजा नवुकदनेस्सर परमेश्वरको हातमा कार्य गरिरहेको थियो कि उ ती यहुदीहरूलाई आएर मित्र बनाउनोस् जब उनीहरू यताउता घुम्ने फिर्ने गर्दथिए।

९०. र पाप कुकर्मता गर्न जारी राख्न सक्दछ; र धार्मिक वी'ज (बिउ) भित्र रहन सक्दछ र वीज (बीउ) कुहुँदै जान्छ र कुहुँदै र कुहुँदै जान्छ जबसम्म कि ऊ केही समयपछि जाँदैन। उसलाई त एक ठाउँमा आउनुपरेको छ, किनकि उनीहरूकी आमाहरू पिताहरू र इत्यादि हाम्रो सम्मुख (अगाडि) यस्तै प्रकार बाँचेका छन् र त्यो दुष्ट...हाम्रो लागि केही

पनि शेष (बाँकी) छैन र तपाईंलाई थाहा छ कि येशूले के भनेका थिए ? यदि उनैले कार्यलाई छोटो नगरेका भए कुनै पनि प्राणी जीवित रहने थिएनन् ।

९१. के तपाईं हेर्न सक्नुहुन्छ : के तपाईं हेर्न सक्नुहुन्छ कि यिनीहरू सबै हामीसँग किन छन् ? म कुनै टिप्पणी गरिरहेको छुइन । तपाईं आर्थर गौडफ्रे र सबैलाई र एलविस प्रेसलीलाई चिन्नुहुन्छ र उनी यहाँ त्यहाँ कुण्डल लगाइरहेका छन् र उनका कपाल उनको कुम (काँध) को तलसम्म झुलिरहेका छन् र यिनै सबै प्रकारहरूबाट नवोदित युवक-युवतीहरू आचरण गरिरहेका छन् । यो के गर्दछ ? यो के हो ? यो यस्तो यसैले छ किनकि ती कुकर्मबाट जन्मिएका मानिसहरूको झुण्ड हूल हो । केही पनि शेष छैन । ओहो उनीहरू उभिनेछन् र गाउनेछन्, “मेरा (हाम्रा) परमेश्वर नजिकै छन्, उनको नजिक आऊ,” उनीहरू ठीक त्यसै प्रकार गीत गाउँछन् जसप्रकार मटर बनाउनेहरू सरनी अथवा अन्य केही कुनै प्रकारको कुनै गीत इत्यादि गाइरहेका हुन् र उनीहरू यस्तै किसिमको केही गर्दछन् । भाइहरू, के तपाईंहरूलाई थाहा छ कि यो के हो? यो पूर्णतः एउटा ढोंगबाजी हो (स्वाँग हो) हजुर अँ श्रीमान ।

९२. त्यस मानिसको यस प्रचारमञ्चमा कुनै काम छैन जो बाहिर निस्कन्छ र राँक ‘एन’ रोल र बेग्लै-बेग्लै र यसै प्रकारको अन्य भ्रष्टताहरूलाई गर्दछ उसको यो अलिकता पनि कार्य छैन कि ऊ यहाँ यस प्रचार मञ्चको पछाडि खडा होस् । यो कार्य त पुरोहितको हो, यो कार्य त त्यस मानिसको हो जसलाई यस कार्यको लागि परमेश्वरद्वारा बोलाइएको हो । परमेश्वरले बोलाइएका प्रचारकहरूको मात्र यस मञ्चको पछाडि उभिने काम हो र यो त्यस प्रकारका मानिसहरूको कार्य होइन कि उनीहरू यस मञ्चको पछाडि उभिऊन् । आज योसँग ठीक यही मामला छ र उनीहरूले मण्डलीहरू बनाएका छन् जुन कि कुनै तबेलाभन्दा केही कम छैन । तबेला त ठीक छन्, तपाईंलाई त त्यही गर्नुछ, जुन तपाईं गर्न

चाहनुहुन्छ, त्यो तपाईंमाथि निर्भर गर्दछ। तर म तपाईंलाइ बताउँछ कि तबेला र मण्डलीहरूमा साह्रै धेरै अन्तर छ। हजुर हो, श्रीमान। तपाईं कुनै तबेलामा ती कार्यहरूलाई गर्न चाहनुहुन्छ र त्यहाँ त्यस प्रकारका सबै पार्टीहरू तथा आदि आदि हुन्छन्, यो तपाईंमा निर्भर हुन्छ कि जे गर्न चाहनुहुन्छ त्यो गर्नुस्। परन्तु भाइहरू; मण्डलीहरूलाई त प्रचारमञ्च देखि लिएर भुतलसम्म स्वच्छ हुनुपर्छ। यो सही कुरा हो। मेरो यो तात्पर्य होइन कि नयाँ खेलाडीहरू तथा जोसुकैद्वारा मण्डलीहरूको सरसफाइ गरियोस्। मेरो तात्पर्य पुरानो पद्धतिलाई परमेश्वरले पठाएका वेदारीको द्वारा जुन कि कुनै कुरालाई एक छेउबाट अर्को छेउसम्म फैलाइदिन्छ, सफाई हुनुपर्छ। हजुर हो (अँ), श्रीमान। जस्तो कि उज्यालो गर्नाले, वैद्युत प्रकाश गर्नाले कुनै सानो स्याउको टुक्रामा लागेको रोचिस तितरवितर हुन्छन्। हजुर अँ, श्रीमान, जब प्रकाश फैलन्छ अनि तिनीहरू तितर-वितर (यताउता) हुन्छन्।

९३. अब हेर्नुस्, "उनीहरू एकमन छन्, उनीहरूको आफ्नो सामर्थ्य दिन्छन्। अब म योभन्दा तलको पदमा छु। म "दस सिङ्ग" वाला पदमा छु। ठीक छ, अब हेर्नुस् :

> **किनकि परमेश्वर उनीहरूको मनमा यो हालिदिने छन् कि उनीहरू उसको इच्छा पूरा गरोस् र जबसम्म परमेश्वरको वचन पूरा नहोस् तबसम्म एक मन भएर आफ्नै आफ्नो राज्य पशुलाई दिऊन्। र, त्यो स्त्री, जसलाई देखेको छस्, त्यो ठूलो नगर हो, जुन पृथ्वीका राजाहरूमाथि राज्य गर्दछ।**

९४. अब यस स्त्रीको विषयमा यता उताको कुरो गर्ने कुनै आवश्यकता छैन; हामीलाई थाहा छ कि यो स्त्री रोमन कैथोलिक पादरी वर्ग हो, यसको आवश्यकता छैन कि कोही (कुनै)...म यस कुरामा त्यति नै दृढ विश्वास गर्दछु जति कि यो विश्वास गर्दछु कि म यहाँनिर आज एक मसिहिको रूपमा उभिएको छु कि यो स्त्री रोमन कैथोलिक तन्त्र हो...वैटिकन सिटी नै

त्यो नगरी हो जुन सात पहाडहरूमा बसेको छ र मण्डलीको यो पुरोहित तन्त्र नै त्यो पशु हो जुन पहिले थियो, जुन अहिले छैन र त्यो स्त्री वावुल हो। यसका प्रत्येक कुरा वचनहरूको द्वारा बिलकुल ठीक ठीक पूरा सिद्धतासँग यो चित्रित गर्दछे कि यो कैथोलिक (रोमन कैथोलिक) मण्डली हो।

९५. अब हेर्नुस, अब यहाँनिर तपाईंको आघातपूर्ण तथ्य छ। तपाईं भन्नुहुन्छ, "अच्छा, भाइ व्रान्हाम, तपाईं मलाई प्रहार गरिरहनु भएको छैन।" तर तपाईं बस् मलाई एउटा कुरो सोध्न दिनुस्। आउनुस् हामी अब ठीक पछाडि पाँचौं पदमा जानेछौं।

**र उसको निधारमा यो नाम लेखेको थियो, "भेद ठूलो वावुल पृथ्वीका बेश्याहरू र घृणित वस्तुहरूकी आमा (माता)"**

९६. ऊ के थिई ? ठूली बेश्या। र, ऊ आमा थिई। ऊ के थिई ? आमा, उसले कसैलाई जन्म दिएकी थिई। ऊ कसैकी आमा हो ? बेश्याहरूकी। बेश्या के हुन्छ। बेश्या ठीक त्यस्तै नै अनैतिक या अभद्र स्त्री हुन्छे जस्तो कि ठूली बेश्या हुन्छे। उसलाई केले अनैतिक स्त्री बनाउँछ ? उसको शिक्षा। ऊ एउटी मण्डली भएको स्वाङ (ढोंग) त गरिरहेकी थिई, तर उ मानव-निर्मित मत (विचार) दिइरहेकीथिई र यहाँनिर ऊ भन्दथिई कि ऊ थिई...यदि उनै पहिली संस्था थिई भने यस्तो प्रतीत हुन्छ कि त्यसभित्रबाट केही संस्था बाहिर निकालेर आएकीथिई ऊ बेश्याहरूकी आमा हो। के यो ठीक छ हैन ? के ऊ आमा हुन सक्दिन...उसलाई स्त्रीको आमा हुनु थियो। यदि तिनीहरू स्त्री थिई भने उनीहरू मण्डलीई थिए। अब आउनुस् हामी यस तथ्यलाई ज्ञात गर्दछौं (गरौं) त्यसबाट के बाहिर निस्किएर आयो...

१७.  पहिली संस्था के थिई ? रोमन कैथोलिक मण्डली । दोस्रो सस्था के थिई ? लुथर तृतीय संस्था के थिई ? जिंविग्ली । यसबाट कुन चाहिँ संस्था बाहिर निस्किएर आयो (आई) ? कैल्विन र फेरि यसबाट एंग्लीकन संस्था बाहिर निस्किएर आई (आयो) र एंग्लीकन संस्थाबाट मैथोडिष्ट मण्डली निस्किएर आयो (आई) मैथोडिस्टले मैथोडिस्थ मण्डलीले के उत्पन्न गऱ्यो ? त्यसबाट एल्किजेंडर कैम्पबेल निस्किएर बाहिर आयो (आई) र एलेक्जेंडर कैम्पवेल संस्थाबाट जोन स्मिथ संस्था बाहिर निस्किएर आयो (आई), एलिकजेंडर केम्पवेलबाट क्रिश्चीयन मण्डली निस्किएर आइन् (आयो), फेरि यसबाट चार या पाँच चर्च अफ क्राइस्ट उत्पन्न भए र ती सबैले स-साना मतहरूलाई प्रतिपादन गरे । यसपछि वैपडिष्ट मण्डली आई आयो, यसको साह्रै नै साना साना शिक्षाहरू थिए जुन यसबाट उत्पन्न भएका थिए र मैथोडिस्ट मण्डलीबाट बाहिर आउँछिन्...मैथोडिस्ट मण्डलीबाट सर्वप्रथम वैसलियन मण्डली उत्पन्न भइन्, त्यसपछि त्यसमा चारवा पाँच पटक विघटन भयो । यसपछि उनीहरू कुनै अर्को प्रकारको मैथोटिष्ट मण्डलीमा आए; रफेरि उसबाट अरू मण्डली उत्पन्न भयो, फेरि उसबाट फ्री मैथोडिस्ट मण्डली उत्पन्न भयो । र, फेरि उनीहरूले अगाडि गएर नाजरिन मण्डलीलाई जन्म दिए र फेरि नाजरिन मण्डलीबाट पिलग्रिम अफ होलिनेस, पिलग्रिम अफ होलिनसबाट अरू मण्डलीहरूको उत्पत्ति भयो । यसप्रकार साना साना मत अगाडि हिँड्दै रहे र उनीहरू अगाडिसम्म हिँड्दै रहे, प्रत्येक ती साना मत (विचार) जुन आरम्भ भए बढ्दै जाने गरेका थिए र अन्तमा प्रत्येकले के गरे ? उनीहरू सबै पेन्टीकोस्टल मण्डलीमा गएर मिले ।

१८.  र पेन्टीकोस्टल मण्डली अर्थात् पेन्टीकोस्टल मण्डलीले के गऱ्यो, गरे ? उनीहरूले पनि ठीक त्यही गरे जुन उनकी आमाले गरेकी थिइन् : उनीहरू फर्किएर संस्थागत भएर यो के बनेकी थिई ? एउटा नामधारी संस्था वा एउटा नामधारी मण्डली । सबभन्दा पहिलो कुरो त यो हो कि

त्यहाँनिर तपाईंले उनीहरूसँग एउटै चालबाट हिँड्नुपर्दछ, सोध्छन्- "तपाईंको के शिक्षा छ ? केटाहरू, यो जान्नको लागि कि तपाईं को हुनुहुन्छ, तपाईंको विश्वास के हो, उनीहरू तपाईंको कपालहरूलाई राम्रा दाँतवाला काँगियोले कोर्नुहुन्छ र यदि तपाईं उनीहरूसँग बिलकुल ठीक ठीक मेल खानुभएन भने उनीहरू तुरून्त नै तपाईंलाई निष्काशित गरिदिन्छन् ।

९९. र तपाईं यो नसोच्नुस कि तपाईं सुरक्षित हुनु हुंन्छ, किन कि तपाईं भन्नुहुन्छ कि तपाईं पेन्टीकोस्टल हुनुहुन्छ । अरे भाइ यस कुरामा सुनिश्चित छु कि यस्ता धेरै पेन्टीकोस्टल होलान जो पथ भ्रष्ट होलान जब कि त्यहाँ बाटामा छन् । बुझ्यौं ?

१००. अब: ती सवै संस्थाहरूलाई हेर्नुस; यदि उनीहरूले यो गरेका भये कि उनीहरू पेन्टीकोस्टलीय आशिषलाई अगाडि बढ्न दिएको भए र त्यसलाई संस्थागत नगरेको भए र खाली भाइचाराको प्रति बनाइराखेको भए र पवित्र आत्मालाई नै पृथकरणको कार्य गर्न दिएको भए । पवित्र आत्मा पृथकरणको कार्य गर्दछ । एकपटक हनन्याह र सफिराभित्र आए र उनीहरूले अमुक-अमुक कुरा भने र पवित्र आत्माले भने, "तैंले झूठो कुरा किन बोलिस् ?"

१०१. तर हामी भन्दछौं, अव हेर्नुस्, ऊ भाइ जोन्स हो, तिमी उसको विषयमा कुनै अपशब्द नभन्नु, हाम्रो मण्डलीमा ऊ सबैभन्दा बढी धनराशी दिनेवाला व्यक्ति हो । मलाई थाहा छ कि उसले पवित्र आत्मा भेटेको छ, मैले उसलाई भिन्न भिन्न भाषाहरूमा बोल्दै गरेको, सुनेको छु र मैले उसलाई आत्मामा चिच्याउँदै गरेको देखेको छु । यो अरू केही पनि होइन बरू कुनै सुकेको छानामाथि केराउका दानाहरू ओइर्‍याउनु हो । वुझ्नुभयो तर यसको उससँग कुनै सम्बन्ध छैन । परमेश्वर पनि यस्तै (यही) भन्दछन् उसले त यो भन्नुपर्दछ कि उ छ या छैन । वास्तवमा यस्तो नै हो । परन्तु हामीले उसलाई आफ्नो नामधारी मण्डलीहरूमा लियौं । तर हामीले उसलाई असम्वलीबाट बाहिर निकालिदियौं र वननैसले उसलाई लियो ।

वननैस उसलाई केही बेरसम्म त लिएर हिँडी। तर केही बेरपछि उसलाई बाहिर निकालिदिई (दियो), किनकि...उनीहरू बस उसलाई त्यहाँ लिएर हिँडे र फेरि ओनली जीसस संस्था उसलाई लिएर हिँडी, ओनली जीसस संस्थाले उसलाई केही बेरसम्म उठाइराखे र फेरि अघिल्लो संस्थाले उसलाई केही बेरसम्म उचाली (उठाई) राखे र फेरि त्यो अघिल्लो संस्था जसले उठायो, चर्च अफ गोड हो। त्यसपछि उसलाई चर्च अफ गौड प्रोफेसीले लियो र फेरि टोमलिसन वहावले उसलाई लियो। ओहो, भाइ, के हामी समाप्त भइसकेका छौं। यस्तो नै (यस्तै नै) पिन्तेकोस्तलमा- अन्तिम वेदारीमा भएको छ र अब उनीहरूसँग निलो लपट र तेल उपासक छन् र रगत उनीहरूको मुखमण्डलमा छ। हे प्रभु दया गर्नुस्, मलाई थाहा छैन कि उनीहरू अचेल कहाँ गएका छन्। केवल एउटै कुरो छ कि...

१०२. सम्पूर्ण वस्तु नै दूषित भैसकेको छ। के तपाईंलाई थाहा छ कि वाइवलमा भनिएको छ कि यो दूषित हुनेछ ? के तपाईंलाई थाहा छ कि बाइबल भन्दछ कि यहाँनिर यस्तो दिन हुनेछ ? र, भनिएको छ, "म कसैलाई सुसमाचारको अर्थ सम्झाउला (बुझाउला) ? म कसैलाई आफ्नो बारे (विषय) मा सम्झाउन (बुझाउन) सक्दछु ? किनकि आज्ञामाथि आज्ञा, आज्ञामाथि आज्ञा, नियममाथि नियम, नियमामाथि नियम छ।" कसलाई ऊ आफ्नो शिक्षा सिकाउन सक्दछ ? जुन कि त्यस पशुबाट, त्यस ठूली बेश्या (सारै ठूली) बेश्या बेश्याहरूकी आमाको जकड (कब्जा, अधिन) मा छैन। बुझ्नुभयो ?

१०३. अब हेर्नुस्, यस शहरमा कुनै पनि यस्ता स्त्री छैनन्, कुनै पनि यस्ती शिष्ट स्त्री यस शहरमा छैनन् जो कुने कुवाँरी (कुमारी) बच्चीलाई जन्म नदिऊन्। जब कुनै बालिका उत्पन्न हुन्छे भने ऊ कुवाँरी नै हुन्छे। अब हेर्नुस्, ऊ भलीभाँती शिष्ट रीतिहरूमा (माथि) हिँड्न सक्दछे। तर यदि तपाईं ध्यान दिएर हेर्नुभयो भने तपाईं पाउनुहुनेछ यसमध्ये नौपटक यस्तो नै देख्न पाइन्छ कि जस्तो स्वभाव उसकी आमाको छ, त्यस्तै नै स्वभाव

उसकी बालिकाको पनि हुन्छ, एकदमै ठीक त्यस्तै नै कार्यकलाप गर्दछे जस्तो कार्यकलाप उसकी आमाले गर्दछे। अब तपाईंले थाहा पाउनुभयो कि यो कुरा सत्य हो। एउटी वयस्क (उमेरदारी) स्त्री जो कि कुनै बदनाम स्थललाई क्रियान्वित गरिरहेकी छ, ऊ एउटी शिशु बालिकालाई जन्म दिन सक्छे र त्यो बालिका सोरह (सोलह) वर्षको अवस्थासम्म त्यस्तै नै पवित्र र नैतिक हुनसक्छे जस्तो कि कुनै अर्को व्यक्ति हन्छ, तर आवश्यक त यो छ कि ऊ यस्तै रीतिले रहोस्। तर उसको विषयमा हुन त यस्तो हुन्छ कि ऊ ठीक फर्केर आउँछे र आफ्नी आमाको भाँती कार्यकलाप गर्दछे।

१०४. अव हेर्नुस्; रोमन कैथोलिक मण्डलीमा त्यो पहिलो प्राचीन वेश्या हो जुन आ-आफ्ना नै ती शिशुहरूसँग माथि आई जसलाई उसले स्वयं वनाएकी थिई... ऊ ती अन्धविश्वासहरूको साथ दृष्टिगोचर भई जुन स्वयं उसले वनाएका थिए र बाइबल उसको विषयमा बताउँछ कि, ऊ अथाहा कुण्डभित्रबाट निस्किएर आई र फर्कंदा विनाशमा पर्नेछ।" बाइबल उसको बारेमा यस्तै नै भन्दछ। अब उनीहरू सिकाउँदछन् कि यो कुरा गलत हो। यो मण्डली परमेश्वरको वचन अनुसार गलत छ र त्यसपछि मैथोडिस्ट मण्डली आउँछे, जुन कि त्यसै ठूली बेश्याबाट उत्पन्न भएकी थिई, यो मैथोडिस्ट मण्डली एउटी राम्री युवती थिई, तर यसले के गरेकी थिई ? ऊ ठीक पछाडि फर्की र उसले ठीक त्यही गरी जुन उसकी आमाले गरेकी थिई। उसको मण्डलीमा मानिसहरूलाई छोटा छोटा लुगाहरूलाई लगाउने चुरोटहरू पिउनेलाई र जुन उनीहरू गरिरहेका छन्, त्यो गर्नको लागि अनुमति छ। त्यहाँ यी कामहरूको विरोधमा केही भनिँदैन। उनीहरूको अधवैंसे पादरी प्रचार मञ्चको पछाडि उभिइरहेको हुन्छ र यी कुराहरूको विरोधमा भन्नलाई डराउँछ; किनकि उसलाई डर हुन्छ कि कुनै दिन उसको दर्माह (वेदन) या उसले पाउने गरेको बिस्कुटहरूको डिब्बा पाउन बन्द नभई जाओस्।

१०५.  भाइहरू, म तपाईंहरूलाई बताउँछु कि यसको सिवाय कि म सोडा क्रैकर खाउँ र ब्राँचवाटर पिऊँ : म सुसमाचारको प्रचार गर्नेछु र तपाईंलाई यसको बारेमा सत्य नै बताउनेछु। यदि म आफ्ना मण्डलीका मानिसहरूलाई सत्य भन्छु र मेरा मण्डलीका प्रत्येक व्यक्ति उठेर बाहिर निस्कन्छ भने तापनि म सत्य नै बताउने छु। हजुर हो (अँ), निश्चय नै म यस्तै गर्नेछु।

१०७.  तर ती पादरीहरूसँग मामला के हो ? ओहो, उनीहरूको लागि साँचो भन्नु भोजनको सवाल बन्न जान्छ। उनीहरू भन्दछन्, "ए, तिमीलाई थाहा छ; म त शहरको सर्वाधिक ठूली मण्डलीको पादरी हुँ।" तिमी बैपटिष्टहरू र मैथोडिस्टहरू तिमी झूठा भविष्यवक्ताका कुराहरूमा कान लगाइरहेका छौ। अब हेर्नुस्, यो एउटा आघातपूर्ण कुरो हो, तर हर एक त्यो व्यक्ति जो यस बाइबलको विपरित केही सिकाउँछ, उ (त्यो) झूठो भविष्य वक्ता नै हो। म यसको परवाह (वास्ता) गर्दिन कि ऊ जतिसुकै नै अलंकृत अथवा सुशोभित किन नहोस्, त्यो एउटा झूठो भविष्यवाणी हो। यो सही कुरो हो।

१०७.  उनको भनाइ छ, "ओहो, जबसम्म तपाईंको नाम हाम्रो मण्डलीको रजिष्टरमा लेखिएको हुन्छ तबसम्म तपाईं जे जति गर्नुहुन्छ, त्यो ठीक छ।" तपाईंको नाम चाहे नामधारी मण्डलीहरूको दर्जनौं पुस्तकहरूमा किन नलेखिएको होस्, यदि तपाईंको नाम मेम्नेको जीवनको पुस्तकमा लेखिएको छैन भने तपाईं नष्ट हुनुहुन्छ। तपाईं जति भलो बन्न सक्नुहुन्छ, तपाईं त्यति नै भलो बन्न सक्नुहुन्छ। तपाईं त्यति नै निस्कपट र नैतिक बन्न सक्नुहुन्छ, तर यी सबैको यससँग कुनै सम्बन्ध छैन।

१०८.  एसाव एउटा यस्तो व्यक्ति थियो जुन याकुबभन्दा दुई गुणा भलो व्यक्ति थियो; अब एउटा मानवीय प्रकृतिको कुरो आउँछ, त्यसो भए एसाव आफ्ना वृद्ध अन्धो पिताको (बाबु) को देखभाल (रेखदेख) वा अन्य सबैथोक

गर्दथियो र याकुव आफ्नी आमाको आँगमा राखिएको छेउ पक्रिएर ( समातेर) यता-उता घुम्नेवाला एउटा लज्जालु केटो थियो; ऊ एउटा सानो शर्मिलो (लजालु) केटो थियो। तर परमेश्वरले भन्नुभएको थियो कि यो भन्दा पहिले कि बालक उत्पन्न नभै मैले याकुवलाई प्रिय र एसाबलाई अप्रिय ठाने।" रोमियोको आठौं अध्याय यस्तो नै बताउँदछ। यही पूर्णतः सही कुरो हो।

१०९. परमेश्वर जान्नुहुन्छ कि मनुष्यको भित्र के छ र उनी यो पनि जान्नुहुन्छ कि मण्डलीको भित्र के छ। हामी जीवनको रोटीको द्वारा - परमेश्वरको वचनको रोटीको द्वारा जीवित रहन्छौं। अब यही कारण हो कि हामी कुनै नामधारी मण्डली होइनौं।

११०. अब म तपाईंलाई एउटा अरू संक्षिप्त विवरण दिन चाहन्छु... म तपाईंलाई त्यो छोटो विवरण बताउन चाहन्छु, जुन मैले यहाँनिर लेखिएको छ। "त्यो महान...।" अब हेर्नुस्, मैले प्रकाशित वाक्य १३:२ मा एउटा चिन्ह लगाएको छु। अब, म यसमाथि दृष्टि राख्न चाहन्छु र हेर्न चाहन्छु कि यो के हो ?

किनकि उनको निर्णय साँचो र ठीक छन्, यसैले कि कि उसले त्यस ठूली बेश्यालाई जो आफ्नो व्यभिचारबाट पृथ्वीलाई भ्रष्ट गर्दथिई, न्याय गरेर उसबाट आफ्ना दासहरूको रगतको।

१११. यो रोमन कैथोलिक मण्डलीको अन्त हो। अब, हामी तपाईंबाट यो पनि चाहन्छौं कि तपाईं यसमा पनि ध्यान दिनुस् कि नामधारी मण्डली पनि यहाँ यी वचनहरूमा पाइने गर्छ... वाइबलमा कहिले पनि नामधारी मण्डलीको विषयमा कदापि भनिएको छैन। नामधारी मण्डली कैथोलिक ( रोमन कैथोलिक) मण्डलीबाट उत्पन्न हुन्छिन्। ऊ नामधारी मण्डलीकी प्रथम आमा हुन र प्रत्येक नामधारी मण्डलीको उत्पत्ति उसैबाट भएको हो।

अब, यो कुरो अलिकता आघातपूर्ण लाग्नेछ। हेर्नुस्, तर म तपाईंसँग यो चाहन्छु कि तपाईं यो हेर्नुस् कि नामधारी मण्डलीकी प्रथम आमा हुन् र प्रत्येक नामधारी मण्डलीको उत्पत्ति उसैबाट भएको हो। अब, यो कुरो अलिकता आघातपूर्ण लाग्नेछ। हेर्नुस्, तर म तपाईंसँग यो चाहन्छु कि तपाईं यो हेर्नुस् कि नामधारी मण्डली परमेश्वरद्वारा उत्पन्न या नियुक्त गरिएकी थिइन्, यो त शैतानद्वारा ठहऱ्याएको हो। परमेश्वरको त मण्डली हो ... ।

११२. हामीहरू विभक्त छैनौं, हामी सबै एउटै नै अंगका हौं, हामी एउटै नै अंगका हौं। हामी एउटै नै प्रेममा छौं। यस्तै नै बाँचेका परमेश्वरको मण्डली हुन्छ। यो अर्थहीन हो कि उनीहरू सबै के हुन्, हामी सबै मिलेर एउटै हौं। यो साँच्चो हो। भाइ चाहे त्यो मैथोडिस्ट या वैपटिष्ट किन नहोस्, यदि उसले नयाँ ढंगले जन्म पाएको र पवित्र आत्माबाट परिपूर्ण व्यक्ति हो भने ऊ मेरो भाइ हो र हामी काँधमा काँध जोडेर हिँडिरहेका छौं। यो सत्य हो। हजुर अँ, श्रीमान; तब यसले कुनै अन्तर पर्दैन कि त्यो को हो।

११३. मोसा। हुनसक्दछ कि कहिले कुनै व्यक्ति वरिपरि देखुन् र भनुन्, भाइ व्रान्हाम के तपाईं हठधर्मी पेन्टीकोस्टल मानिसहरूको झुण्ड (हूल) लाइ थाहा पाउनुहुन्छ, केही गरेर कहिले (कुनै बेला) तपाईं त्यो जस्तै झुण्ड को लागि बाहिर निस्किएर आउनुभएको छ ?" तपाईं तिनीहरूको विषयमा के नै थाहा पाउनुहुन्छ ? मोसाले इस्रायलका सन्तानहरूमाथि दृष्टि लगाएको थियो, उसले पनि इस्रायलका सन्तानहरूमाथि दृष्टि लगाएको थियो, उसले पनि इस्रायल सन्तानहरूमा ठीक त्यसै झ्यालबाट हेरेको थियो, जुन झ्यालबाट फिरौनले उनीहरूलाई देखेको थियो, फिरौनले उनीहरूलाई गारा रोपनेवाला झुण्ड (हुल) को रूपमा देखेको थियो, तर मोसाले उनीहरूमाथि परमेश्वरका चुनिएका मानिसहरूको रूपमा देखेको थियो उसलाई थाहा थियो कि उनीहरूसँग एउटा प्रतिज्ञा छ। ऊ यस्तो किन थाहा पाउँथ्यो र

विश्वासको द्वारा...जबकि उसलाई फिरौन हुनको लागि सिंहासनमा आसीन गराइनु थियो र समस्त जगत उसको वशमा कि त्यसमा विराजमान हुने थियो र रूपवती स्त्रीहरू उसलाई पंखा डोलाउँथे र उसको मुखमा सराब ( रक्सी) खन्याउँथे र ऊ सिंहासनमा जगतको शासक वा अधिनायक या सम्राटको रूपमा आसीन हुने थियो, युवा (युवक) मोसा चालीस वर्षकै अवस्थामा सिंहासनमा आसीन हुने थियो, समस्त जगत उसको हातमा हुने थियो तर जब उसले गीलो माटोलाई आफ्ना खुट्टाले खुँद्ने मानिसहरूको झुण्ड (हूल) मा आँखा लगायो अनि उसलाई यो विदित थियो कि ऊ उनीहरूमध्ये एउटा हो । हाल्लिलूयाह । यस्तै नै थियो । उसलाई थाहा थियो कि ऊ उनीहरूमध्ये एउटा थियो र केवल (मात्र) विश्वासको द्वारा नै उसले चुनाव गरेको थियो ।

११४. प्रत्येक व्यक्तिलाई चुनाव गराउनु पर्छ। तपाईंलाई एउटा चुनाव गराउनु छ। अब तपाईं एउटा चुनाव गर्न गइरहनुभएको छ। तपाईं आज बिहान चुनाव गर्न जाँदै हुनुहुन्छ। यदि तपाईं भोलि वस्नुहुन्छ भने भोलि तपाईंले एउटा चुनाव गराउनु पर्नेछ। तपाईंलाई कुनै न कुनै बेला चुनाव गराउनै पर्छ। भाइ धेरै समयपहिले मैले पनि एउटा चुनाव गरें; यो बाइबल मेरो लागि एउटा शब्दकोष थियो, यो बाइबल मेरो जीवनको पुस्तक थियो, यो वाइवल परमेश्वरको वचन थियो। यो बाइबल नै त्यो हो जसद्वारा म जीवित रहन्छु। यो बाइबल नै त्यो हो जसको पक्षमा म उभिनेछु।

११५. यही कारण थियो कि मोसाले इस्रायलका सन्तानहरूमाथि दृष्टि लगाए र केवल उसले यो भनेको थियो, 'ओहो ती साह्रै असल मानिसहरू हुन्। म उनीहरूको एकदमै विरूद्ध छुइन। ठीक यसै रीतिबाट अनेकौं मानिस गर्दछन्। उनीहरू भन्दछन्, "ओहो, ती पेन्टीकोस्टलहरू तथा ती मानिस जसलाई पवित्र आत्मा प्राप्त छ र ती जो दिव्य चंगाईमा विश्वास गर्दछन्, ओहो, मसँग उनीहरूको विरोध केही छैन।" तर मोसा यस्तो थिएन। उसै त मिस्रलाई त्यागी दिएको थियो र उनमा इस्रायलीहरूबाट

एउटा बनेको थियो, ऊ बाहिर निस्कियो र आफ्ना भाइहरूको माझमा आएर मिल्यो। उ उनीहरू मध्यमा एउटा थियो।

११६. भाइ, यो हो त्यो जसमा आफ्नो वाटो (पथ) लिन्छ। म त प्रभुले चुन्नुभएका अल्पसंख्यक मानिसहरूसँग नै पथ (वाटो) लिनेछु, चाहे उनीहरू थोरै नै किन नहुन्, अथवा उनीहरू केही पनि किन नहोऊन्। उनीहरूसँग त एउटा प्रतिज्ञा छ र म उनीहरूको नामहरू मेम्नेको जीवनको पुस्तकमा देख्दछु (हेर्दछु) उनीहरू मेरा भाइ हुन्। यो सही कुरा हो। तपाईं आफ्नो चुनाव गर्नुस् र उनीहरूसँग उभिनुस्। चाहे उनीहरू गलत होऊन् या ठीक होउन्, तपाईं जसरी पनि उनीहरूसँग उभिनुस्। यदि उनीहरू गलत छन् भने उनीहरूको सुधारको लागि उनीहरूको सहायता गर्नुस। ठीक छ। तपाईं उनीहरूलाई लात मारेर (लत्याएर) यता उता भागेर कदाचित सुधार्न सक्नुहुन्न।हेर्नुस्, तपाईं उनीहरूलाई बाहिर निकाल्ने यत्न गर्नुहुन्छ।

११७. चार्ली, जस्तो कि उनले भाइ ऐलनको विषयमा भनेका थिएँ, त्यस आगोको विषयमा भनेका थिए जुन उनको........रगत हातहरूमा छ। मैले भनेको थिएँ, "मैले कहिले पनि ऐलनलाई उपेक्षा गरेको थिइन।" मैले भनेको थिएँ, "यदि म ऐलनको जस्तो प्रचार गर्नसक्ने भएको भए त मैले कहिले चंगाई सभा।" अब हेर्नुस्; तर जब रगतको विषमा (रगतमाथि) असहमत भएको कुरो आउँछ कि पवित्र आत्मा भएको प्रमाण रगतको हातहरूमा हुनु हो भने म यस कुरामा असहमत हुनेछु। तर जब भाइचाराको पृतिको कुरो आउँछ, भने ऊ मेरो भाइ हो। युद्धमा म उसको काँधमा काँध जोडेर उभिएको छु। यो साँच्चो हो। यदि ऊ गलत छ भने म उसलाई सुधार गर्नको लागि उसको सहायता गर्ने प्रयास गर्नेछु र यदि ऊ गलत छैन र म गलत छु भने म चाहन्छु कि ऊ मेरो सहायता गरोस् र यसै रीतिबाट हामी यसलाई गर्न सक्दछौं, अब यहाँ हेर्नुस्।

**....त्यो भेद ठूलो वावुल.... पृथ्वीका बेश्याहरू... को आमा थिई....**

११८. मित्रहरू; अब के तपाईं देख्न सक्नुहुन्छ कि मण्डली कस्ती छ, के तपाईं देख्न सक्नुहुन्छ कि आज यी मण्डलीहरू कस्ता छन्, उनीहरू जसरी भए पनि बाँच्न चाहन्छन् त्यसरी नै बाँचिरहेका छन् ? उनीहरू भन्दछन्, "सब थोक एकदम ठीक छ; तपाईं अगाडि बढ्नुस् । किन, त्यसो गर्नमा त कुनै हानी छैन ।" किन तिमी त बस पुराना फेसनको नै भइरहने यत्न गर्दछौं ।" फोहोरी मान्छे फोहोर खान्छ, तपाईं उनीहरूमाथि कुनै ध्यान नदिनुस् । यस्तो गर्नु उनीहरूको स्वभाव हो । अब तपाईं उनीहरूको शिक्षामा नजर लगाउनुस् । अब म चाहन्छु....तपाईं हेर्नुस् । के तपाईंले देख्नुभएको छ कि केही वर्ष पहिले केवल रोमन कैथोलिक मण्डली मात्रै यस्ता थिए जसमा मानिसहरूलार्य चलचित्रको शो हेर्ने अनुमति थियो ? मैथोडिस्ट मण्डली तथा ती सबै नामधारी मण्डलीहरू यस कुराको विषय (बारे) मा सोच्ने छैनन् कि "होइन ती त शैतानका कार्य हुन् ।" ठीक छ, मलाई आश्चर्य हुन्छ कि उनीहरूलाई के भएको छ । हजुर अँ, श्रीमान ।

११९. र, तपाईंलाई थाहा छ, तपाईं ती युवा रोमन कैथोलिक केटीहरूलाई लिनुस्, उनीहरू ती साना-साना (छोटा-छोटा लुगाहरूलाई लगाएर बाहिर आउँछन्... । अब हेर्नुस्, तपाईंहरूमध्ये केही त्यस्तै नै बृद्ध छन् जस्तो कि म छु)... उनीहरू बाहिर आउँछन् र त्यहाँ यी स-साना थिएटरहरूमा जान्छन्; जहाँ उनीहरूले घुँडाभन्दा माथिका वस्त्र लगाएका हुन्छन् । मेरो अनुमान छ कि त्यो मान्छे आज राति अधोलोकमा छ । मलाई थाहा छैन कि ऊ कहाँ छ, म उसको न्यायी हुइन तर जब उसले त्यो अश्लील गीत गाएको थियो जुन रेडियोबाट विना सेन्सर प्रसारित भएको थियो, जुन कि यो गीत थियो, "Roll'em Girlies, roll'em roll'em down and show your pretty knee" कतिलाई यो गीत स्मरण छ, जब त्यो वर्षौं पहिले रेडियोमा पसारित भएको थियो ? यो त्यो पहिलो गल्ती हो जुन त्यहाँ भएको थियो र जब उनले (उनीहरू) ले यस व्यक्तिलाई टेक्ससबाट लिए र स्त्रीहरूलाई बाहिर लिए भने तीभित्रका कपडाको उपयोग उनीहरूलाई यस्तो बनाउनको लागि गरियो कि उनीहरू अलिकता यस्तो देखिउन् कि

उनीहरू होइनन् (थिएनन्); र यस्तै प्रकारका केही लागुन् र उनीहरूलाई यसैको साथ अगाडि बढ्नमा सफल हुन दिए। अब उनीहरू के गर्दछन् ? हल्लिँदै भित्र हिँडेर गएकी छ। यो एउटा आत्मा नै हो।

१२०. एउटा व्यक्ति जो कि कुनै अर्को दिन मसँग कुराकानी गरिरहेको थियो, उसले भनेको थियो, "मलाई थाहा छैन कि के गर्न गइरहेको छु। मसँग एउटा असल इमान्दार केटो थियो र त्यो केटो यस्तो भइरहेको छ जुन उसको हातमा पर्दछ, ऊ उसलाई लिइलिन्छ।"

मैले सोधें, "उ यस्तो किन गर्दछ ?"

उसले भन्यो "किनकिं ऊ एउटा चोरसँग संगत गरिरहेको छ।"

१२१. यदि तपाईं स्वयंलाई कुनै यस्तो व्यक्तिसँग राख्नुस् जो कि चोर हो भने तपाईं स्वयं पनि एउटा चोर बन्नुहुनेछ। मेरी कन्टकीकी आमा भन्ने गर्नुहुन्थ्यो, "यदि तिमी कुनै यस्तो कुकुरसँग सुत्दछौं, जसको शरीर (जीउ) मा उपियाँ पाइन्छ भने तिम्रो पनि उपियाँ हुनेछ।" तपाईं कुनै यस्ती स्त्रीलाई लिनुस् जसमा कुनै राम्रापना छैन र यस्ती केटी (स्त्री) लाइ लिएर कुनै असल शिष्ट केटासँग राखी दिनुस् (दिनुभयो भने) पहिले तपाईंसँग थाहा छ कि त्यो केटो त्यस्तै नै अशिष्ट वा फोहरी हुनेछ जस्तोकि कुनै कुकुरको बच्चो हुन्छ। उसले उसलाई उल्टो बनाइदिन्छे। तपाईं आफूलाई अलग गर्नुस्। बाइबल पनि भन्छ, तिनीहरूबाट बाहिर निस्किएर आऊ। तिमी उनीहरूबाट अलग होउ।" यो साँच्चो हो।

१२२. यदि उनीहरूको मण्डलीहरू यस्तो भ्रष्टतातिर फर्किन्छन् कि उनीहरू आफ्ना मानिसलाई अनुमति दिइरहेका छन्.... अच्छा ( हवस्), कुनै अर्को दिन यहींनिर एउटा भव्य विशाल वैपटिस्ट मण्डलीलाई आफ्नो सभा विसर्जित गर्नुपर्दथियो। त्यहाँ प्रचारक सिर्फ बीस मिनेटमात्र प्रचार गर्न सक्दथिए, किनकि त्यस मण्डलीको पादरीलाई चुरोट पिउनु

थियो । त्यसकारण सबै वाहिर उभिए र एकै लयमा (किसिम) सबै चुरोट तानिरहेका थिए र फेरि धुम्रपान गरेपछि पादरी तथा अन्य सवै पुन: फेरि गिराजाभित्र आए । म एउटा (Congregationist Church) गएको थिएँ, त्यहाँ एउटा पुरूष विराजमान थियो, उसले एउटा लामो चोगा लगाएको थियो र उ यसप्रकारले प्रचार मञ्चमा निहुरियो र उ त्यहाँनिर ती केही फूलहरूको बारेमा कुराहरू गरिरहेको थियो जुन एउटा पर्वतमा भेट्टाएको थियो । त्यहाँनिर उससँग वताउनको लागि केवल यही थियो र ऊ फर्किएर तल गयो र उसका औंलाहरू चुरोटको धुवाँले पहेंला भएका थिए । हजुर अँ ! र ऊ ती स्त्रीहरूको विषयमा- ती पुरूषहरूको विषयमा वोलिरहेको थियो जो खेल्न गइरहेका थिए... के तपाईं त्यस जर्मनी खेललाई जुन उनीहरू त्यससँग खेल्दछन्, जसमा तपाईं सारै धेरै तासबाट व्यवहार गर्नुहुन्छ, के भन्दछन् ? मलाई थियो ओ्हो, मैले सोचेको थिएँ कि मैले सम्झी राखेको छु । पीनोकली; उनीहरू पीनोकली खेल खेल्न गइरहेका थिए । म विचारगर्दछु कि यही हो त्यो जहाँ तपाईं यस्तो व्यवहार गर्नुहुन्छ; यो खेल नियम रूपले तास खेल्नु हो । उनीहरू पिनोकली खेलभूतलमा खेल्दछन् । ओहो, मेरा खुदा (परमेश्वर) । यही हो त्यो जहाँ यसको नींव छ । यसमा कुनै आश्चर्य छैन कि उनीहरू यही गर्दछन् र फेरि पनि उनीहरू त्यस कैथोलिक मण्डलीको विषयमा शोर-शरावा (होहल्ला) मच्चाउँछन् जुन यी परिभ्रामी (Rotry) ठाउँहरूमा छन् र लोटरी खेल्दछन् । किन; तिमी प्रोटिस्टेन्टहरू, अत: तिमी यसको विषयमा के भन्न सक्छौ ? के कराही ( कान्ती) ले केत्ली (चियादानी) सँग भन्न सक्छे कि "तँ फोहोरी छस्" निश्चय नै होइन र तिमी यस्तै नै गर्छौ; उनीहरू भन्दछन्, भैगो म त प्रसवीटेरियन हुँ, म त मैथोडिस्ट हुँ ।" जबसम्म तपाई नयाँ जन्म लिनुहुन्न तपाई केही होइन । यो सही कुरो हो र जव तपाई यस्तो कुरो गर्नुहुन्छ भने तपाईंभित्र अलिकता यस्तो चीज हुन्छ जसले तपाईंलाई भन्दछ (भन्दछे) कि ती कुराहरू गलत छन् र तपाईं त्यसवाट निस्किएर वाहिर आउनुहुनेछ र यो कुरो त्यति नै सुनिश्चित छ जति कि तपाईं डुब्नको लागि घुँडासम्म माथि

हुनुहुन्छ। निश्चित रूपले तपाईं जान्नुहुन्छ कि यो सत्य हो। हजुर अँ, श्रीमान ! यस प्रकारको भ्रष्टता किन अगाडि बढ्दै गइरहन्छ ? किनकि

**...बेश्याहरूकी आमा...**

१२३. यिनै दिनहरूमध्ये कुनै एक दिन ती प्राचीन आमा (माता) यो भन्न गइरहेकी छन्, "तिमी जान्दछौ नै के ? प्रिय: आखिरमा हामी दुवै एउटै त हौं। र तपाईं यो जान्नुहुन्छ कि त्यसपछि यिनीहरू के बन्दछन् ? यी सबै नामधारी मण्डलीहरू जस्तै कि अहिले (अब) छन्; मण्डलीहरूको उनीहरूलाई आपस (एकै साथ) मा एकीकरण गरिदिनेछ, के तपाईंलाई थाहा छ कि यसप्रकारका स-साना झुण्ड (समूह) सँग के हुन गइरहेको छ ? केटाहरू, तिमीहरूलाई यसको लागि मूल्य चुकाउनु पर्नेछ। यो पूर्णत: सत्य हो।

१२४. **तर चिन्ता नगरौं, मेम्ना उसमाथि जयवन्त हुनेछ।** किनकि ऊ प्रभुहरूको प्रभु र राजाहरूको राजा हो; र परमेश्वर नामधारी मण्डलीको नेतृत्व गर्नुको सट्टा आफ्नी मण्डलीको नेतृत्व गर्नको लागि जानेछ। भाइ, ऊ त्यस मण्डलीमाथि पवित्र आत्माको त्यस स्वर्ण तेललाई खन्याउनेछ; स्वर्ग तल आगो वर्षाउनेछ; र यस्तो चिन्ह र अद्भूत काम देखिनेछन् जुन तपाईंले पहिले कहिले देख्नुभएको छैन। हजुर अँ, श्रीमान ! ए साना समूह (हुल), नडराओ, किनकि तिम्रो पितालाई इच्छा छ कि तँलाई राज्य दिऊँ।" हजुर अँ, श्रीमान ! त्यो जो अन्तसम्म धीरज (धैर्य) गर्नेछ।" तपाईंले अन्तसम्म धीरज (धैर्य) राख्नुछ। तपाईं बाटोमा एकदमै सोझै-सोझै हिँड्दै रहनुभएको छ, आफ्नो टाउकोलाई कलवरीको अगाडि गरिरहनुस्। यो बाइबल सत्य हो। तपाईं चिन्ता नगर्नुस्।

१२५. अब हेर्नुस्; उनीहरूको केही बानीहरू (आदत) छन। उनीहरूका केही नैतिक मूल्य छन्। हामी यसैमा धेरै वेलासम्म बोल्न सक्दछौं। तपाईं जान्नुहुन्छ (थाहा) छ कि जुन पहिलो कुरो भएको थियो, त्यो यो थियो कि

यो सबैकुराहरू प्रोटिस्टेन्ट मण्डलीहरूमा पसेका (भित्रिएका) थिए। यसपछि कैथोलिक स्त्रीहरूले भन्न सुरू गरे..."किन, तिमी मण्डलीमा जान्छ्यौ भने त्यहाँ छोटा छोटा कपडाहरू (लुगाहरू) जानमा त कुनै हानी छैन; त्यहाँ टाउको माथि एउटा सानो मात्र रूमाल राख्नु नै पर्याप्त छ।" यो उनीहरूको यस प्रकारको रीति-रिवाज हुन् (छन्)।" शुक्रबारको दिन मासु नखाऊ।" र ओहो तिमीले यो कुरो काहाँनेर पायौ कि मण्डलीमा प्रवेश गर्नको लागि टाउकोमा रूमाल राखियोस् ? म तपाईंसँग चाहन्छु कि तपाईं मलाई यो वचनमा देखाउनुस्। यो एउटा झूठो भविष्यवाणी हो।यो कहाँनेर पाइने गरिन्छ कि जब तपाईं मण्डलीको भित्र हुनुहुन्छ भने तपाईंले आफ्नो टाउकोमा टोप लगाउनुपर्छ ? जब तपाईं कुनै मण्डलीको भित्र आफ्नो शिरमा टोप लगाउनुहुन्छ भने तपाईं मसीहलाई निरादर गर्नुहुन्छ, यो सही कुरो हो। म यो कुरो पुरूषहरूलाई भनिरहेको छु। स्त्रीहरू हो, तपाईंहरूको शिरमा ओढ्ने हुनुपर्ने तर म कसैलाई पनि यस कुराको चुनौती दिन्छु, कि उसले मलाई देखाओस् कि कहाँ (केमा) यो ओढ्ने, टोप या रूमाल थियो। यो ओढ्ने त तपाईंको कपाल हुन् र तपाईं यसलाई पूरै किसिमले काटी सक्नुभएको छ। अब तपाईं यसको विषयमा के भन्नुहुन्छ ? ओहो, उनीहरू भन्दछन्, "यो त पुरानो फेशन थियो।" यदि बाइबल तपाईंहरूको कपालहरूलाई नै तपाईंको ओढ्ने भन्दछ भने तपाईंको केश नै तपाईंको ओढ्ने हो किनकि परमेश्वरको वचन नै सत्य हो।

१२७. तपाईंलाई थाहा छ कि धेरै दिन भएको छैन जब मैले यस ठाउँमा स्त्रीमाथि वचन प्रचारेको थिएँ र उनले आफ्नो कपाललाई लिएर उसले येशूको खुट्टा धोएका थिए र उनले आफ्नो कपाललाई लिएर उसले येशूका खुट्टाहरू पुछेकी थिइन्। मैले भनेको थिएँ, "केवल (खाली) एउटै तरिका छ, जसको द्वारा कुनै स्त्री यस्तो गर्न सक्दछिन् कि उनी उसको खुट्टाहरूलाई धुन या पुछ्नको लागि आफ्ना केशहरू आफ्नो शिरमा बढ्न दिउन् (देओस्)।" यो सही कुरो हो। ओहो, यो एउटा अशोभनीय कुरो हो कि त्यस प्रकारबाट हेरून्...यहाँ यस जम्ने खाले (जमनेवाला) (Freezing) मौसममा

स्त्रीहरूमात्र छोटा-छोटा कोट लगाएर यता त्यता घुमफिर गरिरहेका छन् र आफ्नो नग्न देह (शरीर) को प्रदर्शन गरिरहेका छन् ।

१२७. तपाईं भन्नुहुन्छ कि "किन तपाईं आइमाईहरूलाई मात्र लतारी रहनुहुन्छ ?" तपाईंले चाहनुपर्छ कि तपाईं उनीहरूलाई लतार्नुस् ।

१२८. र तपाईंहरू जो पुरूषहरू आफ्ना स्त्रीहरूलाई त्यसो गर्न दिनुहुन्छ, म थाहा छैन भाइ कि म तपाईंहरूको विषयमा के सोचूँ । अब हेर्नुस्, कुरो साँच्चो हो ।

१२९. र तिमी याजकहरू, म सम्भन्न, कि तिमीहरू यहाँ छौ । तर यदि तपाईं कुनै यस्तो केटालाई देख्नुहुन्छ भने उसलाई भन्नुस् कि ऊ तपाईंसँग आएर भेटोस् । बुभ्‍नुभयो ? यदि उसको मनमा मसीहको लागि कुनै सम्मान छैन भने फेरि तपाईं उसको मामला उसको मण्डलीलाई जिम्मा दिनुस विना कुनै... अब ऊ... हुनसक्दछ कि उनीहरू त्यस पछाडि यस मामलालाई बाहिर गरिदिऊन्, तर त्यो प्रचारक या पादरी उनीहरूलाई यस मामलाको (समस्याको) विषयमा बताउँदैनन् भने ऊ येशू मसीहको सेवक बन्ने योग्य छैन । यो पूर्णतः सत्य हो । ऊ मसीहको सेवक हुने लायकको छैन, यदि कुनै मामला (समस्या) बाइबलमाथि आउँछ भने उसले मसीहको एउटा निर्भिक सेवक हुनुपर्छ । निश्चय नै, उसले यस्तै हुनुपर्छ । तर त्यहाँ यस्ता पादरी छन् कि उनीहरू बाहिर जान्छन् र उनीहरू जे मनलाग्यो त्यस्तै त्यसलाई गर्दछन् ।

१३०. र यसपछि सबभन्दा पहिलो कुरो तपाईंलाई कि यो थाहा छ कि सबभन्दा पहिले प्रोटिस्टेनहरूले रोमन कैथोलिकका तीकुराहरूलाई अपनायो । तपाईं मैले मैथोडस्ट, बेपटिस्ट, तपाईं प्रेसवीटेरियन, नाजरीन, पिलग्रीन होलिनस तपाईंहरू सबै, तपाईंहरू एकै खाले हौ, तपाईंहरू त्यसभित्रबाट बाहिर त निस्कनुभयो, तर छ मध्यबाट एउटा थियो तथा अर्का दर्जनौं कुराहरू मध्यबाट आधीकुराहरू लिएर बाहिर निस्कनुस् । त्यहाँ

तपाईंकी "बेश्याहरूकी आमा" तपाईंकी नामधारी मण्डली भन्दछे, "जबसम्म उनीहरूले ती कुराले के फरक पर्दथियो ?" बुझनुभयो ? यसले धेरै बढी फरक पर्दछ। उनीहरूले कहिले पनि यी कुराहरूलाई त्यस मुख्यालयमा आरम्भ गरेका थिएनन्, जुन माथि छ। हुनसक्दछ कि तपाईंले ती कुराहरूलाई ती मुख्यालयहरूमा आरम्भमा जुन यहाँ तल छन्, परन्तु यी कुरा त्यस एउटा मुख्यालयमा आरम्भ भएको थिएनन् जुन त्यहाँ माथि छन्। यो त यस कुरामा निर्भर गर्दछ कि तपाईं कहाँको हुनुहुन्छ। यो साँच्चो हो।

१३१. अब म विचार गर्दिन कि हामीसँग एउटा अर्को विषयमा हेर्नको लागि समय होस्, उचित चाहे हुन्छ कि (होला कि) म त्यसलाई अघिल्लो दिनको लागि (बिहानको लागि) छाडी दिउँ। ठीक छ, आउनुस् अब हामी यी साना साना कुराहरूलाई लिउँ। हामीसँग यहाँनिर "पानीमा वप्तिस्मा" नामक विषय छ हामीसँग ... नामक विषय छ, र त्यसै प्रकारको अन्य धेरै कुराहरू छन्। अतः आउनुस्, हामी खाली यस लघु विषयलाई जो "स्त्री प्रचारकहरू" छन् लिउँ।

१३२. अब हेर्नुस्; अब स्त्री प्रचारक हेर्नुस् : म तपाईंहरूको मनमा कुनै ठेस (दुख) पुऱ्याउन चाहन्न तर म तपाईंहरूलाई केही भन्न चाहन्छु। तपाईंहरूको समर्थनमा वचनमा एक शब्द पनि पाइँदैन...तपाईंको समर्थनमा वाइवलमा एक शब्द पाइँदैन। जी हो, मलाई थाहा छ कि तपाईं कहाँ अग्रसर भइरहनुभएको छ र म तपाईंको सबै...गरिसकेको छु...जी हजुर बाइबलमा लेखेको छ, र "तिम्रा छोरा र छोरीहरूले भविष्यवाणी गर्नेछन्।" अब, यदि तपाईंको पादरीलाई थाहा छैन कि "भविष्यवाणी" शब्दको के अर्थ हुन्छ, यदि उ, यसको अर्थ जान्दैन भने उसको कुनै काम छैन कि उ प्रचार मञ्चको पछाडि उभियोस् र तपाईंलाई यो भन्ने कोशिश गर्छ कि तपाईं प्रचारक बन्नुस्। बुझ्नुभयो ? किनकि स्त्रीहरूलाई उत्पत्तिदेखि लिएर प्रकाशित वाक्यसम्म प्रचार गर्नको लागि पूर्णतः मनाही गरिएको छ। अब हेर्नुस् म तपाईंलाई यहाँनिर यसलाई देखाउँछु।

१३३. अब म तपाईंहरूसँग यो चाहन्छु कि तपाईंहरू मसँग १ तीमुथियुस २:११ निकाल्नुस्। तपाईं बस निकाल्नुस् र अब हामी यसलाई यहाँनिर हेर्नेछौं र हामी यसलाई प्रेरितहरूको कामको अर्को अध्यायमा पनि हेर्नेछौं तपाईं बस यहाँनिर त्यो सुन्नुस्, जुन वचनलाई यसको बारेमा-भन्नु छ।

१३४. अब धेरैजसो मानिस यही भनिरहन्छ, "ठीक छ, भाइ ब्रान्हाम, तपाईं त बस स्त्रीहरूसँग घृणा गर्ने खाले एउटा प्राचीन व्यक्ति हुनुहुन्छ।" म स्त्रीहरूलाई घृणा गर्नेवाला कुनै व्यक्ति हुइन। म... मलाई त मात्र यो हेर्न मन लाग्दैन (प्रिय) लाग्दैन, कि कुनै स्त्री त्यस स्थानलाई लिन प्रयत्न गरिरहेकी छ जुन उसको होइन। यो ओहियों नदीमा पाइनेवाला सफलतम् वन्दरगाहाहरू मध्ये एउटा थियो, उनले एउटी स्त्रीलाई उसको कार्यभारलाई नियन्त्रित गर्नको निम्ति राखिदिएका थिए र देख्नुहुनेछ कि उसको के हालत भएको थियो। उनीहरूले स्त्रीहरूलाई मतदान दिन पाउने अधिकार प्रदान गरे र तपाईं हेर्नुस कि के घटित भयो (घट्यो)।

१३५. अँ म ठीक यहींनिर तपाईंलाई केही बताउँछु। म यो न केवल कमजोड दिमाग भएका स्त्रीहरूलाई भनिरहेको छु; बरु म चाहन्छु कि ती पुरूषले पनि सम्झुन् जो यसभित्र छन् तर भाइ म तपाईंलाई केही भन्दछु कि यो राष्ट्र एउटा स्त्रीप्रधान राष्ट्र हो। म तपाईंको लागि यसलाई वचनद्वारा सिद्ध गर्ने छु, म यस कुरालाई कुनै पनि त्यस वस्तुद्वारा सिद्ध गर्न सक्दछु जसद्वारा तपाईं चाहनुहुन्छ कि म यसलाई तपाईंको लागि सिद्ध गरूँ। यो स्त्रीप्रधान देश हो। हाम्रो धनमाथि के दृष्टिगोचर हुन्छ ? एउटी स्त्री। तपाईं यसलाई प्रकाशित वाक्यको पुस्तकमा कहाँनिर भेट्टाउनुहुन्छ, कहाँनिर तपाईं यसलाई प्रकाशित वाक्यको पुस्तकमा देख्नुहुन्छ ? यसको अंक पनि तेह्र यसको सबैथोक तेरह अंकबाट नै आरम्भ भएको (सुरू) हुन्छ। तेरह सितारे, तेरह पट्टीहरू (पट्टियाँ), तेरह कोलनीहरू कोलनियाँ, सुरूदेखि नै यसको सबैथोक तेरह नै थियो। यो प्रकाशित वाक्यको १३ औं अध्यायमा दृष्टिगोचर हुन्छ (देखिन्छ)। र, स्त्रीको अंक तेरह हो।

१३६. र १९३३ मा जब हाम्रो यहाँ त्यस ठाउँमा सभाहरू भइरहेका थिए जहाँनिर (जुन ठाउँ) मा अहिले मसीहको मण्डली उभिएकी छ; जतिबेला हाम्रो त्यस पुरानो इटावाला भवनमा सभाहरू भइरहेका थिए, त्यसबेला त्यहाँ प्रभुको दर्शन भएको थियो र मैले भविष्य बताएको थिएँ कि, "जमीन उठेर उभिनेछ र त्यहाँनिर मैगीनोट लाइनको निर्माण गर्नेछ।" तपाईहरूमध्ये अनेकौं मानिसहरूलाई यो स्मरण छ। र मैले भविष्य भनेको बताएको थिए, कि "र कस्तो प्रकारले ती सबै अमेरीकन सैनिक त्यस लाइनमा पर्खालमा घेरिने छन् र अमेरीकनहरूलाई त्यहाँ त्यस पर्खालमा कडा संघर्ष गर्नुपर्ने छ र मैले यो पनि भनेको थिएँ, कि के घटित हुन्छ र मैले रोसेवेल्ट तथा ति सबै कुराहरूको वारेमा भनेको थिएँ कि कसरी उ सत्तामा अगाडि बढ्ला र चौथो पटक पनि राष्ट्रपतिको रूपमा सत्तामा जाला।" र यो कुरो एकदमै त्यस्तै नै घट्यो जस्तो उनको वारेमा भनिएको थियो। "र मैले यो पनि भनेको थिएँ कि कारहरूको आकार अत्याधिक अण्डा आकारका हुँदै जानेछन् , जबसम्म कि अन्तका दिनहरूमा तिनको आकार पूर्णतः अण्डाकार हुने छैनन्।" अब यो भनिएको थियो, "यस्तो हुने छ कि ती कारहरू एस्टेयरिङ्ग ह्वीलद्वारा गुड्ने छैनन्। कुनै अरूनै वस्तु हुनेछन् जसले यसलाई चलाउने छन् ति कारहरूलाई उनीहरू लिएर आइरहेछन् र तीनको सुरक्षाहेतु तिनलाइ रिमोट कन्ट्रोलकोद्वारा नियन्त्रित गरिने छ। यो सही कुरा हो। तब (त्यसपछि) तपाई कुनै शहरको भित्र प्रवेश गर्न सक्नुहुने छैन , किनकि तपाईं विस मिलको परिधिसम्म मात्र आउन सक्नुहनेछ। किनकि तपाईंकारको नियन्त्रण रिमोट कन्ट्रोल गर्दैरहला।" हेर्नुस्, कि ठीक यसैबेला कार त्यस्तै हुँदै गरिरहेका छन्। र मैले भनेको थिएँ "सम्झना रहोस् कि त्यस दिनमाः यो भन्दा पहिले कि अन्त समय आओस : यो भन्दा पहिले कि अन्त समय आओस् एउटी स्त्री.....

अब, तपाईंहरू सबै यस कुरालाई लेख्नुस्। एउटी महा शक्तिशाली स्त्री उठेर उभिने छिन्... यस संयुक्तराज्य अमेरिकामा कुनै शक्तिशाली स्त्री देखा पर्नेछ जो राष्ट्रपति या अधिनायिका हुनेछ र यो देश स्त्रीहरूको

प्रभावमा डुब्नेछ, अब तपाईं यो स्मरण राख्नुस्, **कि योहोवा यो भन्नुहुनेछ वाला वचन हो ।**

१३७. हेर्नुस, यो स्त्री गलत हो। यसले के दिएकी छ ? म तपाईलाई भन्छु कि तपाईं आस्तिक बनिरहनुस्, तपाईं आँखा उघार्नुस् र हेर्नुस्। यो उ किन गरिरहेको छ ? ताकि कैथोलिक मण्डलीलाई आफ्नो देशभित्र आउनको लागि अवसर देओस्। बुझ्नु भयो ? तपाईं यि फिल्मी कलाकारहरूलाई तथा ति विभिन्न मानिसहरूलाई जो यहाँ बाहिर छन् पूजा गर्नु हुन्छ। के तपाईलाई त्यो सन्देश स्मरण छ। जुन मैले प्रचारेको थिएँ ? मार्गी तपाईंलाई थाहा छ, कि बर्षौ पहिले कसरी अमेरिका माथि आक्रमण भयो, कसरी त्यस आक्रमणले अमेरिकी सरकारलाई उखलेर फ्याकेको थियो। र कसरी मैले भनेको थिएँ कि उ पेरीसमा उसको पछि (त्यस पछि) उठेर उभिएको थियो , जब हामीले उनीहरूलाई त्यहाँनिर त्यस स्त्री, रक्सी र ठूलो भयानक समयदेखि बचायका थियौं र त्यो ठीक हाँलीबुडको मित्र बनेको थियो। अब यसको साटो कि हामी मोडलहरूलाई लिनको लागि पेरिस जाऔं, उनीहरूले यहाँ मानिसलाई मोडल लिनको लागि पठाउँछन्। यसले के गऱ्यो ? यो भयो.... हामी आफ्ना केटाकेटीहरूलाई कुनै फिल्मीशो हेर्नको लागि जान त दिदैनौ तर यो त टेलिभिजनमा आइरहेको छ : त्यसमा चलिरहेको छ -यि फिलिमहरू त्यसमा आइरहेको छ र सारा चिज नै विकृत भइसकेको छ सारा देश नै नष्ट भै सकेको छ। आज हामीसँग यी साना साना केटा केटी छन् जो किपुरै किसिमले यी टेलिविजन कलाकार सरह नै छन। यो के हो ? यो एउटा बाटो बन्दै छ। केटाहरू एउटा बद्नाम स्त्री त्यो भन्दा कैयौं बढी मानिसहरूलाई नरकमा पुऱ्याउन सक्छे जति कि तपाईं पूरा शहरमा जोड लगाउन सक्नु हुन्छ। यो साँच्चो हो तपाईं उसलाई सडकमा आफ्नो लुगा फुकालेर जादै गरेको हेर्नुस्, म यसको पर्वाह गर्दिन कि उ कुन पुरूष हो -यदि उ साधारण स्वस्थ्य पुरूष हो भने जब उ त्यस स्त्रीलाई हेर्दछ भने उ वाध्य छ कि उसमाथि कसले (कोही) कटाक्ष गरून। बस तपाईं सत्य निष्ट बनिरहनुस्। म पर्वाह गर्दिन्।

१३८- मसँग बर्षौंदेखि पवित्र आत्मा छ। तपाईं त्यस स्त्रीलाई जो अर्धनग्न छ या जसले अर्धनग्न वस्त्र लगाएकी छ देख्न सक्नुहुन्न ......म आफ्नो कोटमा सानो क्रस झूण्डयार राख्ने गर्छु, तपाईंहरू मध्ये धेरै मानिसहरूले देख्नु भएको छ। कसैले मसँग भनेको थियो, "के तपाईं रोमन कैथोलिक हो ?" कहाँनिर कैले कैथोलिकहरूलाई क्रसमा (माथि) कुनै विकल्प भेटाइएको थियो ? क्रुसको अर्थ हो "मसीही"।

१३९. ती प्राचीन सन्त सीसीलिया र ती प्राचिन वस्तुहरू कैथोलिकवादका चिन्ह हुन्। हामी त्यस प्रकारका अर्थपूर्ण कुराहरूको प्रतीति गर्दैनौ। वस हामी त मसीहको प्रतीति गर्दछौं। उनीहरूसँग त सबै प्रकारका मृत मानिसहरू छन् जसको उनीहरू उपासना गर्दछन्। यो त प्रेतआत्मावादको एउटा उच्चतम् रूप हो। त्यहाँनिर त सबै यिनै छन्, किन उनीहरू मृतकहरूको उपासना गरिरहेका छन्। तर हाम्रो यहाँ यस्तो प्रकारको केही छैन।

१४०. मैले त्यस पुरोहितसँग सोधेका थिए किन तब त, नदि .....के पतरस तपाईंको प्रथम पोप थियो ?"

"यो सत्य हो।"

१४१. मैले भने, "त्यसो भए फेरि के गरेर पतरसले भनेको थियो, कि परमेश्वर र मानिसको विचमा कोही छैन बरू त्यो मसिह येशू मनुस्य नै परमेश्वर मनुष्यको माझ छ।" र तपाईंसँग त पाँचहज्जार मृत स्त्रीहरू तथा अन्य सबै (जोसुकै) छन् जो तपाईंको लागि मध्यस्थता गरिरहेका छन्। अब तपाईंलाई के भएको छ ?" तपाईं त्यसै स्थितिमा हुनुहुन्छ। उनीहरूसँग यस कुराको लागि उत्तर दिनैको लागि कुनै उत्तर छैन। यो ठीक कुरा हो।

१४२. अब उनको केही शिक्षाहरूको, उनको झुठा शिक्षाहरूलाई लिएर प्रोटिस्टेन्टका केही झुठा झुठा अगमवक्ता आउँछन्, र उनीहरूलाई

प्रोटिस्टेन्ट मानिसहरू तिमीहरू तिनीहरूलाई निलिरहेका छौं। यो पूर्णत सत्य हो। नामधारी कलोसिया र वप्तिस्माका भिन्न प्रारूप र विभिन्न तन्त्र तथा अरू कुराहरू जसको तपाईं अनुकरण तथा अरू कुरालाई जसको तपाईं अनुकरण गरी रहनु भएको छ, पूर्णत: वचत विरोधी छन्। उनीहरू वचनका विरोधी वचन विरोधी छन्। उनीहरू वचनका विरोधी हुन् तापनि तिमी उनीहरूको अधिनमा रहन्छौं। यो सही कुरा हो।

१४३. अब तपाईं यसलाई सुन्नुस जुन कुनै प्रचारकहरूको विषयमा भनिएको छ। ठीक छ, पहिलो कुरा त यो हुनेछ, कि म तिमुथि २:११ बताउन चाहान्छु। अब तपाईं त्यसमा कान लगाउनुस् जुन यो यहाँ भन्दछ।

र **स्त्रीलाई चुपचाप पूरा अधिनतामा सिक्नुपर्दछ।**

**र म भन्दछु, की स्त्रीले नत उपदेश गरून, र न त पुरूषमाथि आज्ञानै चलाउनु बरू चूपचाप बसुन।**

१४४. म यस कुरालाई त्यसमा राख्नुको लागि जिम्मवार छुइन्। म त यस कुराको जिम्मेवार छु कि तपाईंलाई यो भनु कि यो त्यहाँ निर लेखिएको छ। देख्न भयो र बुझ्नुभयो र स्त्रीले चुपचाप पूरा अधिनताले सिक्नुपर्छ.....(यदि कहिले तपाईं आँरथोडोक्स मण्डलीमा जानुभयो भने, तपाईं त्यहाँका मानिसहरूलाई हेर्नुस्। बुझ्नु भयो)

र भन्दछु कि स्त्री, नत उपदेश गरून न त पुरूष माथि आज्ञा चलाउनु (त्यो पादरी डीकन या यस्तै प्रकारको कुनै अधिकारी न बनुन्।

**.... र न त पुरूषमाथि आज्ञा चलाउन, परन्तु चुपचाप रहुन्।**

किनकि **आदम पहिले, त्यसपछि हव्वा बनाइएकी थिई।**

१४५. के तपाईंलाई यो थाहा थियो.......अब तपाईं स्त्रीहरू, सुन्नुस । तपाई धर्मी स्त्री नै ति उत्तम बस्तु जुन परमेश्वर कुनै पुरूषलाई प्रदान गर्न सक्छ, अन्यथा उसले केही अलग वस्तु दिएको हुन्थो । जि हजुर श्रीमान् । बुझ्नु भयो र एउटा स्त्री मूल सृष्टिसम्ममा पनि थिइन् । स्त्री परमेश्वरको सृजिएका उत्पादित (Prooduct) होइनन् । त्यो त पुरूषबाट निकालिएका उत्पादित हो । परमेश्वरले त मानिसलाई नर र नारी गरेर उत्पत्ति गरेको थियो । सबभन्दा पहिले मनुष्य पृथ्वीमा बसीसकेको थियो र पशुहरूको नाम राखिसकेको थियो, र यहाँ पृथ्वीमा धेरै समयसम्म बसिसको थियो, परमेश्वरले आदमको करङमध्य एउटा निकालेर त्यसबाट एउटी स्त्री बनाइयो, यसैले बाइबल भन्दछ, आदम पहिले, त्यसपछि हब्बा बनायएको अब तपाईं हेर्नुस् ।

**र आदम वहकाइएन, तर हब्बा वहकाइमा आएर अपराधी भई ।**

१४६. परमेश्वरले पुरूष लिएका थिए, र शैतानले स्त्रीलाई लिएको थियो । तपाईं सोझै यसको अनुहारमा हेर्नुस् र हेर्नुस् कि यो आज के गरिरहेकी छ ? परमेश्वरका साच्चा मण्डलीमाथि दृष्टि लगाएनुस उ भन्दछे, "येशू" जब कि मसीह विरोधी मण्डली "मरियम" भन्दछे । तपाईं ती आत्माहरूमाथि दृष्टि लगाउनुस, हेर्नुस् तिनीहरू त्यहाँ छन् । ऊ भन्द छे, "ए सन्त मरिया, परमेश्वरकी आमा, त जो स्त्रीहरूमा धन्य छस हामी पापीहरूको लागि प्रार्थना गर, अब र हाम्रो मर्ने बेला । आमिन । के मरियम प्रार्थना गर्दछे ? ओहो, मेरो परमेश्वर । देख्नुभयो तपाईं त्यस्तै नै स्थितिमा हुनुहुन्छ, "स्त्री" त शैतानको पात्र हो । मसिहनै आराधनाको पात्र हो, र केवल मसिह मात्रै आराधनाका पात्र हुन् ।

१४७. आदम पहिले बनाइएको थियो, र त्यसपछि हब्बा बनाइएकी थिइ । आदम वहकाइएन । र तपाईंसँग कस्ती स्त्री पादरी, स्त्री डीकन हुन सक्छे ? आदम वहकाईको थिएन, तर हब्बा वहकाईएकी थिई, उत वास्तवमा उस्ले

यो सोचेको थिएन कि उ गलत हो, तर उ गलत थिई। स्त्री वहकाईमा आएर अपराधीन (अपराधी) भई। किन कि उनीहरू हरपटक जब सडकमा कुनै अत्येष्टि जान्छ, भने त्यसको कारण स्त्री नै हुन्छे। प्रत्येक पटक जहिलेसुकै नानी रुन्छ भने त्यसको कारण एउटी स्त्री नै हो। प्रत्येक पटक जहिलेसुकै कोही मर्छ, भने स्त्री नै त्यस मृत्युको कारण हुन्छे। हरेक सेतो कपालको कारण स्त्री नै हो। हरेक वस्तु र मृत्यु स्त्रीले नै उत्पन्न गरेका हुन्। हरेक ती कुराहरू जुन गलत छन्, त्यसलाई स्त्रीले नै उत्पन्न गरेका हुन्। र फेरि पनि उसलाई मण्डलीको प्रधान बनाई दिने गरिन्छ। उसलाई पादरी वनाइदिने गरिन्छ। र कहिले कहिले त्यसलाई विशप नै बनाइदिने गरिन्छ। उसलाई यस्को लागि शर्म (लाज) लाग्नु पर्ने।

१४८. अब म एक मिनेटमा वचनभित्र बाट एउटा अर्को ठाउँमा यससँग सम्बन्धित लेख निकाल्दछु। अब आउनुस्, हामी कुरिन्थियों १४:३२ निकालौं र हेरौं कि पावलले के भनेको छ, र फेरि मात्र एक मिनेटमा यसैसँग सम्बन्धित वचनका केही अरूलेख हेर्ने छौं। र यसपछि तपाईं हामी सारै धेरैवेर सम्म रोकन चाहदैनौं, यदि हामी तपाईंलाई सारै धेरै बेरसम्म बस्यौं भने तपाईं अहिले विहान नै यति थाक्नु हुने छ कि तपाईं यहाँ फेरी फर्किएर आउनुसक्नु हुने छैन। ठीक छ, म यसलाई पढ्न चाहान्छु। कतिले यस कुराको विश्वास गर्दछन्। कि पावल पवित्र आत्माको प्रेरणावाट ओतप्रोत पवित्र आत्माको प्रेरणाबाट ओतप्रोत शिक्षक थियो र अब, तपाईं स्मरण राख्नुस, कि पावलले यसै कुरालाई तिमोथीलाई पनि लेखेको थियो। बुझ्नु भयो ? अब यो। कुरिन्थियों (कुरिन्थिहरू १४:३२ हो। अब हामी यसलाई यहीबाट पढ्नु सुरू गरौं र यसलाई १४:३४ सम्म पढौं। मलाई यकिन छ कि यो १४:३४ हो।

**तिम्रा स्त्रीहरू मण्डलीहरूमा चुप लागुन्।**

१४९. के तपाईंले सुन्नुभयो, कि उसले के भनेको थियो ?

**तिम्रा स्त्रीहरू मण्डलीहरूमा (स्त्रीहरू मण्डलीको सभामा) चुपचाप बसुन्, किनकि उनीहरूलाई कुरा गर्नको लागि आज्ञा छैन, तर अधिनमा बस्ने आज्ञा छ...**

१५०. के तपाईंले यसमा पर्याप्त अध्ययन गर्नुभएको छ ? यदि तपाईंले यसमा पर्याप्त अध्ययन गर्नुभएको छ भने तपाईं यसलाई पछाडि हेर्नुस् र हेर्नुस् कि के उत्पत्ति ३:१६ मा यसको विषयमा बताइएको छैन। जहाँ परमेश्वरले हव्वासँग भन्नुभएको थियो; तैंले आफ्नो पतिको कुरा सुन्नुको साटो सर्पको सुनिस्, यसैले तेरो पति तँमाथि तेरो सारा जीवनभरि प्रभुत्व गर्नेछ। कसरी एउटी स्त्री आएर पुरूषमाथि प्रभुत्व गर्नसक्दछे, "स्त्री अधिनतामा रहुन्, जस्तो कि ऊ आरम्भमा तब अधिनतामा थिई जब परमेश्वरले उसलाई अधिनतामा रहनको लागि भन्नुभएको थियो...परमेश्वर बदलिनु हुँदैन। तपाईं वचनलाई यस्तो बनाउन सक्नुहुन्न कि ऊ यहाँ कुनै एउटा कुरो भनुन् तथा उहाँ कुनै अर्को कुरो गरून् वचन यस्तो गर्दैन। ऊ त सर्वदा एकै किसिमका रहन्छन्। अतः जहाँ आरम्भमा यो छ...

१५१. योभन्दा पहिले कि यो समाप्त होस्, यदि मलाई मौका मिल्यो भने म त तपाईंको लागि विवाह र तलाक (सम्बन्ध विच्छेद) को मामला ( समस्या) लाई सुधार्न चाहन्छु। मैले आजसम्म यस मण्डलीमा यस्तो कहिले गरेको छुइँन। तर तपाईं यस दोहोरो वाचामा नजर लगाउनुस्। एउटी भन्दछे, ऊ विवाह गर्न सक्छे, जबकि अर्की भन्दछे कि ऊ विवाह गर्न सक्दैन र यो वाली वचन त यो भन्दछे र त्यो वालीवचन त्यो या अन्य केही भन्दछे। तपाईं वस एक मिनेट प्रतिक्षा गर्नुस् र जब हामी त्यसमाथि आउनेछौं त तपाईं देख्नुहुनेछ कि बाइबल त्यसको विषयमा के भन्दछ। बुझ्नुभयो ? ठीक छ, अब तपाईं यहाँनिर (यस्मा) दृष्टि लगाउनुस्।

**...किनकि उनीहरूलाई कुरा गर्ने आज्ञा छैन, तर अधिन रहनको आज्ञा छ : जस्तो व्यवस्थामा लेखेको पनि छ ।**

१५२.  त्यसो भए त उनीहरूलाई पुरानो नियममा पनि बोल्नको आज्ञा थिएन, किनकि यहाँनिर पावल बताउँछ कि उनीहरूलाई कुरा गर्ने आज्ञा थिएन । के यो साँचो हो ? "तिम्रा स्त्रीहरू चुप लागुन्, उनीहरू आधिनतामा रहुन् ।" यदि तपाईं यसमा अध्ययन गर्न चाहनुहुन्छ भने तपाईं यस विषयमा उत्पति ३:१६ हेर्नुस् । बुझ्नुभयो ? ठीक छ, "जस्तो कि व्यवस्थामा पनि लेखेको छ कि ऊ आधिन रहोस् ।"

> **र यदि उनीहरू केही सिक्न चाहन्छन् भने घरमै आफ्ना आफ्ना पतिसँग सोधुन्, किनकि स्त्रीको मण्डलीमा कुराहरू गर्नु लाजको कुरा हो ।**

१५३.  अब तपाईंहरू प्रत्येक आफ्नो आफ्नो बाइबलमा प्रश्नवाचक चिन्हलाई हेर्नुस्, जुन "के" मा लागेको छ । कसले पावललाई त्यो भन्न र उसमाथि त्यस्तै प्रकारको अमल गर्नको लागि विवश गरेको थियो ? अब, काश कुनै बेला तपाईंलाई ती पत्र भेटिउन् जो कुरिन्थसका मण्डलीका मानिसहरूले पावललाई लेखेका थिए । अब तपाईं यी पत्र कुनै पनि राम्रा पुस्तकालयमा भेट्टाउन सक्नु हुनेछ । हेर्नुस्, ती पत्र हुन् जसलाई कुरिन्थीसका मण्डलीका मानिसहरूले पावललाई लेखेका थिए र उनीहरूले यी पत्रहरूद्वारा पावललाई त्यहाँका मण्डलीको दशाको विषयमा बताएको थियो । उनीहरूले यो चिठी त्यसपछि लेखेका थिए तब ती स्त्रीहरू मसीही बनेका थिए...त्यहाँ उनीहरूकी एउटी देवी थिई जो कि डायना भन्थिइन् (Diana) भन्थिइन् र उ इफिसुस शहरकी पनि देवी थिई र कुरिन्थीसका मानिस ठीक यसै देवीको उपासना गर्दथिए, किनकि यो एउटा मूर्तिपूजा थियो र एक दिन उनीहरूले मैदानमा एउटा चट्टान भेट्टाए जस्तो कि आकार स्त्रीको सदृश थियो र उनीहरूले भने, "परमेश्वर एउटी स्त्री हुन् र उसले हाम्रो लागि प्रतिभा तल लडाएकी हुन् (छन्) ।" र, इतिहासकार बताउँछन् कि उनको मन्दिर सुलेमानको मन्दिरभन्दा कैयौं राम्रो थियो । ओहो, त्यो मन्दिर पुराको पुरा संगमरमरको बनेको थियो; र सुनले अलंकृत थियो,

जबकि सुलैमानको मन्दिर देवदारको काठले बनेको थियो र सुनले अलंकृत थियो। बुझ्नुभयो र त्यसदेवीको मन्दिर सुलेमानको मन्दिरभन्दा कैयौं राम्रो थियो र फेरि उनको यो पनि मान्नुथियो कि यदि परमेश्वर स्त्री हुन् भने किन, निश्चय नै उसकी स्त्री पुरोहित हुन सक्दछे। यदि परमेश्वर स्त्री हो भने स्त्री पचारक हुनु नै ठीक हो। तर परमेश्वर पुरूष हुन्। बाइबल बताउँछ कि ऊ एउटा पुरूष नै हो  ऊ एउटा पुरूष हो। बुझ्नुभयो ? र यदि परमेश्वर पुरूष हो भने त उसको पुरोहित या याजक पुरूष नै हुनुपर्ने।

१५४.  अब हेर्नुस्, त्यसमध्येबाट केही स्त्री पुरोहित पागानमतबाट मसिही मतमा आए त उनीहरूले विचारगरे कि उनीहरू आफ्नो कार्यालयलाई एउटा प्रचारकको सरह राख्न सक्दछन्, उनीहरू त्यहाँ प्रचार गर्न आउन सक्छन्; यदि उनीहरूले त्यहाँ डायनाको विषयमा प्रचार गरेका थिए भने यहाँ मसीहको विषयमा प्रचार गर्न सक्नेछन्।

१५५.  तर पावलले भन्यो, “के ? परमेश्वरको वचन तिमीबाट निस्कियो ? ....” केवल यसलाई सुन्नुस्। भाइहरू, सेवकाइमा कसरी त्यो गर्न सक्छन ? अब तपाईं ३६ औं पदलाई हेर्नुस् :

> **के परमेश्वरको वचन तिमीबाट निस्कियो ? या केवल तिमीसम्म पुग्यो ?**

यदि कुनै मनुष्य आफूले आफैंलाई भविष्यवक्ता या आत्मिक जन सम्झोस्...

(यहाँसम्म कि तपाईं आफैं स्वयंलाई भविष्यवक्ता नसम्झनुस, अपितु आत्मिक समझको नै पुरूष बनिरहनुस्) .....

**त्यसो भए यो जानिलिनुस् कि जुन कुराहरू म तिमीलाई लेखाउँछु, ती प्रभुका आज्ञाहरू हुन्।** (के तपाईं यसको विश्वास गर्नुहुन्छ ?)

**परन्तु यदि कोही....जाँदैनन् भने नजानुस् ।**

१५६. अब यो कुरो त्यति नै स्पष्ट छ जति कि म यसलाई स्पष्ट रूपसँग बताउन जान्दछु। बुझ्नुभयो ? उसले भन्यो, "यदि कुनै मनुष्य आत्मिक जन या भविष्यवक्ता छन् भने उनीहरूले यो थाहा पाउन् कि जुन कुरो मैले यहाँनिर लेखेको छु ती प्रभुका आज्ञाहरू हुन्। तर उसले यो पनि भनेको थियो, "यदि कसैले नजानुन् त नजानुन्।" हेर्नुस्, तपाईं केवल एउटा नै कार्य गर्न सक्नुहुन्छ; यदि उनीहरू चाहन्छन् कि उनीरूको ठाउँमा स्त्री प्रचारक हउन् भने उनीहरूकहाँ स्त्री प्रचारकलाई रहन दिनुस्; किनकि पावलले त यसलाई त्यही नै आरम्भ हुँदै गरेको देखेको थियो ।

१५७. र कुनै स्त्रीले मलाई बताएकी थिइन्...त्यस स्त्रीले भनेकी थिई, "ओहो, पावल मात्र स्त्रीसँग घृणा गर्नेवाला एउटा प्राचिन थियो ।

१५८. पावल स्त्रीहरूसँग घृणा गर्नेवाला थिएन। तपाईंलाई थाहा छ कि पावल त एउटा प्रेरित थियो; र त्यो पनि अन्य जातकी मण्डलीको लागि । यहाँ हेर्नुस्। के तपाईंलाई थाहा थियो कि पावल...कति मानिस उसको विश्वास गर्दछन्, जुन पावलले प्रचारेको थियो ? के यो त्यो हो जुन उसले यहाँ भनेको थियो ? र पावलले भनेको थियो...

१५९. तपाईं भन्नुहुन्छ, अच्छा, भाइ व्रान्हाम, अब तपाईं एक मिनटको लागि रुक्नुस्। तपाईं खाली एक मिनेटको लागि पर्खनुस्। अब हाम्रो विशपले भनेको छ कि त्यो सबै ठीक छ (हो) जनरल आँवरसी र, असेम्वली भन्दछे कि त्यो सबै ठीक छ (हो) वननैसको विशप भन्दछ कि त्यो सबै ठीक छ (हो) ।"

१६०. म यसको परवाह गर्दिन, कि उनीहरू के भन्छन्, त्यो झूठो हो र मैले तपाईंलाई बताएको थिएँ, कि हामी यसमा ज्यादै जोड दिन गइरहेका छौं र झूठा भविष्यवक्ताहरू नै यस्तो भन्नेछन्। किनकि वाइबल भन्दछ,

"यदि कोही मानिस आफूले आफैंलाई आत्मिक जन या भविष्यवक्ता सम्भन्छ भने उसले यो थाहा पाओस् कि जुन कुराहरू म भन्दछु, ती प्रभुका आज्ञाहरू हुन् ।" र यदि उसको आत्मा त्यस वचनलाई साक्षी दिँदैन भने ऊ आरम्भ देखि नै एउटा भूठो भविष्यवक्ता हो । म त यी व्यर्थका कुराहरूलाई मान्नु (पत्याउनु) को सट्टा, त्यस व्यर्थपूर्ण ठाउँहरूमा जान्नु सट्टा चर्च अफ गोड जो परमेश्वरको आज्ञाहरूको विरोधी छन्, साथ दिनुको साटो, स्त्री प्रेमी हुनुको साटो स्त्रीसँग घृणा गर्नेवाला बन्न चाहनेछु र पावलले गल्तीहरू १:८ मा भनेको छ, "यदि स्वर्गबाट कुनै दूत त्यस समाचारलाई छोड जुन मैले तिमीलाई सुनाएको छु, कुनै अरू सुसमाचार तिमीलाई सुनिाएँ भने स्रापित होस् ।" अब तपाईं उसको विषयमा के भन्न गइरहनुभएको छ ?

१६१. अब तपाईं भन्नुहुन्छ, "उसको विषयमा के छ जहाँ योएल नवीको पुस्तकमा भनिएको छ कि तिम्रा छोराहरू र तिम्रा छोराहरू भविष्यवाणी गर्नेछन् र पतरसले पिन्तेकुस्टको दिन यसको हवाला (जानकारी) दिएको थियो ?" यो एकदमै साँचो हो ।

१६२. के तपाईंलाई थाहा छ कि पुरानो नियममा केवल त्यही एउटा तरिका थियो र अहिले पनि केवल त्यही एउटा तरिका छ कि कोही पनि वाचाको मित्र उसको...द्वारा आउन सकदछ... र अब्राहिम एउटा यस्तो थियो जससँग प्रतिज्ञा गरिएको थियो र त्यस वाचामाथि खतनेको द्वारा छाप गरिएको थियो । कतिलाई यो थाहा छ ? ऊ परमेश्वर थियो जो वाचालाई दृढ गरिरहेको थियो ।

१६३. जस्तो कि एउटा वैपटिष्टः भाइ छ, उसले मसँग भनेको थियो, "भाइ ब्रान्हाम; किन; हामी वैपटिष्टहरूले त पवित्र आत्मा पाएका छौं ।"

मैले भने, "तपाईंले कहिले पवित्र आत्मा पाउनुभयो ?"

उसले भन्यो, "जुन घडी हामीले विश्वास गर्‍यौं ?"

१६४. मैले भने, "पावलले भनेको थियो, के तिमीले जहिलेदेखि विश्वास गर्‍यौं, पवित्र आत्मा पायौं ?" बुझ्नुभयो ? मैले भने, "अब, वैपटिष्ट आउन् र उसको केही अंश पाउन् र फेरि हामी तपाईंसँग अनन्तकालीन सुरक्षाको विषयमा केही (अलिकता) कुराहरू गर्नेछौं ।"

"तर ठीक छ, तपाईं यो यस्तो प्रकारको कहाँ पाउनुहुन्छ ?" बुझ्नुभयो ?

१६५. उसले भन्यो "के जहिलेदेखि तैंले विश्वास गरिस् यसलाई पाइस् ?" उनीहरू विश्वासी थिए र उनीहरू चिच्याइरहेका थिए र आनन्दमग्न भइरहेका थिए र अरू अन्य केही गरिरहेका थिए, तापनि उनीहरूले पवित्र आत्मा पाएका थिएनन्, पावलले भनेको थियो कि उनीहरूसँग पवित्र आत्मा थिएन । बुझ्नुभयो ? उसले सोध्यो, "जहिलेदेखि तिमीले विश्वास गर्‍यौ कि तिमीले पवित्र आत्मा पायौ ?"

र उनले भने, "हामी जान्दैनौं कि पवित्र आत्मा पनि केही हुन्छ ?"

यसमा पावलले उससँग सोध्यो, "त्यसो भए तिम्रो कसरी वप्तिस्मा भएको थियो ?"

१६६. उनले भने मेरो त वप्तिस्मा भइसकेको छ," तर उनको वप्तिस्मा गलत तरिकाले भएको थियो, अत: उसले उनलाई फेरि पनि (दोहोर्‍याएर) वप्तिस्मा दिनुपरेको थियो । यो सत्य हो ।

१६७. अब तपाईं यसमाथि ध्यान दिनुस् कि जब यी स्त्रीहरू प्रचारक मण्डलीमा आइन् त उनले सोचे, कि उनीहरूले आफनो अधिकार पाइसकेका छन् । तर परमेश्वरको तर्फबाट यसो गर्ने कदाचित कुनै अनुमति थिएन । र...अब जबकि हामी यस विषयमा यहाँ छौं भने यी स्त्रीहरू यसलाई हेरून् । अब हेर्नुस् कि यो भनिएको छ, "यदि तिमीहरू मध्येमा कुनै यस्तो व्यक्ति छ जो कि आत्मिक छ या जो भविष्यवक्ता छ (हो) भने उसले

यो थाहा पाओस् कि जुन कुराहरू म लेख्दछु ती प्रभुका आज्ञाहरू हुन्। परन्तु यदि ऊ जान्दैन (थाहा पाउँदैन) भने थाहा नपाओस्।" र यही कारण हो कि... यो आराधनालय खडा भएर स्त्री प्रचारकहरूलाई स्त्री डिकनहरूलाई या अन्य कुनै पदवीलाई यस मण्डलीमा स्त्रीहरूको द्वारा कार्य भार संचालन हेतु नियुक्ति गर्दैन, किनकि यहाँनिर वचन खुला राखिएको छ।

१६८. अब हेर्नुस्, कि बाइबल भन्दछे कि "तिम्रा छोराहरू र तिम्रो छोरीहर भविष्यवाणी गर्नेछन्।" अब तपाई हेर्नुस् कि "भविष्यवाणी शब्दको के अर्थ हुन्छ ? अब तपाई यसमाथि ध्यान दिनुस्। भविष्यवाणीको अर्थ हुन्छ कि "कुनै दिव्य प्रेरणाको अन्तरगत केही भन्नु या भविष्यमा हुने खाले कुनै कुराको विषयमा बताउनु (भन्नु) भविष्यवाणी, शब्द एउटा संयुक्त शब्द हो।

१६९. भविष्यवाणी शब्द ठीक त्यस्तै नै संयुक्त शब्द हो जस्तो पवित्रिकरण शब्द हो र पवित्रिकरण शब्दको अर्थ हुन्छ, स्वच्छ गर्नु र सेवकाई निम्ति अलग (भिन्दै) राख्नु। बुझ्नुभयो ? या यो एउटा संयुक्त शब्द हो। जसको एकभन्दा बढी अर्थ हुन्छ, जस्तो कि अंग्रेजी भाषामा धेरै शब्दहरूको अर्थ हुन्छ।

१७०. जस्तो कि हामी "बोर्ड (Board)" शब्द भन्दछौं। अच्छा "बोर्ड" शब्दको के अर्थ होला ? तपाई भन्नुहुन्छ कि यसको अर्थ हो कि ऊ आफ्नो बोर्डको भुक्तान गर्दछ। होइन, त्यसको यो अभिप्राय थिएन; उसको अभिप्राय त यो थियो कि उसले एउटा प्वाल पारेको छ।" या तपाई हेर्नुस्, कि यो मात्र एउटा शब्द हो र तपाईलाई यो विदितै हुनुपर्ने कि तपाई कसको बारेमा भनिरहनु भएको छ। बुझ्नुभयो ?

१७१. र ठीक यसै प्रकारले यो छ; ठीक यसै प्रकारले यो संयुक्त शब्द हो जहाँ यो भनिएको छ, "तिम्रा छोराहरू र छिम्रा छोरीहरू भविष्यवाणी गर्नेछन्।" अब, केवल एउटै तरिका छ, जसको द्वारा परमेश्वर...

१७२. यस वैपटिस्टले भनेको थियो, "अच्छा हामीले त, पवित्र आत्मा पाएका छौं ।" उसले भनेको थियो, जब मैले यसको विश्वास गरे तब मैले यसलाई पाएँ । मैले भने... अब हेर्नुस्, उसले भन्यो, "परमेश्वरले अव्राहिमलाई दिए..." उसले भन्यो, "अव्राहिमले परमेश्वरमाथि विश्वास गर्‍यो ।" यही त्यो तरिका हो, जसको द्वारा उसले यसलाई लगायो । उसले भन्यो, "अव्राहिमले परमेश्वरमाथि विश्वास गर्‍यो र यही उसको लागि धार्मिकता गनियो ।" कतिलाई यो थाहा छ कि यो सत्य हो ? अब हेर्नुस् कि कसरी कति सजिलैसँग शैतान यस कुरामाथि भाइलाई गुमराह गर्नसक्तछ । हेर्नुस्, यस्तो गर्नु उसको लागि सारै सजिलो छ । अब हेर्नुस्, यो वचन हो ।

१७३. भाइहरू, म यसमा तपाईंहरूलाई बताइरहेको छु; म तपाईंहरूलाई यहाँनिर यसमा बताइरहेको छु कि यसभन्दा पहिले कि तपाईं यसमा प्रवेश गर्नुस्, तपाईंलाई अभिषिक्त हुनु पर्छ (पर्नेछ) । तपाईंले एउटा गुप्त स्थानमा प्रवेश गर्नुपर्नेछ र प्रार्थना गर्नु पर्नेछ । मानिस भन्छन्, "किन तिमी बाहिर जाँदैनौ र किन मानिसलाई हेर्दैनौ ?" भाइ, यदि तपाईं मानिसहरूसँग कुरा गर्न गइरहनुभएको छ या उनीहरूलाई शिक्षा दिन गइरहनुभएको छ भने योभन्दा पहिले कि तपाईं स्वयंलाई एकछिनको लागि परमेश्वरसँग रहिरहन दिनुस् । निश्चय नै, तपाईंले यस्तो नै गर्नुपर्छ, किनकि शैतान तेज-तर्रार छ, शैतान सारै नै तेज-तर्रार छ ।

१७४. त्यस वैपटिस्टले भन्यो; अब ध्यान दिनुस् कि उसले भन्यो, अव्राहिमले परमेश्वरमाथि विश्वास गर्‍यो, यो उसको लागि धार्मिकता गनियो ।" यो साँचो हो । उसले भन्यो, "अब हेर्नुस्, अव्राहिम अरू धेरै केही होइन वरण विश्वास मात्र गर्न सक्दथियो ।" मैले भनें, "केवल यही थियो त्यो सबै जुन उ गर्न सक्दथियो ।"

१७५. उसले भन्यो, "तपाईं या अन्य कोही अरू यो भन्दा धेरै के गर्न सक्दछ, अरू विश्वास मात्र गर्न सक्दछ ?"

१७६. मैले भने, "यही हो त्यो सबै जुन हामी गर्न सक्दछौं । परन्तु हेर्नुस् भाइ, यसपछि परमेश्वरले अब्राहिमको विश्वास चिने । परमेश्वरले उसलाई एउटा छाप दिए, परमेश्वरले उसलाई वाचाको छापाको रूपमा खतको चिन्ह दिए । हेर्नुस्, परमेश्वरले उसलाई एउटा चिन्ह दिए । परमेश्वरले भनेका थिए, "अब्राहिम, अब त तेरो विश्वास चिन्दछु, अत: अब म तँलाई एउटा चिन्ह दिन गइरहेको छु कि मैले तँलाई ग्रहण गरेको छु ।"

१७७. अत: उनले अब्राहिमलाई खोपे र त्यो वाचाको एउटा छाप थियो र अब यस दिनमा......अब हेर्नुस् कि अवैवाहिक स्त्री त्यस वाचामा आउन सक्दैन थिई, केवल वैवाहिक स्त्री मात्र त्यस वाचामा आउन सक्दथिई । तपाईं सम्झनुस् कि एउटा मादाको खतना (दाग) हुन सक्दैनथियो; अत: एउटी वैवाहिक स्त्री मात्र त्यस वाचामा आउन सक्दथिई, किनकि उसको पति ऊ एकै हुन् । उनीहरू अरू धेरै दुई होइनन्, बरू उनीहरू एउटै हुन् ।कतिलाई यो थाहा छ ? पवित्रशास्त्र यस्तै बताउँछ । वैवाहिक छन्, अत: उ एक बन्दछे, उ र उसको पति एक बन्दछन् । र तपाईं तिमुथिको त्यसै पत्रको त्यसै अध्यायमा तलसम्म हेर्नुस् त ठीक यही कुरो भनिएको छ, "तापनि ती नानीहरु आइमाईद्वारा जन्मिएर उद्धार पाउनेछन्, यदि ऊ स्वयंसहित विश्वास, प्रेम र पवित्रतामा स्थिर रहोस् ।"

१७८. अब हेर्नुस् कि त्यसबेला पुरानो नियममा खोप (खतना) शरीरमा हुने गर्दथियो; परन्तु यस नयाँ नियममा; योएलले भनेको थियो, "म आफ्नो आत्मा सबै मानिसहरूमाथि खन्याउनेछु र तिम्रा छोराहरू र तिम्रा छोरीहरू भविष्यवाणी गर्नेछन् ।" अब हेर्नुस्, भविष्यवाणी शब्दको अर्थ शिक्षा दिनु हुँदैन । भविष्यवाणी शब्दको अर्थ या त यो हुन्छ कि "दिव्य प्रेरणाको अन्तर्गत अनुभव बताउनु" या "कुनै त्यस घटनाको विषयमा पहिलेदेखि नै बताउनु जुन कि भविष्यमा घटित हुन गइरहेको छ ।" र हामीलाई थाहा छ कि पुरानो नियममा भविष्यद्वक्तिनी भएकी थिइन् । उनीहरू एउटा शिक्षिकाको रूपमा कुनै भवनमा, कुनै मण्डलीमा, कुनै सभामा कदाचित

बोल्न सक्दैन थिइन् । तर हेर्नुस्, हन्नान र तीमध्ये अनेकौं मन्दिरमा थिए, उनीहरू भविष्यद्वक्तनी थिए र मरियम एउटी भविष्यद्वक्तनी थिइन् या केही यस्तै नै थिइन् । यो साँचो हो कि उसमाथि आत्मा थियो तर उसले आफ्नो स्थान सीमित नै राखेकी थिई । वास्तवमा, आज स्त्रीहरू भविष्यद्वक्तनी हुन सक्दछन् तर उनीहरू शिक्षिका आदि हुन सक्दैनन्, न त उनीहरू प्रचारमञ्चको पछाडि उभि नै सक्दछन् । यदि तपाईं यसो गर्नुहुन्छ भने तपाईं बाइबललाई स्वयं उसकै विरूद्ध बनाई दिनुहुन्छ । बाइबल यसो गर्न सक्दिनन् कि कुनै एउटा कुरो यहाँनिर भनुन् र फेरि कुनै अर्को दोस्रो कुरो यहाँनिर भनुन् र फेरि कुनै अर्को दोस्रो कुरो यहाँनिर भनुन् । यसले त सबैबेला एकै खाले नै कुरो भन्नुपर्ने हुन्छ, अन्यथा यो परमेश्वरको वचन होइन । बुझ्नुभयो ? अतः बाइबलमा जुन यो भनिएको छ कि "तिम्रा छोराहरू र तिम्रा छोरीहरू भविष्यवाणी गर्नेछन्, । यसको यो अर्थ हो कि या त उनीहरू "भविष्यमा हुनेवाला कुनै घटनाको विषयमा बताउने छन्, या कुनै कुरालाई प्रमाणित" गर्नेछन् । अब, तपाईं यसमा दृष्टि लगाउनुस् र यसलाई आफ्नो बाइबलको शब्दकोषमा हेर्नुस् र हेर्नुस् कि के यो सत्य होइन ? "तिम्रा छोराहरूर तिम्रा छोरीहरू भविष्यवाणी गर्नेछन् ।

१७९. अब हेर्नुस्, बाइबल त्यस स्त्रीको विषयमा पनि भन्छिन्, जो स्वाङ्ग गर्दछे या दावा गर्दछे कि उ हो ..... यो कैथोलिक मण्डली र ती स-साना विषयमा पनि लागू हुनेछ जसको बारेमा अब हामी बोल्न गइरहेका छौं । यो दुवैमा लागु हुनेछ । आउनुस्, हामी प्रकाशित वाक्यको पुस्तक निकालौं, र त्यसभित्रबाट त्यसको दोस्रो अध्यायको विसौं पद निकालौं; अब जबकि हामी यहाँनिर यसको ठीक समापनमा छौं, तपाईं यसमा गौर गर्नुस् र हेर्नुस् कि त्यो कति दुष्ट हुन सक्छे; यी अन्तका दिनहरूमा के घटित हुन गइरहेको छ; कसरी यी कुराहरू हुन गइरहेका छन् यिनको माथि बोल्नको द्वारा तपाईं यो हेर्नुस् कि यो स्त्री के हुनेछ । सम्झना राख्नुस् कि कैथोलिक मण्डली एउटी स्त्री हो । हामी खाली यसलाई पढ्दछौं, के हामी यसलाई नपढौं ? अब तपाइं यसमा कान लगाउनुस्; कि कसरी यो भन्दछ, कसरी प्रकाशित वाक्य

२:२० यो भन्दछ, "तर मलाई यो भन्न..." यहाँनिर यो थिआतिरा मण्डलीसँग भनिरहेको छ, जुन कि एउटा मध्यकालीन मण्डली हो, जुन कि अँध्यारो कालहरू भित्रबाट गुज्रेकी थिई ।

> **तर मलाई तेरो विरूद्ध यो भन्नुछ कि तँ त्यस स्त्री इजावेललाई वस्न दिन्छस् जो आफूले आफूलाई भविष्यद्वक्तिन भन्दछे र मेरा दासहरूलाई व्यभिचार गर्न र मूर्तिहरूको अगाडिका बलिदान खान सिकाएर भरमराउँछे । बुझ्नुभयो ?**

१८०. अब यदि कहिले तपाईं यसमा ध्यान दिनुभयो भने यी मण्डलीकालहरूमाथि दृष्टि लगाउनुस् र फेरि हामी यसको समापन गर्नेछौं र यसपछि बिहानको बेला यी दोस्रो कुराहरूलाई अध्ययनको लागि लिउँला । हेर्नुस्; यहुदी· आराधनालयमा स्वर्ण चिरागदान या दियाहरू हुने गर्दथिए... त्यस स्थानबाट जहाँ भेटीको रोटीहरू आदि राखिएका रहन्थे, त्यसको भित्रपट्टि स्वर्ण दियाहरू हुन्थे । हेर्नुहोला, तपाईंहरू मध्ये सबै यस कुरालाई थाहा पाउनुहुन्छ र सात मण्डलीयी काल छन् । र यी सुनका दियाहरूले सात मण्डलीयी कालहरूको विषयमा बताउँछन् । अब यदि तपाईं प्रकाशित वाक्यमाथि ध्यान दिनुभयो भने तपाईं येशूलाई सात मण्डलीयी कालहरूको माझ.... सात स्वर्ण दियाहरूको बीच (माझ) मा उभिएको पाउनुहुनेछ; जब यहुन्नाले हेर्नको लागि आफ्नो अनुहार फर्कियो त उसले ती दियाहरूको बीचमा मानिसको छोरो जस्तै एउटा पुरूषलाई जो पैतलासम्मका लुगा लगाएको थियो देख्यो...ऊ कस्तो थियो, यी दुलही थिइन् जो ती अंकित दियाहरूमा उभिएकी थिई ।

१८१. अब हेर्नुस्, पुरानो नियममा उनीहरू यी सात दियोहरूलाई यसरी बाल्दथिए, कि उनीहरू एउटा दियोलाई बाल्दथिए र फेरि त्यस दियोबाट आगो लिएर अर्को बाल्दथिए, र अर्को दियोबाट अग्नि या प्रकाश लिएर तेस्रो दियो बाल्दथिए र यसै प्रकारले उनीहरू ती सातैवटा दियोहरूलाई बाल्दथिए ।

१८२. यदि तपाईं शुरूमा ध्यान दिनुभयो भने जब परमेश्वरले यहुदीहरूसँग व्यवहार गर्न सुरू गरेका थिए; उनीहरू स्वर्ण काल हुँदै गएका थिए र फेरि यसपछि यहुदीहरूसँग व्यवहार गर्नेवाला अन्धकारतम् युग आयो, अहावको राज्यकालको समय त्यो अन्धकारमय बेला थियो जसमा परमेश्वरले यहुदीहरूसँग अँध्यारो समयमा व्यवहार गरे र यदि तपाईं ती मण्डलीयी समयहरूलाई अध्ययन गर्दै गरेर ध्यान दिनुभयो भने तपाईं देख्नुहुनेछ कि त्यो उससँग फेरि पनि जान्छ। उसले केही समय पहिले नै केही कुराहरूलाई भनिदिएको थियो। अब हेर्नुस्, त्यस अँध्यारो कालमा, अर्थात् पन्ध्र सय वर्षहरूमा या अहावको समय, पहिलो र यहुदीहरूको समय ! यहुदीहरूको सवाधिक अन्धकारमय काल त्यसबेला आएको थियो जब अहावले इजावेलसँग विवाह गर्‍यो र ऊ इस्रायलमा मूर्तिपूजा लिएर आई र सबै मानिसहरूलाई अहावको- आफ्नो देवतालाई पूजा गर्नको लागि विवश गर्‍यो। तपाईंलाई सम्झना होला कि उनीहरूले अशेरा नाम भएको मूर्ति उभ्याएका थिए र परमेश्वरको वेदीहरू खसाएका (झारेका) थिए र एलीशा ठूलो स्वरले पुकार्दै उठेको थियो कि “केवल उमात्रै एउटा एक्लो छ, जो बालको अगाडि निहुरिँदैन र परमेश्वरसँग अहिले पनि सात सय मानिस थिए जो बाल को (केश) अगाडि कहिल्यै निहुरिएका थिएनन्। के तपाईंलाई यो थाहा छ ? यो सत्य चुनिएकी मण्डलीको तस्वीर थियो जुन बाहिर आइरहेकी छ। त्यहाँ हेर्नुस्, हेर्नुस् कि ऊ कस्ती छ ?

१८३. अब यी मण्डलीहरूमा- यदि तपाईं पहिलो मण्डलीमाथि ध्यान दिनुभयो भने तपाईं पाउनुहुनेछ कि पहिलो मण्डली इफिसुसकी मण्डली थिई जो कि एउटी महान मण्डली थिई। उसले भनेको थियो- “अहिले पनि तँमा जीवन छ।” र यदि तपाईं प्रत्येक मण्डलीमा ध्यान दिनुभयो भने तपाईं पाउनुहुनेछ त्यसको प्रकाश मन्द (धिमो) मन्द हुँदै गयो जबसम्म कि थिआतीरा मण्डली। फेरि पन्ध्र सय वर्षसम्म यसतै चल्दै रह्यो। फेरि यसपछि दोस्रो पहलुमा यो आउँछ जसको निम्ति यो भनिएको छ , “र तँसँग मात्रै अलिकता उज्यालो छ। जुन तँसँग छ दृढ गर, कहीं यस्तो नहोस् कि

तेरो दियो हटाइयोस् ।" र फेरि यही उज्यालो मन्द (धिमो) हुँदै फिलेदिफिया मण्डलीको समयमा आउँछ रत्यसपछि लौयाडियायी मण्डली कालमा आउँदछ ।

१८४. अब यहाँ (यसमा) यसको सुन्दरता छ। ओहो, भाइ स्मिथ म बस यससँग प्रेम गर्दछु। हेर्नुस् यसमाथि दृष्टि लगाउनुस्। अब, जब हामीले यसको अध्ययन गऱ्यौं तब हामीले यसलाई मण्डलीयी कालमा पायौं... अब तपाईं यसमा दृष्टि लगाउनुस्। पहिलो मण्डलीयी काल इफिसुस- इफिसुस मण्डलीयी काल थियो। अब यदि तपाईं तिनीहरूमा प्रत्येक मण्डलीयी कालमाथि ध्यान दिनुस् त जबसम्म कि यो पन्ध्र सय वर्षसम्म आउँदैनन्... अब यदि तपाईंलाई समय मिल्छ भने जब तपाईं आज राति आफ्नो घरजानुभयो भने (हुन्छ) त यसलाई पढ्नुस् या योभन्दा पहिले कि तपाईं मण्डलीमा आउनुभन्दा पहिले, तपाईं प्रकाशित वाक्यको पहिलो, दोस्रो र तेस्रो अध्यायलाई पढ्नुस्। तपाईंलाई यी तिनै अध्यायहरूमा प्रत्येक मण्डलीयी काल मिल्नेछ (पाउनु हुनेछ)। उसले भनेको थियो, "तँसँग सामर्थ छ र तैंले मेरा नामलाई इन्कार गरेको छैन, 'जबसम्म कि यो थिआतिराको, अँध्यारो कालको यी पन्ध्र सय वर्षहरूमा आइपुग्दैनन्। यसपछि ऊ अर्कोतिर बाहिर निस्कन्छ र भन्दछ : **...तँ जीवित त भनिन्छस, तर तँ मरेको (मरिसकेको) ....तँ सँ ग एउटा नाम छ कि तँ जीवित छस्...**

१८५. र यी अर्को (दोस्रो) मण्डली कालहरूले या त्यस मण्डलीले या फिलेदिलफिया मण्डली कालले फेरि कदापि त्यस नामलाई लिएनन्। उससँग कहिले पनि त्यो नाम थिएन।

किनकि यस समय अन्तरालमा बाहिर निस्किएको थियो। अब, ओहो कसरी अब हामी उसलाई ती झुठा शिक्षाहरूको लागि माथि राख्न सक्छौं र देखाउन सक्छौं कि ऊ माता हो, कैथोलिक मण्डलीयी सबैकी आमा हो; हामी तपाईंलाई देखाउन सक्छौं कि कसरी उ "आमा भेद वावुल" हो र उ

त्यो थिई तपाईं यस मण्डलीयीकाललाई जब ऊ बाहिर आउँछे देख्नुहुनेछ: उसँग सारै थोरै प्रकाश थियो, फेरि उसको प्रकाश मन्द मन्द मन्द हुँदै यो र फेरि उ पन्ध्र सय वर्षहरूमा एउटा संस्थाको भित्र आउँछे। र अब उ प्रभु येशू मसीहको मण्डलीको रूपमा होइन अपितु रोमन कैथोलिक मण्डलीको रूपमा बाहिर निस्कएर आउँछे। लुथर कस्तो (कुन) रूपमा बाहिर निस्किएर आयो ? लुथरन मण्डलीको रूपमा। वैपटिष्ट कुन रूपमा बाहिर निस्कएर आयो ? वैपटिष्ट मण्डलीको रूपमा। उसको नाम होइन उसको नामको होइन, वल्कि कुनै अर्को नामकी मण्डलीको रूपमा निस्किएर आई, "तेरो एउटा नाम छ।" तर वचन भन्दछ, "किनकि स्वर्गको तल कुनै अर्को नाम दिइएको छैन, जसको द्वारा हामी उद्धार पाउन सकौं र त्यो केवल येशू मसीहको नाम हो।" तँसँग एउटा नाम छ कि तँ ज़ीवित छस्, तर तँ मरेको होस्, "यस्तो ती नामधारी मण्डलीहरूको सन्दर्भमा छस्।"

१८६. "ओहो, म प्रेसवीटेरियन हुँ," र तँ मरिसकेको होस्। ओहो मै वैपटिष्ट हुँ," र तँ मरिसकेको होस्। तपाईं केवल त्यतिबेला जीवित हुनुहुन्छ जब तपाईं येशू मसीहमा जीवितै आउनुहुन्छ। यो सही कुरो हो र तपाईंको पानीमा झूठो वप्तिस्मा छन्, तपाईंको झूठो वप्तिस्मा हो, तपाईं डुप्कीको वप्तिस्मा दिनुको सट्टा, छर्कने वप्तिस्मा दिनुहुन्छ र प्रभु येशू मसीहको नाममा डुब्की (डुब्ने) को वप्तिस्मा दिनुको सट्टा, पिता, पुत्र र पवित्र आत्माको उपाधिहरूमा छर्कने (छिडकाउ) को या पानी पोख्ने (उडलनी) को वप्तिस्मा दिनुहुन्छ। बाइबल बताउँछ कि यी सबै कुराहरू अगाडिसम्म आए र जति दृढताले यसमा पस्न सक्दथी, पसी। र यहाँनिर अहिले पनि हामीलाई उनलाई सहन गर्नुपर्दछ कि "अच्छा, मेरो मण्डली त यसलाई यस रीतिबाट प्रतिति गर्दछे।" वचनमा यस प्रकारको व्यर्थतापूर्ण कुराहरू छैनन्। बाइबलमा यसप्रकाका व्यर्थतापूर्ण कुरा नै छैनन्।

१८७. म त बाइबलमा कुनै ठाउँमा यो पाइन्छ कि उनीहरूले आफ्नो जिब्रो बाहिर निकाले र पवित्र चुम्बन लिए र पादरीले सबै दाख पिइलियो र

उसले यसलाई पवित्र आत्मा भन्थे। बाइबलमा यो कदाचित पाइँदैन कि कहिल्यै उनीहरूले हात मिलाएका थिए र सहभागिताको दाहिने हात दिए र यसलाई पवित्र आत्मा भनेका थिए। कहिले पनि यस्तो भएन कि कोही माथि उठेर उभिएको होस् उसले भनेको होस्, "अब म एउटा विश्वासी हुँ" र उसले पवित्र आत्मा पाएको होस्। यदि पवित्र आत्मा पाउने यस्तै तरिका हो भने यहाँनिर प्रेरितहरूको कामको दोस्रो अध्यायलाई यसप्रकार पढिएको हुन्थ्यो र जब पूरा तरिकाले पिन्तेकुस्तको दिन आयो, त एउटा रोमन कैथोलिक पादरी सडकमा आयो र उसको कलर (कोलर) उसको गर्धनको चारैतिर दोब्रिएको थियो। उ अगाडि बढ्यो र उसले भन्यो, "अब तपाईं सबैले आफ्नो जिब्रो बाहिर निकाल्नुस् र यस युक्रिष्टको यस प्रथम येशू भोजलाई ग्रहण गर्नुस्," के प्रेरितहरूको कामको दोस्रो अध्यायलाई यसप्रकार पढिने थिएन होला ? (नपढिएको भए)

१८८. यो साँच्चो हो कि तिमी प्रोटिस्टेन्टहरू त्यस्तै नै गलत छौं (हौं)। र तपाईं फेरि पनि त्यस दिनमा आउनुस् (आउनुभएको भए) तब यो भनिएको हुने थियो, "अब जब हामी तिमी मैथोडिस्टहरूसँग आयौं भने तब उनलाई दाहिने हातमा राख्नु, उनीहरूलाई सहभागिताको दाहिने हात दिनु र उनीहरूलाई परख अवधिको छः महिना दिनु।" तपाईं यसलाई पेरितहरूको कामको अर्को (दोस्रो) अध्यायमा कहाँनिर पढ्नुहुन्छ ? बुझ्नुभयो ? तपाईंलाई यस प्रकारका कुराहरू कहाँनिर पाइरहेका छन् ? बुझ्नुभयो ?

१८९. यो भनिएको छ, "जब उनीहरू सबै एकै ठाउँमा एक मन भएर जम्मा भएका थिए।" त्यहाँ कहिल्यै यस्तो भएन कि कुनै विशप आएको होस् र उसले यो गरेको होस्, यस्तो भएन कि कुनै पादरी आएको होस् र उसले यो गरेको होस्। तर आकाशबाट ठूलो आँधी जस्तो सनसनाहटको शब्द भयो र त्यसले (त्यसबाट) सारा घर जहाँ उनीहरू बसेका थिए, गुन्जिए।" यसप्रकारले उनीहरूले पवित्र आत्मा पाएका थिए: हजुर हो, श्रीमान्, एउटा ठूलो आँधीको सनसनाहटको शब्द महिमाबाट आएको थियो।

१९०. हेर्नुस्, तपाईंका धार्मिक मतहरू र नामधारी मण्डलीहरूले तपाईंको लागि परमेश्वरलाई निष्फल गरिदिएको छ कि उनीहरू तपाईंसँग यसप्रकारका कुराहरू भन्दछन् "हामी यसको विश्वास गर्दछौं र हामी विश्वास गर्दछौं कि आश्चर्य कर्मका दिन बितिसकेका छन् ।" जो यसप्रकारका कुराहरू गर्दछ ऊ एउटा झूठो भविष्यवक्ता हो । (भविष्यद्वक्ता) ऊ झूठो भविष्यद्वक्ता हो जो तपाईंलाई यस प्रकारको कुराहरू बताउँछ कि "तपाईं हात मिलाएर पवित्र आत्मालाई प्राप्त गर्न सक्नुहुन्छ ।" ऊ झूठो भविष्यवक्ता हो जो तपाईंलाई यो बताउँछ कि, "जब तपाईं विश्वास गर्नुहुन्छ भने तपाईंलाई (तपाईंले) पवित्र आत्मा पाउनु हुनेछ ।" त्यो झूठो भविष्यद्वक्ता हो जो तपाईंलाई यो बताउँछ कि "तपाईंले छर्कने खालेको र उधिन्ने (उड्लने) खालको वप्तिस्मा लिनुपर्छ ।" उ झुठो भविष्यवक्ता हो जो तपाईंलाई यो बताउँ छ कि पिता, पुत्र, र पवित्र आत्माको नाममा वप्तिस्मा लिनुपर्छ", जब कि बाइविलमा यस्तो केही पनि पाइँदैन, कि कुनै बेला कसैलाई यस्तो बपतिस्मा दिइएको होस । यो साँचो हो । बाइविलमा वचनको एउटा पनि यस्तो लेख पाइँदैन जुन तपाईंलाई यसप्रकारको वप्तिस्माको विषयमा बताओस्, जब कहिले कसैलाई यस रीतिले वप्तिस्मा दिइएको होस्, केवल येशू मसीहको नाममा मात्र वपत्तिस्मा दिइएको छ, केवल यूहन्ना वप्तिस्मा दिने बालाको शिष्य थिए जसले यूहन्ना वप्तिस्मा दिने वालाको शिष्य थिए जसले यूहन्नाको वप्तिस्मा लिएका थिए; र उनलाई पनि पवित्र आत्मा पाउनको लागि पुनः आएर येशू मसीहको नाममा फेरि पनि (दोहराऱ्याएर) वप्तिस्मा लिनुपरेको थियो । यो सत्य हो । अब, यो Jesus Only संस्थाको शिक्षा होइन, यो त बाइविलको शिक्षा हो । यो सही कुरा हो ।

१९१. तर तपाईं त्यही हुनुहुन्छ । तपाईं यो सँग के गर्नु हुन्छ ? त्यहाँ तपाईं कि आमा छन् । त्यहाँ ती धार्मिक मतहरूको आमा छिन् ।

१९२. अब, यदि तपाईं बाइविललाई पूर्वालोकन गर्नुस् र मलाई भन्नुस् कि कहाँनिर कुनै व्यक्तिलाई छर्कने (छिडकाव) को वप्तिस्मा दिइएको थियो। मैथोडिस्ट, प्रेस विटेरियन, कैथोलिक, तपाईं मलाई बताउनु कि बाइविलमा कहाँनिर कहीले कुन व्यक्तिलाई छर्कने वप्तिस्मा दिइयो। मलाई बताउनुस कि वाइविलमा कहाँनिर कहिले कुनै व्यक्तिलाई पापहरूको क्षमाको लागि उसमाथि पानी खन्याइयो; मलाई भन्नुस् कि बाइविलमा कहाँनिर यसको विवरण पाइन्छ। के तपाईं वाइविलमा ज्ञात गर्न सक्नु हुन्छ ? यदि तपाईं यसलाई ज्ञात गर्नुहुन्छ, भने तपाईं मसँग आउनुस र म यसलाई सडकमाथि आफ्नो पिठ्यूमा एउटा फल्याक (तख्ता) झुण्डयाएर हिड्ने छु जसमा यो लेखिएकोहुनेछ- "एउटा झुठो भविष्वक्ता, म झुठो रहेको छु। (भएको छु)।" या तपाईं सम्पूर्ण बाइविलमा यो ज्ञात गर्नुस् किं कहाँनिर कहिले कुन व्यक्तिलाई "पिता पुत्र र पवित्र आत्माको नाम" मा वप्तिस्मा दिइयो, जबकि तपाईंहरूमध्ये अस्सी प्रतिशत मानिसहरूलाई यस्तै रीतिले वपास्तमा भएको छ। तपाईं कुनै एउटा यस्तो वचनको लेख मेरो लागि खोज्नुस जहाँ कुनैव्यक्तिलाई कहिले त्यस रीतिबाट वपत्तिस्मा भएको छ, र म आफ्नो पिठ्यूँमा "झुठो भविष्वक्ता" को एउटा फल्याक झुण्डाएर सडकमाथि हिड्ने छु। मलाई देखाउनुस कि कहाँनिर कहिले कुनै व्यक्तिले नयाँ मण्डलीमा वपत्तिस्मा लियो, उसलाई यसको आवश्यकता पर्दैन थियो कि उ आएर पुन: वप्तिस्मा लेओस् यदि उनले कहिले (कुनै बेला) वपस्तिमा लिए भने केवल येशूको नाममा होइन, अपितु हाम्रा प्रभू येशूको नाममा नै, वप्तिस्मा लिए। यो साँचो हो। हेर्नुस् कि के यो सत्य होइन।

१९३. र यहाँनिर यो के हो ? उ वेश्याहरूकी आमा हो, उसलाई केले वेश्या वेश्या बनाउँछ ? उसलाई केले ठूलो वेश्या बनाउँछ ? यसको शिक्षा ! उसलाई केले वेश्या बनाउँदछ ? उसको शिक्षा।

१९४. र यही कारण हो कि हामी तिनका नामधारी मण्डलीहरूलाई र उनीहरूको धार्मिक मतहरूलाई सहन गर्न सक्दैनौं। हामी त यस

बाइविलमाथि नै स्पष्ट रूपले अडिग रहन्छौं। मलाई थाहा छैन, कि तपाईं कति राम्रो तरिकाले बाइविलमा हिड्नु हुन्छ, तर कुनै न कुनै तरिकाले तपाईं यसको शिक्षा पाउनु हुन्छ। यो साँचो हो, कि यो तपाईंमाथि निर्भर गर्छ कि तपाईं कसरी बाँच्नु हुनछ। म यो गर्न सक्दिन कि तपाईलाई यसबाट बाच्नुको लागि विवश गरूँ, म त केवल तपाईंलाई केवल त्यही भन्न सक्छु जुन सत्य हो/छ। यही कारण हो, कि हामी नामधारी मण्डली होइनौं। म यो चाहाने छुइन कि, हामी स्वयंलाई ती व्यर्थपूर्ण कुराहरूमा लिएर जाउँ, म यो चाहने छुइन् कि हामी स्वयंलाई कुनै प्रकारको धार्मिक मतको अधिनमा गरिलिउँ। यसो गर्नुको साटो मत परमेश्वरका चुनियाका थोरै नै मानिसहरूसँगहिड्न चाहाने छु। मत त वचन र परमेश्वरको सम्मुख शुद्ध र निर्मल बनिरहन चाहने छु, र यो भन्न मन पराउने छु, कि मेरो लुगामा कुनै मनुष्यको रगत छैन। यहि कारण हो कि हामी Jesus Only होइनौं। यही कारण हो, कि हामी मैथोडिष्ट होइनौं। यही कारण हो, कि वैपटिष्ट होइनौं। यहाँ निर त वस एउटा सानो आराधनालय छ। हाम्रो कदाचित कुनै नामधारी मण्डली छैन। हामी त मसीहीमा स्वतन्त्र छौं। यही कारण हो, कि हामी त्यसै रीतिमा स्थिर रहन्छौं जुन हामी गर्दछौं। र परमेश्वरले हामीलाई आशीषत गर्नु भएको छ, र परमेश्वर हाम्रो सहायता गरिरहेका छन्।

१९५. अब, हामी तपाईंलाई बताउनु सक्छौं, कि हामी किन प्रभुभोज लिन्छौं, हामी तपाईंलाई बताउन सक्छौं, कि यदि हामीलाई यो विदित छ कि मण्डलीका सदस्य पापमा छन्, भने हामी किन हामी उनीहरूलाई प्रभुभोज लिन दिदैनौं। र यही कारण हो कि यि पछिल्ला दुई या तिन सप्ताहहरूमा म एउटा सदस्यबाट अर्को (दोस्रो) सदस्यसँग (भएको ठाउँमा गइरहेको छु जब कि तपाईंहरूको आपसमा अलिकित मतभेद छ। तपाईं जब कि यहाँ छेउ छाउँ गइरहेको हुनुहुनेछ, भने एउटा सदस्य अर्कोसँग कुराकानी गर्दैन र एक अर्कोलाई पार गरेर अगाडि निस्कन्छ र तपाईं आफ्नो टाउकोलाई एक अर्कोमा फेर्दछन्, तपाईंलाई लाज लाग्नुपर्ने,

**जबकि तपाईं यो सबै कुराहरूको बावजुद पनि यहाँ वेदीमा परमेश्वरको आशिषित प्यालामा (कप)मा सहभागिता गर्नुहुनछ। र तिमी भाइहरू र बहिनीहरू, तिमी जुन ति टेलिफोनहरूमा बसेर एक अर्काको बुराइहरू गर्दछौं, तिमी त यस योग्य पनि छैनौं, कि तिमी मसिही भनियौं, जब कि तिमी त्यस प्रकारको कार्यलाई गर्दछौं। यो साँचो हो, कि तपाईं ती टेलिफोनहरूलाई नै कटाइदिनुस्..... यदि तपाईं कसैको विषयमा केही राम्रो गर्न सक्नु हुन्न, भने तपाईं चुप लाग्नुस् स्मरण रहोस्, कि परमेश्वर तपाईंबाट यी सबै कुराको जवाफ माग्ने छन्।** जबसम्म तपाईंमा त्यस प्रकारको आत्मा छ, तपाईं जान्नुहुन्छ कि तपाईंको परमेश्वरसँग सम्बन्ध ठीक छैन। र यदि तपाईंलाई यस्को अनुभूति हुँदैन...

१९६. यदि तपाईं जान्नुहुन्छ, कि कुनै व्यक्ति कुनै दोषमा छ, भने तपाईं त्यो भएको ठाउँमा जानुस्, र उसलाई सम्झाउनुस् कि उ सुध्रियोस्। यदि तपाईं उसलाई सम्झाउन सक्नुह ुन्न, भने तपाईं आफूसँग कसैलाई लिएर उ भएको ठाउँमा जानुस्। यसमा कुनै आश्चर्य छैन, कि परमेश्वर आफ्ना मण्डलीको अनुशासन बनाउन सक्दैन, किन कि तपाईं यसलाई सुचारू रूपमा गरिरहनु भएको छैन। **फोनमा बसेर यसको विषयमा वार्तालाप गर्नु कि के घटित भएको छ, र लघु (छोटो) धार्मिक मतहरू तथा बगैराह-वगैराहको विषयमा कुराकानी गर्नु, यसलाई गर्नुको साटो, तिमी त्योकिन गर्दैनौं जुन बाइविल भन्दछ ?** यदि कुनै भाइ कुनै दोषको अछिनतामा परेको छ, भने तपाईं उ भएको ठाउँमा (ऊसँग) जानुस, र हेर्नुस, कि के तपाईं उसलाई सम्झाई बुझाई गरेर सुधार्न सक्नु हुन्छ। तपाईं यो न भन्नुस- "अच्छा उसले म सँग त्यसो (त्यो) गरेको थियो।" म यसको परवाह गर्दिन कि उसले के गरेको थियो, जसरी पनि होस तपाईं उसकहाँ जानुस। वचनमा उसको लागि यो भनिएको छैन, कि उ तपाईंसँग आओस। यदि उ दोषपूर्ण अवस्थामा छ, भने तपाईं उसकहाँ जानु, जब कि तपाईं भन्नुहुनछ, "अच्छा उ नै त गल्ति छ, अतः उसले नै मसँग आउनुपर्छ।" यो त्यो होइन

जुन बाइविलमा भनिएको छ। बाइबिलमा त तपाईंको लागि भनिएको छ, कि तपाई उसँग जानुस यदि उ दोषमा छ, भने तपाई उसकहाँ जानुस ।

१९७. र तब यदि उ तपाईंको कुरा सुन्दैन, भने तपाई आफूसँग कसैलाई गवाहको रूपमा लिएर जानुस् ।

१९८. र तब उ त्यस गवाहको कुरा पनि मान्दैन, भने तपाई उसलाई भन्नुस् कि अब म तपाईंको मामला तपाईंको पादरीकहाँ लिएर जानेछु। यसपछि तपाई उसलाई बताउनुस, तपाई उसलाई भन्नुस्- "म तपाईंको मामला मण्डलीमा लगिरहेको छु, र अबबाट तीस दिनमा, यदि भाइ तपाई आफ्नो गल्तीको सुधार गर्नुहुन्न..... यो भाइ यहाँनिर मेलामिलाप गर्नलाई इच्छुक छ। र यदि तपाई आफ्नो गल्तीको सुधार तीसदिनभित्र गर्नु हुन्न भने फेरि तपाईसँग यो गरिने छ, कि फेरि तपाई अरू धेरै हामीसँग एक हुनुहुन्न ।"

१९९. बाइबल भन्दछ- "यदि ऊ मण्डलीको सुन्दैन, भने तपाई उसलाई मूर्ति पूजक अथवा अन्य व्यक्तिको रूपमा छाडिदिनुस् ।" तपाई हेर्नुस्, कि जबसम्म कुनै भाई मण्डलीको सुरक्षामा छ, तबसम्म मसीहरूको रगत उसको रक्षा गरिरहेको छ। यही कारण हो कि हामी मण्डलीलाई त्यस रीतिमा लड्न दिँदैनौ। जुन रीतिमा (माथि) तथाकथित मण्डलीहरू लडीरहेका छन् । अब, म भन्दिन,.... यदि तपाई यसको अनुकरण गर्न हुन्छ, यो वैपटिष्ट-वैपटिष्ट मण्डलीको या ब्रम्हम् आराधनालयको शिक्षा होइन। हेर्नुहोला, कि किन हुन् सक्दैन.....

२००. उदाहरणको लागि तपाई यहाँ यस कुरालाई लिनुस्, कि दुई व्यक्ति छौं, म र लियो छौं। ठीक छ तपाईंलाई भन्नु छ..... र म भन्द छु, "अच्छा, उसै त मलाई नै गलत ठहऱ्याई दिएका छ......" यसले कुनै फरक पर्दैन, मलाई आवश्यक छ कि म उसँग जाउँ। ठीक छ, ऊ यस मण्डलीको सदस्य हो। ऊ एउटा मसीह बनेको छ। ऊ यहाँ कटौरामा मसँग प्रभुभोज

लिन्छ । र हाम्रा प्रभु येशूको नाममा वप्तिस्मा भएको छ। जब तपाईं एक अर्काकोमा अगाडि, भाइको रूपमा हिंडेर जान्छौं, भने केही न केही घटीत हुन्छ ।

२०१ नब्बे प्रतिशत यस्तो हुन्छ, कि यो मनुष्य हुँदैन, बरू यो शैतान हुन्छ जौ मानिसहरूको मध्यमा आइजान्छ । यी मानिस हुँदैनन्, यो शैतान हुन र जबसम्म तपाई शैतानलाई त्यसो गर्नलाई अनुमति दिइरहनुभएको छ, तपाईं आफ्ना भाइलाई क्षति पुऱ्याइरहनुभएको छ । यो साँचो हो ।

२०२. ठीक छ, म र लियोको बीचमा अलिकता गडबड छ, आउनुस् हामी जाउँ र यसलाई ठीक गरौं । र यदि तपाईं हेर्नुहुन्छ, कि हाम्रो माभ्र केही गडबड पाइन्छ, भने तपाईंको यो कर्तव्य हो कि तपाईं हामीसँग आउनुस् र भन्नुस्, तपाईंहरू दुवै व्यक्ति यहाँ आउनुस् र आपसमा भेटनुस् ( मिल्नुस), हामी यस मामलालाई सुधार्न गइरहेका छौं । अब हेर्नुस् र तब यदि यस्तो हुन्छ कि तब तपाईं यो पाउनु हुन्छ कि हामी त्यस्तै स्थितिमा छौं, भने पहिलो कुरो यहि भनुँला कि ठीक छ, यदि हामी सहमत हुन सक्दैनौ, भने तपाईं यसप्रकारको मामलालाई लिएर मण्डलीमा ल्याउनुस् । (आउनुस्)

२०३. र फेरि यदि जबसम्म तपाईं यसको विषय़मा केही गर्नुहुन्न, ओहो, यशु मसीहको रगत हामी दुवैको रक्षा गर्दछ । बुझ्नुभयो ? तर फेरि त्यो पुरानो कैन्सर एउटा अर्को कैन्सरको शुरूवात गरिदिने छ, र त्यो कैन्सर कुनै अर्को कैन्सरको शुभारम्भ गरिदिने छ र यो बिमारी सम्पूर्ण कलेसियामा पूर्णरूपबाट फैलिएर मण्डलीलाई बिरामी बनाइदिने छ । फेरि तपाईं एउटा यस्तो स्थानमा आउनुहुने छ, कि तपाईं मण्डलीमा चीसो जस्तो आउनुहुन्छ, र यस्तो स्थितिमा तपाईंलाई चाहिन्छ कि यो भन्दा पहिले मण्डली मण्डलीको भित्र जान सकोस् । एउटा द्वारपाल आएर वर्फको मालहरूलाई विघणगरोस् । तपाईंलाई, तपाईंलाई थाहा छ, कि यो साँचो कुरो हो चिसो !

तपाईंलाई थाहा छ, कि तपाईंलाई थाहा छ, कि तपाईंको वरिपरि कोही बसेको छ, तर केही पनि भन्दैन। र फेरि तपाईं सोच्नुहुन्छ, "हामी अत्यधिक आत्मिक हुने गर्दथियौं।" अच्छा, अब तपाईलाई के भयो ? तपाईले दौड राम्रो गर्नुभएको थियो र फेरि पनि के मामला हो (छ) र हेर्नुस्, तपाईको पापले तपाईलाई अलग गर्दछ। भाइहरू, परमेश्वर तपाईलाई यसको लागि जिम्मेदार ठहऱ्याउँछ। अहिले तपाईं यसप्रकारको कुराहरूको सुधार गरिलिनुस्।

२०४. मसँग कुनै गड्बडी छैन, लियोसँग कुनै गडबडी छैन, यो त शैतान हो जो हाम्रो मध्यमा आएको छ। यो साँचो हो। तपाईंहरू कुराहरूलाई सुधार गर्नुस्, तपाईं उससँग जानुस् र तब यदि ऊ त्यस रीतिले तपाईंका कुराहरू सुन्दैन, जुन कसैलाई रीतिले म सुन्दिन्, भने तपाईं यसको विषयमा मण्डलीमा बताउनुस्। तब यदि ऊ तीसदिनभित्र त्यस मण्डलीमा मेलमिलाम गर्नको लागि आउँदैन, तब ऊ मसीहको सुरक्षाको अधिनताबाट बाहिर ल्याइन्छ। हामी त्यसलाई छाडिदिन्छौं। यो एकदमै ठीक कुरो हो। यसपछि हेर्नुस, कि के घटीत हुन्छ। फेरि परमेश्वर नै उसलाई (उसको) ताड्ना गरून्। तपाईंले त आफ्ना हाथहरूलाई त्यसबाट हटाइदिनुभएको छ। फेरि परमेश्वर नै उसलाई केही छिनको लागि पकडुन र परमेश्वर उसलाई शैतानको हाथमा दिने छ। तब शैतान आउने छ। यदि त्यसपछि पनि ऊ सुध्रीदैन भने उसको जीवनकाल साह्रै नै थोरै अवधिको छ।

२०५. र तपाईंलाई सम्झना होला, कि बाइवलमा यस्तो नै वृत्तान्त दिइएको छ, जसमा कि एउटा भाइ थियो जसले परमेश्वरसँग आफ्नो सम्बन्ध ठीक बनाएको थिएन ? कतिलाई यो प्रसँग स्मरण छ ? ऊ आफ्नी आमासँग बन्दथियो, र उनीहरूले उसलाई सुधार्न सकेका थिएनन्। पावलले भन्यो, उसलाई विनाशको लागि शैतानलाई जिम्मा लगाइयोस्।" तपाईं यसलाई अर्को कुरितिहरूमा देख्न सक्नुहुन्छ।

२०६.  मेरो एउटा भाइ छ, मेरो एउटा भलो मित्र छ, म यहाँनिर उसको नाम बताउन चाहान्छु। ऊ एउटा प्रचारक भाइ हो, यस प्रचारक भाईको नाम हो, भाइ रेसमसैन। आज राती यहाँ अनेकौं प्रचारकहरू बसेका छन्, जसको पत्रहरूमा यो प्रचारक भाईको नाम छ। ऊ शिकागोको इन्टरडिनोमिनेशन भित्रबाट कुनै डीनोमेशनको प्रचारक हो। र हेर्नुस्, यस सेवकको एउटा छोरो थियो र उसका छोरो गयो र उसले एउटी कैंथोलिक केटीसँग विवाह गऱ्यो र उसले त्यस प्रकारका कामहरूको शुरू गरिदियो र ऊ, यो ऊ या अन्य केही गर्नथाल्यो। र यी सबै कामहरूले के भयो, ऊ कुनै परिसानी (अप्ठ्यारो) मा पऱ्यो। र उसको पिता त्यस केटासँग गयो र उसले भन्यो- "अब हेर, छोरा तिमी आफ्नो पितासँग मेलमिलाप गर्न डराइरहेका छौं ?" तर त्यस केटाले आफ्नो पिताको मण्डलीलाई पवित्र पाखण्डी मानिसहरूको झुण्ड भन्यो। उसको पिताले भन्यो, "अब हेर, तिमी यस कुराको लागि मण्डलीले यस कुराको क्षेमामाग्ने छन्, के तिमी आफ्नो गल्तीलाई सुधार गर्ने छौं ?

२०७.  त्यस केटाले भन्यो, "डैडी, तपाईं मेरो पिता हुनुहुन्छ र म तपाईंसँग आफ्नो सम्बन्ध विगार्न चाहन्न।"

२०८.  ठीक छ, केटाको बावु केटो भएको ठाउँबाट गयो, र मण्डलीको डीकनहरूभित्रबाट कुनै एउटासँग जान्छ र त्यस डिकनलाई लिएर त्यस केटाको घर पुग्यो र भन्यो, "वैसली म तसँग कुरा गर्न चाहान्छु। के तिमी यस नामलाई मण्डलीसँग सुधारन चाहान्छौं ?"

र त्यस केटाले त्यस प्रकारका दुईटा टुक जवाफ दियो। र पिताले भन्यो, "वैसली तँलाई यो स्मरण रहोस् कि म त्यस मण्डलीको याजक हुँ। म तेरो पिता हुँ, तर म त्यो गर्नेछु जुन परमेश्वर गर्नको लागि भन्ने छन (भन्दछन्) म तँलाई यस मामलालाई मण्डलीसँग सुधारनको लागि तीस दिनको समय दिइरहेको छु, अन्यथा हामी तँलाई परमेश्वरको उपस्थितिबाट निष्काशित

गरिदिने छौं। तँ मेरो आफ्नो छोरो होस्, तर ऊ मेरो उद्धारकर्ता हो। म तँसँग प्रेम गर्दछु, वैसली ठीक अहिले म तेरो लागि मरिदिएको हुने थिएँ, तर तँलाई त परमेश्वरको वचनको अनुसार नै सुधार गर्नुछ। म याजक हूँ, म त्यस झूण्डको गडरिया हूँ, र यदि तिमी मेरो सन्तान हौ या तिमी जोसुकै हौ, तिमीले त परमेश्वरको वचनको अनुसार नै सुधार गर्नुछ। यदि म तिमीसँग यसो गर्नको लागि भन्दिन, भने म उसको गडरिया हुने योग्य छुइन।"

२०९. केटाहरू, यस्तै नै एउटा याजक हुन्छ। यस्तो नै एउटा पुरूष हुन्छ। के, तपाईं यस्तो सोच्नुहुन्छ ? यस्तो नै एउटा पुरूष छ। उसले आफ्नो छोरालाई त्यो बताएको थियो र उसलाई आघात पुऱ्याएको थियो, उसले उसलाई भनेको थियो। तर के भनेको थियो ? "तिमी कसलाई ठेस पुऱ्याउने छौ, के तिमी मनुष्यलाई ठेस पुऱ्याउने छौ या आफनो उद्धारकर्तालाई ठेस पुऱ्याउने छौं या आफ्नो उद्धारकर्तालाई ठेस पुऱ्याएका छौं :" अत: उसले भन्यो, "यसपछि हामी अगाडि बढ्यौ।"

२१०. र उसले भन्यो, "उसले यो गर्नेछैन....मैले कलसियालाई बताए, र भने, "मेरो आफ्नो छोरो, वैसली, ऊ यसमामलामा मेरो कुरा सुन्नलाई इन्कार गर्दछ। ऊ डीकनको कुरो सुन्नको लागि मनाही गर्दछ। तपाईं अमूक-अमूक यस कुराको गवाही हुन् ?" "हो म हूँ", ठीक छ अबदेखि लिएर आउँदो चार हप्ताहसम्म यदि यस मामिलालाई मण्डलीसँग ठीक गर्दैन भने हामी वैसलीलाई, मेरो पुत्रको शरीरको विनाशको लागि यस रगतको विनाशको लागि शैतानलाई जिम्मा दिनेछौं, र ऊ येशू मसीहको रगत र यस मण्डलीको सुरक्षामा अरू धेरै रहने छैन।"

२११. र फेरि त्यति निर्धारित समय बितेपछि, त्यो राती त्यो प्रचारक मञ्चमा उभियो र उसले भन्यो, "ऊसँग केवल दुई मिनटको समय अरू छ।" अब, जस्तो कि मेरो छोरो वैसली रेसमसेनको मामला हो र

सर्वशक्तिमान परमेश्वर, हामीले यस मामलालाई तपाईंको यस मण्डलीलाई भनेको थियो र हामी तपाईको वचनअनुसार तथा ती निर्देशनहरूको अनुसार जुन तपाईको छोरा र हाम्रा उद्धारकर्ताले दिएका छन उसले सबथोक गरिसकेको छ जुन हामी गर्न सक्दछौं। वैसली हामीलाई छाडेर गएको छ, अब हामी....      म, र यो मण्डली मसँग मेरो छोरालाई उसको शरीरको विनाशको लागि शैतानलाई जिम्मा लगाइदिन्छौं, ता कि उसको प्राण बचोस्।" यही सब थियो त्यो जुन भनिएको थियो। एक या दुई सप्ताहसम्म, या हुनसक्दछ दुई महिनासम्म केही भएन।

२१२. एकरात त्यो केटो वैसली बिमारी भयो। र जब ऊ बिमारी भयो तब बिमारी र अझै बिमारी हुँदैगयो। उसले चिकित्सकलाई बोलायो चिकित्सक आयो र उसले उसको परीक्षण गऱ्यो। चिकित्सकले उसलाई भन्यो कि उसलाई एकसय पाँच ज्वरो छ, तर ऊ यस ज्वरोको कुनै कारण ज्ञात गर्न सक्दैन। त्यस केटाको हाल दिन-प्रतिदिन विग्रदै गयो। उ अझैबढी विमारी हुँदै गयो। चिकित्सकले भने, "केटा, मलाई थाहा छैन, कि तलाई के भएको छ।" उनीहरूले एउटा विशेषज्ञलाई बोलाए र त्यो विशेषज्ञ त्यहाँ आयो। उनीहरूले उसलाई चिकित्सालय लिएर गए, र उसको जाँच गरियो, र अन्य सबथोक गरियो र त्यस विशेषज्ञले भन्यो, म सब बताउन सक्तिन, यो केटा त बस गर्दै गरेको जसले देखिन्छ।" उस्की स्वास्नी त्यहाँ उभिएर रोइरहेकरहेकी थिई, यस्तै प्रकारको सबैथोक गरिरहेकी थिई। उसका केटाकेटी पंलगको चारैतिर उभिएका थिए। त्यस केटाले भन्यो, "ऊ जाँदै छ, उसको नाडी स्पन्दन र सास सबै समय गिरदै गइरहेको छ।"

२१३. उसले भन्यो- "मेरा पितालाई बोलाइ दिउ।" ओ हो (अ) यसलाई गर्ने यही तरिका हो। यही हो ! "मेरा पितालाई बोलाउ।" र उसको पिता उसलाई हेर्नको लागि सारै छिटो दौडिएर आयो। उसले भन्थे "डेडी, अब म बाँच्न एकदिन, तर परमेश्वर मेरो कुराहरू सुन्दछन्  म सबै गलतिहरूलाई

सुधार गरूला (गर्नेछु) हजुर अँ, श्रीमान् हजुर अँ भाई, ठीक त्यसै बेलादेखि उसको श्वास फेरिदेखि सामान्य हुन थाल्यो ।

२१४ र फेरि आउने आइतबार त्यो केटो मण्डलीको सम्मुख उभिएको थियो, र उसले भन्यो, मैले यस मण्डलीको उपस्थितिमा परमेश्वरको अघि सम्मुख पाप गरेको छु। मैले याजकको कुराहरू सुन्नको लागि मनाही गरेको थिए। मैले डीकनको कुराहरू सुन्न मनाही गरी दिएको थिए। म यस मण्डलीसँग आफ्नो यसप्रकारको गल्ती जुन मैले गरेको छु, क्षमा माग्दै छु।" उसले भन्यो, "परमेश्वरले मलाई बचाउनुभएको छ।" उसले भन्यो- परमेश्वरले मलाई बचाउनु भएको छ।" म तपाईंलाई बताउनु कि उसले आफ्नो गलतीको सुधार गऱ्यो। जी हो ! यस प्रकारको मामलालाई यसै गरी ( यसैप्रकार) लेनिभाउनु (सुल्भ्काउनु पर्छ। देख्यो ? बुभ्क्यौ र तपाईंलाइ त बस यसलाई परमेश्वरको तरिका अनुसार गर्नुछ। बुभ्क्नु भयो ?

२१५. अब तपाईं यस रीतिलाई हेर्नुस्, जसकोद्वारा हामी यो गर्दछौं, हामीसँग एउटा बोर्ड मिटिङ्ग छ, र हामी भन्दछौं, हामीसँग एउटा बोर्ड मिटिङ्ग छ, र हामी भन्दछौं, "अच्छा, अब के हामी राख्यौं ..... "म यो भनिरहेको छुइन् कि यस आराधनालयको यो कार्य पद्धति हो, बरू मेरो अभिप्रायत प्रोटिस्टेन्ट मानिसहरूसँग छ जो सँग एउटा बोर्ड मिटिङ्ग हुन्छ र बोर्ड मिटिङ्ग भन्दछ र तिमी जोन्सको विषयमा के सोच्दछौं ? तिमी के सोच्दछौं, कि हामीले जोन्ससँग के गर्नु पर्नेछ ? म विचार गर्दछु, कि उसले मैथोडिस्टलाई एउटा बेहत्तर (असल) सदस्य बनाएको छ। हामीलाई बनाउनको साटो।" देख्यौं, तपाईं यस्तै नै गर्नुहुन्छ। यो गलत तरिका हो। यही कारण हो कि हामीलाई उनीहरूको रीति रिवाजहरूको पछाडि हिड्नु छैन। र हामीलाई कुनै विशपलाई या कसैलाई या तपाईं उनीहरूलाई जेसुकै भन्नुहुन्छ- यस पिन्तेकोरत्तल मण्डलीमा डिस्ट्रिक प्रेसबिटर भन्नुहुन्छ, तपाईं उसलाई यस मनुष्यको आचार-विचार हेर्नको लागि बोलाउनुहुन्छ।

२१६.    बाइबिल बताउछ कि हामीले के गर्नु छ। यही कारण हो कि हामी उनीहरूको नामधारी मण्डलीहरू सँग पागल (बौलाहा ) बन्दैनौ। हामी त त्यसबाट मुक्त रहन्छौ। आमीन। तपाई मेरो उपहास नउडाउनु होला, के तपाई उडाउनु हुन्छ ? तपाँई यसो नगर्नुस। मलाई सायद भोली राती केही भयंकर-भयंकर सवाल मिलोस, तर हामी हेर्नुस्, यो एउटा राम्रो कुरो हो।

२१७.    स्मरण रहोस, कि अव म यो भन्दिन कि तपाईहरू जो कि यहाँ विभिन्न नामधारी मण्डलीहरूवाट आउनु भएको छ, तपाईहरूको नामधारी मण्डली....भाइ, म यो भनिरहेको छुइन, कि तपाई मसीही हुनुहुन्न। म यो भनिरहेको छुइन, कि तपाईको नामधारी मण्डलीमा मसीहरू छैनन् , त्यहाँ त हजारौं प्यारा-प्यारा मसीहीहरू छन्। म त त्यो कारण बताउने यत्न गरिरहेको छु, कि किन हामी एउटा नामधारी मण्डली होइनौ। किनकी म तपाईको नामधारी मण्डलीको लागि उत्तरदायी छुइन, जि छुइन, श्रीमान, म निश्चय नै, उसकोलागि उत्तरदायी हुने छुइन, नत्र नै म तपाईलाई यो भन्ने प्रयत्न गरूँला कि के गर्नु छ। यदि परमेश्वरले मलाई सुसमाचारको प्रचार गर्नको लागि बोलाएका हुन, भने म यसो प्रचार त्यसै प्रकारले गरूँला जस्तो प्रकारले परमेश्वरले मलाई प्रचार गर्नको लागि भन्नुभएको छ। यो एकदमै त्यस्तै रीतिमा जस्तो कि वाइवलमा लेखिएको छ। यदि यो वाइविलमा मेल खाँदैन, भने फेरि त त्यो हो....परमेश्वर यसको लागि मेरो न्याय गर्नेछन्। तर यदि म भेडाहरूलाई या शत्रुलाई आउँदै गरेको देख्दछु र म मानिसलाई त्यसको चेतावनी दिन्न भने, परमेश्वर यसको लागि मसँग जवाफ माग्ने छन्, तर म तपाईंलाई मसँग जवाफ माग्ने छन् तर यदि म तपाईंलाई चिता दिन्छु, भने फेरी यो तपाईंमाथि निर्भर गर्दछ। बुझ्नु भयो ?

२१८.    स्मरण रहोस कि अन्तिम दिनहरूमा कठिन समय आउने छन्, किनकि मनुष्य स्वयंलाई भलो चिताउने वाला, घमण्डी, निन्दक हुनेछन्। तपाई निन्दकहरूलाई हेर्नुस, उनीहरू भन्दछन- "ओहो उनीहरू त बालकहरूको हुल (झुण्ड) हुन्। आश्चर्यकर्महरूको दिन बितिसकेका छन्।

यस प्रकारको कुनै चिज छैन।" जुन व्यक्ति यसो भन्दछ, उ पुरानो झुठो वक्ता हो। उनीहरू भन्छन्- "अब हामीलाई थाहा छ, कि हाम्रो स्त्रीसँग त्यही नै समझ छ जति हाम्रा पुरूषहरूसँग छ।" म यस माथि लेश मात्र पनि विवाद गरिरहेको छुइन, तर परमेश्वरको बाइवल भन्दछ, कि स्त्रीहरूलाई प्रचार मञ्चबाट टाढै राखियोस्। यो साँचो हो, कि यो मेरो लागि प्रयाप्त छ। यो सहीकुरा हो। बुझ्नु भयो ? र भनिन्छ- "अच्छा, अब हाम्रो नाम धारी कलिपिसयामा त्यत्तिनै भलादमी मानिस छन् जति कि तिम्रो आराधानालयमा छन्।" म यस कुरालाई अलिकता पनि भन्दिन, तर बाइविल नै नामधारी मण्डलीहरू गलत मान्दछन्। (ठहऱ्याउछन्) यो साँचो हो। र, अत: अब म यो भनिरहेको छुइन्, कि तपाईंको तथाकथित मण्डलीमा असल मान्छे छैनन्। यो सारै राम्रो कुरा हो। उनीहरू असल मानिस हुन्। मैले ती सबैमा कैथोलिक तथा अरू दोस्रा मण्डलीहरूमा सारै असल मानिसहरूसँग भेट गरेको छु। ती तथाकथित मण्डलीहरूमा मैले सारै नै असल किसिमका सदस्यहरूसँग भेट गरेको छु।

२१९. अब हेर्नुस मित्रहरू, यदि प्रभुले चाहानु भयो, भने हामी आफ्नो केही अघिल्लो अध्ययनहरूमा यसलाई ल्याउने छौं हुनसक्दछ कि म तपाईंलाई भोलि विहान अवगत गराउँ कि भोलि मध्यान्नपछि सभा गरी रहेको हुनेछौं या छैनौं, कि यसलाई सम्झाउनु सकियोस। यही कारण हो कि हामी यसलाई गर्ने प्रयास गरिरहेका छौं या छैनौं कि यसलाई सम्झाउन सकियोस्। यही कारण हो कि हामी यसलाई गर्ने प्रयास गरी रहेका छौं, म अब यसलाई एउटा स्थितिसम्म लिएर आउन चाहन्छु। अब यदि तपाईं कसैलाई आफूसँग लिएर आउन चाहनुहुन्छ भने तपाईंलाई पूरा किसिमले स्वागत छ। परन्तु अब स्मरण राख्नुस्, तपाईं दोषहरूलाई खोज्ने प्रयास गर्न हेतु बाहिर अथवा यहाँ त आउन तपाईं हेर्नुस् कि म त सिर्फ (मात्र) आफ्नो मण्डलीहरूसँग मात्रै यी कुराहरूलाई भनिरहेको छु म यी कुरालाई आफ्नो मण्डलीभन्दा बाहिर सिखाउदिन। किनकि यसो गर्न त ती अर्का

मासिनहरूको कार्य हो, जुन उनका गड्रिये हुन्। र म त केवल... (टेपमा रिक्त स्थान छ। सम्पा)

२२०. ठीक पछाडि उत्पत्तिको पुस्तकसम्म उ यसको विषयमा बताउने छ, र देखाउने छ कि यो कहाँनिर छ। अब हामी फिर्ता उत्पत्तिको पुस्तकमा यो हेर्नको लागि नाइरहेका छौं, कि कुकर्मबाट जन्मिएका सन्तान किन चौध पुस्तासम्म प्रभुको सभामा प्रवेश गर्दैन थिए। कसरी यो हुन्थ्यो .....त्यस पापलाई बाहिर निकाल्नको लागि चारसय वर्ष लाग्दथियो। हामी यो ज्ञात गर्न गइरहेका छौं कि माता-पिताको धर्म कस्तो प्रकारको अगाडि केटाकेटीमा र फेरी त्योभन्दा अगाडिका केटा केटीमा सर्दै जाने गर्छ यो कसरी उत्पत्ति तथा अर्को ठाउँहरूलाई आरम्भ भएको थियो।

२२१. र फेरी यदि तपाईं ठीक पछाडिसम्म गएर हेर्नु हुन्छ, भने तपाईं देख्नु हुने छ कि यो कसरी हुन्छ कि परमेश्वर जगत्‌को उत्पत्तिभन्दा पहिले नै यो भन्दा पहिले कि कहिले कुनै अणु विघटित होला, कहिले कुनै उल्काएक त्यस रचनालाई सृष्टिलाई र हरएक त्यस वस्तुलाई जुन कहिले पृथ्वीमा हुनेछ, त्यो जान्दथिए। के कोही यहाँ छ जो... तपाईं यो सम्झाउन सक्नुहुन्न कि "अनन्त" शब्दको के अर्थ हुन्छ ? यो त बस यस्तो छ जस्तो आफ्नो क्यामराको मुख अन्तरिक्षतर्फ गर्नु, यो त बस त्योभन्दा अगाडिबाट हुन्छ। तपाईं बस अनन्त शब्दको लागि यही गर्न सक्नुहुन्छ। र, हामीआफ्नो सीमित दिमागमा कहिले यो सम्झन सक्दैनौं कि अनन्त मस्तिष्क के के सोच्न सक्दछ। हेर्नुहोला, हामी बस यस्तो गर्न सक्दैनौं। तपाईं यस्तो गर्नै सक्नुहुन्न। बुझ्नुभयो ? परन्तु तपाईं बस दृष्टि मात्रै लगाउनुस्, आत्मामा यसलाई सझना राख्नुभयो भने तपाईं यो त्यहाँ भएको अनुभूति गर्न सक्नुहुन्छ र फेरि तपाईं यहाँ वचनमा आउनुस् र अब तपाईं देख्नुहुनेछ, तपाईं त्योभन्दा पहिले देख्नुहुन्छ, योभन्दा पहिले कि जगतको उत्पत्तिभन्दा पहिले पृथ्वीको नेंव राखिएको थियो।

२२२. अब हेर्नुस् बाइबल बताउँछन् कि येशू मसीह परमेश्वरको मेमना थिए। अब तपाईं यसलाई ध्यानपूर्ण सन्नुस्, अत: तपाईंहरूमध्ये केही मानिस भोलि रातिको यसको समापनलाई सुन्नको लागि आउनुहुन्न भने उनीहरूबाट नचुकुन्। बाइबल बताउँछन् कि येशू मसीह परमेश्वरका मेमना हुन्, जो जगतको उत्पत्तिबाट बाँधिए। वध भएको छ। के यो साँचो हो ? ऊ कहिले बध (मारिएको) थियो ? जगतको उत्पत्तिको समयदेखि। यो जगत हो, यदि जगत विघटित भयो परमाणुहरूको पिँडले बनेको छ। फेरि योभन्दा पहिले कि सूर्यभित्र कहिले कुनै परमाणु विघटित हुन्थ्यो- यदि सो सूर्यबाट निस्किएको कुनै उल्का पिँड भएको भए यस्तो अरबौं, अरबौं, अरबौं, अरबौं वर्षहरू पट्टि हुनेथियो। योभन्दा पहिले कि प्रकाशीय उल्का पिँडसम्म हुन्थ्यो, मसीह वध (मारिएको थिए)। जब परमेश्वरको महान मस्तिष्क कुनै एउटा वस्तुमा अडिन्छ भने त्यो एउटा पूर्ण वस्तु हुन्छ। जब परमेश्वरले भने, "यस्तै होस," भने भने यो त पहिलेदेखि नै सम्पन्न भएको कार्य थियो। चाहे त्यसलाई तयार हुनको लागि अरबौं वर्ष किन नलागोस्, तर त्यो त पहिलेदेखि नै, त्यही बेलादेखि नै एउटा पूर्ण कार्य हुन्छ जब परमेश्वरले उसलाई हुनको लागि भनिएको थियो। जब जगतको उत्पत्ति भन्दा पहिले नै मेमना वध (मारियो) भने ठीक त्यसै बाइबलले, ठीक त्यसै आत्माले यो लेख्यो र भन्यो कि "जगतको उत्पत्तिभन्दा पहिले नै हाम्रो नाम मेमनेको जीवनको पुस्तकमा लेखीदिई, सकिएको थिए।

२२३. अत: जुन व्यक्तिबाट यो गीत लेख्यो कि "त्यहाँ महिमामा एउटा नयाँ नाम लेखिएको छ," त्यससँग शब्दका राम्रा अर्थ थिए, तर उसको यो भनाइ वचनको अनुसार छैन। बुझ्नुभयो ? महिमामा त त्यो नाम तब लेखिसकेको थियो...जब जगतको उत्पत्ति नै भएको थिएन। जब मेमना घात भएको थियो त हाम्रो नाम मेमनेको जीवनको पुस्तकमा लेखिदिइसकिएको थियो।

२२४.	तपाईं मलाई आफनो लागि वचनको एउटा लेख निकाल्न दिनुस्। के तपाईं एक मिनेटको लागि बसिरहनु हुनेछ ? यो भर्खर-भर्खर मेरो मस्तिष्कमा आएको छ। म विचार गर्छु कि म यस तथ्यतर्फ मोडिन सक्छु र अब मलाई खेद छ कि मैले तपाईंलाई यत्रो बेरसम्म पर्खाएर राखेको छु तर मैले तपाईंलाई बताएको थिएँ कि मध्यराती हुनसक्छ, त्यसबेलासम्म पर्खनु अप्ठेरो त छैन। परन्तु म यसलाई हेर्न चाहने छु, म वचनको त्यस लेखलाई हेर्न चाहुँला। अब तपाईं मसँग रोमिको पुस्तक निकाल्नुस् र अब म चाहन्छु कि तपाईं यसलाई मसँग पढ्नुस्। अब आउनुस् हेर्नुस् कि के म ठीक यहाँनिर यसबेला रोमिको पुस्तकबाट त्यस लेखलाई झिक्न सक्नेछु। अब आउनुस् हामी रोमियोको पुस्तकबाट आठौं अध्याय निकालुँ र हामी रोमिको आठौं अध्यायको २८ औं पददेखि पढ्न आरम्भ (सुरू) गरौं। र अब म यो चाहन्छु कि तपाईं मसँग यसलाई प्रार्थनार्पूक पढौं। अब यहाँ सुन्नुस् कि परमेश्वरले के भनेका थिए।

**र हामीलाई थाहा छ कि जो मानिस परमेश्वरसँग प्रेम राख्दछन् उनीहरूको लागि सबै कुराहरू मिलेर भलाइलाई नै उत्पन्न गर्दछन् अर्थात उनीहरूकै लागि जुन उसको इच्छाको अनुसार बोलाइएका छन्।**

**किनकि जसलाई उसले पहिलेदेखि चिन्यो...**

२२५.	के तपाईं यसलाई मसँग पढ्न सक्नुहुन्छ ? "किन जसलाई उसले...."

**किनकि जसलाई उसले पहिलेदेखि जानिसकेको छ, तिनलाई पहिलेदेखि नै राखेको पनि छ कि उसको पुत्रको स्वरूपमा होस् ताकि ऊ धेरै भाइहरूमा पहिलो ठहरियोस्।**

**फेरि जसलाई पहिलेदेखि पर्खायो, उनीहरूलाई बोलायो पनि र जसलाई बोलायो, उनीहरूलाई धर्मी (धर्मात्मा) पनि ठहर्‍याएको छ र जसलाई धर्मी ठहर्‍यायो उनीहरुलाई महिमा पनि दिइएको छ ।**

२२७. जगतको उत्पत्तिबाट, जब परमेश्वरले तल दृष्टि लगाएका थिए, त्यसै बेलादेखि उनले यो गरे। अब हेर्नुस्, परमेश्वर यो गर्दैनन् कि ऊ आफ्नो कार्यालय चलाओस् र भनोस् "अच्छा, अब म यो गर्न गइरहेको छु... ओहो अब हामी के गर्न गइरहेका छौं ?" बुझ्नुभयो ? त्यहाँ यस्तो केही हुँदैन...

२२७. स्मरण रहोस्, धार्मिकता, या पाप धार्मिकताको बिग्रिएको रूप हो। शैतान सृष्टि गर्न सक्दैन। के तपाईंहरू सबैले यसलाई बुझ्नुभयो ? यस मण्डलीको यो शिक्षा हो। शैतान सृष्टि गर्न सक्दैन। उसले त उसैलाई नै विकृत गर्न सक्दछ जसलाई परमेश्वरले सृष्टि गरेका छन्। अब हेर्नुस्, कि विकृति के हो ? अब यहाँनिर तपाईंहरूमध्ये धेरै यस्तो देखिनुहुन्छ कि तपाईंहरू वयस्क हुनुहुन्छ। अब तपाईं यसलाई सुन्नुस्। हामी वैवाहिक ( विवाहित) मानिस हौं र तपाईंहरू वैवाहिक पुरूषहरू र तपाईंहरू वैवाहिक स्त्रीहरू, तपाईंहरू पति र पत्नीको रूपमा सँगै बस्न सक्नुहुन्छ र ती स्त्रीहरू ठीक त्यस्तै छन्, जस्तो उनीहरू कदापि होइन... जबसम्म तपाईं आफ्ना पतिसँग बस्नुहुन्छ, तपाईं पवित्र हुनुहुन्छ। यो सही कुरो हो। अब हेर्नुस्, तपाईंलाई एक अर्कासँग वैवाहिक भएर बस्नु उचित वा वैधानिक हो र यो ठीक पनि हो र परमेश्वरलेयो ठहर्‍याएका पनि छन् कि स्त्री र पुरूष एक अर्कासँग यस्तै रीतिले बसुन्। कुनै अर्की स्त्री पनि ठीक तपाईंकी पत्नीको कार्य गर्न सक्दछे। तिनीहरू मध्येबाट एउटी त तपाईं त्यो हुनुहुन्छ, जो परमेश्वरको दृष्टिमा धर्मी हुनुहुन्छ तर त्यो अर्की स्त्री जो तपाईंकी पत्नीको कार्य गर्दछे, ऊ परमेश्वरको सम्मुख दोषी छ, ऊ मृत्युको लागि हो। यो के हो ? यो धार्मिकताको विकृति हो, यो धार्मिकताको बिग्रिएको

रूप हो। अब हेर्नुस्, शैतान सृष्टि गर्दैन, तर ऊ त यसलाई विकृत गर्दछ जसलाई परमेश्वर पहिलेदेखि नै सृष्टि गरिसकेको छ।

२२८. पाप के हो ? सत्यको बिग्रिएको रूप। जस्तो कसैले भन्दछ, "ओहो, हो, यो आइतबार रातिको नौ बजेको समय थियो जब बिल व्रान्हाम जैफरसनवीले मा थियो।" यो सही हो। यसको अतिरिक्त यदि उसले भनोस् कि बिल व्रान्हाम एन्थोनीको सेलोनमाथि रक्सी पिएर लडिरहेको थियो।" झूठ ! यो के हो ? म जफरसनबिलेमा थिएँ, यो साँचो हो। यो धार्मिकता थियो जुन झूठोमा विकृत गरियो। के तपाईंले बुझ्नुन्भयो मेरो भन्नुको तात्पर्य के हो ? हेर्नुस् झूठले सत्यलाई विकृत गर्दछ। यसले यो त भन्दछ कि म कहाँनिर थिएँ, तर साथै झूठो पनि बताउँछ। अब यदि यो भनेको भए, "म मण्डलीमा प्रचार गरिरहेको थिएँ," तब यो साँचो हुन्थ्यो। यो धार्मिकता हुन्थ्यो, किनकि उसले सत्य भनेको छ। तर यदि उसले भन्थ्यो कि म मदिरागृहमा रक्सी पिइरहेको थिएँ, भने यो एउटा झूठ हो। यो बिग्रिएको छ, यो सत्यको बिग्रिएको रूप हो। के तपाईंले बुझ्नुभयो, कि मेरो के तात्पर्य हो ? समस्त अधार्मिकता धार्मिकताको बिग्रिएको रूपहो।

२२९. मृत्यु, यो के हो? जीवनको बिग्रिएको रूप। तपाईंलाई- एउटा राम्रो खासा रीष्ट-पुष्ट व्यक्ति हुनुपर्छ (पर्नेछ) ठीक छ, तर यदि तपाईं बिमारी हुनुहुन्छ भने यो के हो ? कि तपाईंको स्वास्थ्य विग्रिसकेको छ। हेर्नुस्, यसको विषयमा यही सब हो। यो के हो ? तपाईं युवा (युवती) राम्री स्त्री हुने गर्नुहुन्थ्यो र तपाईं सुदृढ वा सुन्दर पुरूष हुने गर्नुहुन्थ्यो; तर अब तपाईं बुढो हुँदै जानुभएको छ र तपाईंको शरीरमा चाउरीहरू परिरहेका छन्, यो के हो ? जीवनको बिग्रिएको रूप र जीवन फेरि फर्किएर आइरहेको छ। बुझ्नुभयो ? यसले त फर्किएर आउनु नै छ, प्रभुको नाम मुवारक होस्, परमेश्वरले यसलाई फेरि पनि फर्काएर ल्याउने प्रतिज्ञा गरेका छन्। यो कुरो त्यति नै सुनिश्चित छ जस्तो... यदि यस्तो छ (हो), हामीलाई थाहा छ कि यो यहाँनिर छ, अतः यो कुरो त्यति नै सुनिश्चित छ, जस्तो कि यो

जीवनको हुनु, परमेश्वर यसलाई फेरि फिर्ता ल्याउन गइरहनुभएको छ। उनले यसको प्रतिज्ञा गर्नुभएको छ र उनले शपथ खाएका छन् कि उनी यसो गर्नेछन्। यही हो त्यो जो हामीलाई दिने गर्दछन्...

२३०. अब हामीले कस्तो प्रकारको मानिस हुनुपर्नेछ ? अब ध्यान दिनुस् कि यी कुराहरू कसरी घटित हुन्छन्। अब हेर्नुस्, जसलाई उनले पहिलेदेखि चिने (थाहा पाए) उनीहरूलाई बोलाए पनि र जसलाई बोलायो उनीहरूलाई धर्मी (धर्मात्मा) पनि ठहराए। उनले यसो कहिले गरेका थिए ? उनले यस्तो जगतको उत्पत्तिभन्दा पहिले गरेका थिए, योभन्दा पहिले कि कहिले जगतको आरम्भ हुन्छ, उसले यसो गरेको थियो। अब काश हामी यस वचनलाई पूर्णतः अध्ययन गर्न पाउने भए र यसलाई तर्कसंगत गर्न पाउने भएः हामी यसमा घन्टौं लिइसकेका छौं तर अब हामी यसो गर्न चाहँदैनौं। परन्तु यी सबै अधार्मिकताहरू जुन यहाँ पाइन्छन्, धार्मिकताका बिग्रिएका रूप हुन्। यही हो त्यो जो शैतान गर्दछ। अब जब तपाई, असल र खराबको पहिचान गर्नेवाला अवस्थामा आइपुग्नुहुन्छ भने तपाईंलाई यो थाहा छ कि के खराब हो र के असल हो, र तब तपाईंसँग आशा गरिन्छ कि तपाईं आफ्नो गल्तीहरूबाट फर्कनुस्। किनकि तपाईं पापमा जन्मनुभयो, अधर्ममा स्वरूप पाउनुभयो र जगतमा झूठो बोल्दै आउनुभएको छ, यसको सिवाय तपाईं लैङ्गिक, अभिलाषाको परिणामस्वरूप उत्पन्न हुनुभएको हो, अतः तपाईंले नयाँ जन्म पाउनको लागिः स्वर्गमा प्रवेश गर्नको लागि नयाँ तरिकाबाट जन्म लिनुपर्छ (पर्नेछ)। किनकि यहाँ तपाईंको यस्तै प्रकारको जन्म हुन्छ...

२३१. तपाईं देख्नुहुन्छ कि जहाँ यहोवा विटनेस मण्डलीका मानिस यो सोचेकाले अत्यधिक गल्तीमा छन्, कि नयाँ जन्म शरीरको पुनरूत्थान हो। तपाईं हेर्नुस् कि यो हुन सक्दैन। बुझ्नुभयो ? यो त केही हुनु छ ...

२३२. तपाईं समय अवधिको अन्तर्गत पाइनुहुन्छ र केवल अनन्त नै एउटा यस्तो वस्तु छ जसको न त कुनै आरम्भ छ न कुनै अन्त छ। जे

जति पनि (जेसुकै पनि) अनन्त छ न त यसको आरम्भ थियो न त उसको अन्त नै हुनेछ। बुझ्नुभयो ? अत: यदि तपाईं परमेश्वरको भाग हुनुहुन्छ; अत: त्यो आत्मा जुन तपाईंभित्र छ न त उसको कुनै आरम्भ थियो र न त त्यसको कहिल्यै अन्त हुनेछ, र तपाईं त्यसै आत्मासँग जो तपाईंभित्र छ, अनन्त छ। बुझ्नुभयो ? जस्तो कि अगाप्पे प्रेम छ र फेरि यसको तल भौतिक प्रेम र फेरि यसको मुनि शारीरिक तृष्णासम्बन्धी प्रेम आउँदछ र यस प्रकारले प्रेमको स्तर अझै तलझर्दै जान्छ, जबसम्म कि समुदाय प्रेम जुन कि मिलीजुली चिडको लागि हुन्छ, कहीं नआवस्। किन, केवल एउटै रीतिबाट...येशू ठीक त्यसै भऱ्याङबाट तपाईंलाई माथि लानको लागि र फेरि पनि तपाईंलाई उच्चोतम् स्वरूपमा लैजानको लागि तल आउनुभयो, त्यो न्यूनतम् अवस्था जो कि मृत्यु हो, ऊसम्म आए ताकि तपाईंलाई मृत्युबाट जीवनमा, बिमारीबाट स्वास्थ्यमा, अधार्मिकताबाट धार्मिकतामा लैजाओस्। बुझ्नुभयो? उ उच्चतमबाट न्यूनतममा आए ताकि जो न्यूनतममा छन् उनीहरूलाई उच्चतममा लैजावस्। ऊ (He) म (me) बन्यो। ताकि उसको अनुग्रहको द्वारा म (me) त्यो (he) बनौं (बनिजाउँ); ताकि महिमामा सिंहासनको उत्तराधिकारी बनिजाउँ (बनुँ) के तपाईंहरूले बुझ्नुभयो कि मेरा यी कुराहरूको के अभिप्राय हो ? अब हेर्नुस्, योभन्दा पहिले कि यस जगतको आरम्भ ती परमाणुहरूबाट हुने थियो, त्यसैबेला परमेश्वरले देखिसक्नुभएको थियो, के के घटित होला, ठीक त्यसैबेला उसले तपाईंलाई देखेको थियो, उसले मलाई देखेको थियो, उसले मलाई देखेको थियो, उसले प्रत्येक पुस्ताहरूलाई देखेको थियो, उसले प्रत्येक टुकटीलाई, प्रत्येक भ्यागुतो (मेदक) लाई, प्रत्येक (kinat) लाई, प्रत्येक त्यस वस्तुलाई जो कुनै बेला पृथ्वीमा हुनेछन् देखिसकेको थियो, उसले त्यसै बेला यसलाई देखिसकेको थियो निश्चय नै, उसले तब यसलाई देखिसकेको थियो।

२३३. अब हेर्नुस्, उसले यस्तो कदापि भनेन, "म आफ्नो छोरालाई तल पठाउने छु र उसलाई मर्न दिनेछु र हुनसक्छ कि कोही उसमाथि ठेस

खाओस् र यो कति धेरै दयनीय मृत्यु होला (हुनेछ) उनीहरू... शायद हुनसक्छ कि कोही बचिहालुन् ।"

२३४. उसलाई पहिलेदेखि नै थाहा छ कि को बच्नेछ । हजुर हो, श्रीमान ! उसले भनेको थियो, "उसले एसाबको अप्रिय थाहा पाए र याकुवसँग प्रेम गरे ।" योभन्दा पहिले कि उनलाई यो सिद्ध गर्नलाई कुनै बेला अवसर मिल्दथियो कि उनीहरू को हुन् उसले एसाबसँग घृणा गरेर याकुवसँग प्रेम गरे, किन कि उसलाई थाहा थियो कि उनीहरू को थिए । उसलाई यो थाहा थियो । उ सबैथोक जान्दछ । योभन्दा पहिले कि तपाईं उत्पन्न नहुँदै उसलाई थाहा थियो कि तपाईं के गर्नुहुनेछ र जब जगत आरम्भ भएको थियो, तब उसलाई थाहा थियो कि तपाईं के गर्नुहुनेछ ।

२३५. अब हेर्नुस् जस्तो कि तपाईंलाई थाहा छ, म एउटा बन्दुकची हुँ । मलाई बन्दुक प्रिय लाग्दछ । र केही स्त्रीहरू टेकससमा... मलाई ( मेरो) एक्कीन छ कि यो टेकसस नै हो केही स्त्रीहरू टेकसासमा मसँग एउटा .२२० सिफ्ट राइफल लिएर आए । म सधैं नै एउटा .२२० सिफप्ट राइफल चाहन्थे, म यसको परीक्षण गर्न चाहन्थे । यो सर्वाधिक शक्तिशाली सानो (Shooting) बन्दुक हो । यो एउटा बाइस गोलीवाला बन्दुक थियो, अड्चालिस गोलीवाला बन्दुक थियो र तपाईं यसलाई (हान्न) चलाउन सक्नुहुन्छ कि... अब हेर्नुस् फैक्टरी भन्दछ, "यसलाई नचलाइयोस् ( नचाउनुस्) यो साह्रै नै खतरनाक छ ।" तर तपाईं त्यस बन्दुकलाई पाँच हजार फिट प्रति सेकेन्डको दर (हिसाब)ले नियन्त्रित गर्न सक्नुहुन्छ र फेरि पनि यसलाई सको ठाउँमा नै पक्रीरहनुहुन्छ । पाँच हजार फिट प्रति सेकेन्ड जो कि एक सेकेन्डमा एक मिलको दुरीलाई पार गर्नुछ । अर्को शब्दमा यो भन्न सकिन्छ कि एउटा बाज जो दुईसय गज टाढा बसेको छ, तपाईं त्यसबाजलाई गोली हान्न सक्नुहुन्छ र योभन्दा पहिले कि त्यो बन्दुक तपाईंलाई पछाडि धकेलोस् तपाईं बन्दुकको अगाडि प्वाँखहरू उड्दै गरेको देख्नुहुन्छ । यस्तो त हुन्छ नै तर यदि तपाईं कुनै एउटा टुथपिकको सपाट

भागलाई या कुनै सपाट तिनकेलाई लिएर र त्यसलाई विस्फोटक मसलामा हाल्नुस्, तपाईं त्यसलाई विस्फोटक मसलामा जति धेरै घुसार्न सक्नुहुन्छ, घुसारी दिनुस्, बस् तर त्यस विस्फोटक मसलामा यति घुसार्नुपर्छ कि तपाईं त्यसलाई (हान्न) चलाउन सक्नुहुन्छ कि... तपाईं त्यस बन्दुकबाट यस तिनकेलाई (Ground hog) मा जो कि यस महलको छेउमा बसेको होस् पट्काउनुस् (हान्नुस्) र उ बस, बसिनै रहन्छ र तपाईंलाई हेर्दछ। मामला के हो? गोली विघटित भइदिन्छ, त्यो अत्यधिक तिब्र वेगले जान्छ र तपाईं यहाँ र त्यहाँ बीच बीचमा ओढ्ने (चादर) ओछ्याउन सक्नुहुन्छ र जब तपाईं गोली हान्नुहुन्छ भने तपाईंलाई कहिले पनि कुनै ओडना (चादर) माथि कुनै एउटा अवशेषसम्म झर्दै गरेको देखिरहनुहुन्न। त्यो बस फिर्ता भएर जान्छ। त्यो खरानीमा, ज्वालामुखीय खरानीमा परिवर्तित हुँदैन, तर उसबाट निस्किएको गोली त योभन्दा पनि कहीं धेरै बेग्लै जान्छ। यो गोली फेरि पनि ती मूल अम्लहरूमा परिवर्तित हुन्छ जो त्यस जाँबो र काँसलाई निर्मित गर्दछन्। जुन त्यो गोलीमा हुन्छ। यो फेरि ठिक त्यसै अवस्थामा परिवर्तित हुन्छ जुन अवस्थामा यो दशौं खरब वर्ष पहिले थियो। अब हेर्नुस्, यहाँनिर एउटा गोली छ, यहाँनिर गोलीका 48 दानाहरू छन्, जसलाई मैले आफ्नो हातले समातेको छु र एकै छिनमा नै यो त्यसमा परिवर्तित हुन्छ जुन यो दशौं खरब वर्षपूर्व थियो र यदि यो पृथ्वी आउँदो दश खरब वर्षसम्म विद्यमान रहन्छ भने यो फेरि एउटा गोली बन्नेछ; यो फेरि पनि गोलीको रूपमा आउनेछ, किनकि यो फेरि पनि ताँवामा परिवर्तित हुनेछ।

२३६. अब हेर्नुस् कि परमेश्वरले के गरेका थिए र फेरि तपाईं उससँग प्रेम गर्नुहुनेछ, फेरि तपाईं घर जानुहुनेछ र बिहान थोरै अबेरसम्म सुतिरहनुहुनेछ र तपाईं उसलाई त्योभन्दा कैयौं धेरै प्रेम गर्नुहुनेछ जो कहिले (कुनैबेला) तपाईंले उससँग गर्नुहुनेछ जो कहिले (कुनै बेला) तपाईंले उससँग गर्नुभएको थियो। अब हेर्नुस् परमेश्वर एउटा रचियेता हो। कति मानिस यस कुरालाई जान्दछ (थाहा पाउँछन्) ? ऊ एउटा रचियेता हो। ठीक छ, अब तपाईं यसलाई ध्यानपूर्वक सुन्नुस्। अब परमेश्वर पूर्व कालमा...

उनीहरू भन्दछन्, अब हामी यसको सम्बन्धमा समय तथा तिथिहरूलाई निर्धारण गर्नेवाला विधा तथा प्रणालीका ज्ञाताहरूको विचारहरूलाई लिउँ। परमेश्वर.... सय दशौं खरब (one hundred billion) वर्ष पूर्व जब परमेश्वर पृथ्वीलाई बनाउन गइरहनुभएको (बनाउँदै हुनुहुन्थ्यो); त बस उनले यसको निर्माण गर्न आरम्भ गरिदिएका थिए। अब उनीसँग थियो... उनको दिमागमा एउटा विचार आएको थियो।

२३७. अब तपाईं यो भन्नुहुनेछ, "भाइ ब्रान्हाम, यदि परमेश्वर महान् छन् भने उसले शैतान बनाउने के गरेर कहिले अनुमति दिए ?" ठीक छ, योभन्दा पहिले कि कहिले शैतानको सृष्टि गरिने थियो उनलाई थाहा थियो कि शैतान हुनेछ। महिमा हवस्। अब मलाई भक्तिभावको अनुभव हुन्छ। ओहो, मेरा परमेश्वर ! योभन्दा पहिले कि कहिले शैतानको सृष्टि हुन्छ उसलाई थाहा थियो कि शैतान हुनेछ। अब तपाईं भन्नुहुन्छ, उसको विषयमा के छ (हो) ?" तपाईं भन्नुहुन्छ कि "परमेश्वरले उसलाई शैतान बन्न किन दिएका थिए ?" उनले यस्तो हुन यसले दिनुभएको थियो ताकि उसले सिद्ध गर्न सकोस् कि ऊ परमेश्वर हो। यही कारण हो कि उनले यस्तो हुन दिएका थिए। के गरेर त्यहाँ कहिले (कुनै बेला) अधार्मिकता थियो ?

२३८. किन; कुन (को) पहिलो थियो, उद्धारकर्ता या पापी ? को पहिलो थियो ? प्रचारकर्ता। को पहिलो थियो चंगाई गर्नेवाला व्यक्ति किन कुनै पापीलाई हुनको अनुमति दिइएको थियो ? किनकि परमेश्वरको गुणहरूमध्येबाट एउटा यो हो कि ऊ उद्धारकर्ता हो। यदि कहिले कुनै पापी हुने थिएन भने ऊ कहिले पनि एउटा उद्धारकर्ताको रूपमा चिनिने थिएन। हाल्लिलुयाह। ऊ समस्त वस्तुहरूलाई आफ्नो महिमाका लागि वायु बनाउन सक्दछ। "के कुमाले भन्न सक्छ... "या के भाँडा कुमालेसँग भन्न सक्छ कि तैंले मलाई यस्तो किन बनाइस् (बनाएको छस्) ?" को चाकमा थियो ? कसले माटाको लौंदा लिएको थियो ?" पावलले भनेको थियो, "ओहो

मूर्ख प्राणी, के ऊ भन्दैन कि उसले फिरौनलाई यसैकारण उभ्याएको थियो?" निश्चय नै उसलाई थाहा थियो कि योभन्दा पहिले कि जगत हुन्थ्यो ऊ जान्दथियो, को के हुनेछ (होला) र उसले पाप हुन दियो, ताकि ऊ उद्धारकर्ता बन्न सकोस्। उसले बिगारी हुन दियो, ताकि ऊ चंगा गर्नेवाला बन्न सकोस्। उसले घृणा हुन दियो, ताकि ऊ प्रेम बन्न सकोस्। निश्चय नै उसले यस्तै गरेको थियो। ऊ परमेश्वर हो र यी उसका गुण हुन्, र आफ्ना गुणहरूको प्रकटीकरण गर्न हेतु उसँग केही न केही हुन आवश्यक थियो।

२३९. तपाईं कहिले यो थाहा पाउनुहुन्थ्यो कि राति हुन्छ (रात पर्छ) यदि सधैं उज्यालो भइरहेको भए, तपाईंलाई कसरी थाहा हुन्थ्यो कि रात पर्छ। चुँकि रात छ, अतः ऊ दिनको उज्यालो सिद्ध गर्न सक्दछ। निश्चय नै यस्तै हो। आमीन ! अब तपाईंले देख्नुभयो कि परमेश्वरले के गरेका थिए ?

२४०. तर जब ऊ यस जगतको उत्पत्तिभन्दा पहिले थियो, जब योभन्दा पहिले कि ऊ यस पुरानो सूर्यलाई लिने थियो र यसको चारैतिर यी पुराना ताराको परिक्रमा पृथ्वीको चारैतिर यी पुराना ताराको परिक्रमा पृथ्वीको चारैतिर जसमाथि कि अहिले हामी रहिरहेका छौं, सुव्यवस्थित गर्नेथियो ( गर्थ्यो); उसले यसलाई सूर्यको द्वारा आकारमा ढाल्यो र यसलाई सूर्यको चारैतिर परिक्रमा गर्नको लागि ठहर्‍यायो र उसले भन्यो, यो सूर्य हो। उसले यसलाई यसप्रकारको आकारमा ढाल्यो र उसले त्यहाँनिर एक खरब वर्षहरूसम्म झुण्डीरहन दियो। ऊ के बनाइरहेको थियो ? केही ग्याँसहरू। ऊ यसतिर फर्कियो र उसले अन्य केही बनायो। त्यहाँनिर ऊ के बनाइरहेको थियो ? केही पोटास। ऊ यतातिर फर्कियो र ऊ के गरिरहेको थियो ? उ केही कैल्शियम बनाइरहेको थियो। ऊ के गरिरहेको थियो ? ऊ मलाई र तपाईंलाई बनाइरहेको थियो। ऊ के गरिरहेको थियो ? ऊ एउटा निर्माण गर्नेवालाको जस्तो नै गरिरहेको थियो, जसरी कि जब ऊ आफ्नो परतहरू (तहहरू) लाई र उपशाखाहरूलाई दुई वाई चार र चार वाई

आठको रूपमा जमाउँदछ भने ऊ जान्दछ कि ऊ कति भवनहरूलाई निर्माण गर्न गइरहेको छ र हामी पृथ्वीका सोरह तत्वहरूबाट बनेका छौं र ऊ हामी सबैलाई बनाइरहेको थियो र जगतको अस्तित्व आउनुभन्दा पहिले उसले हामीलाई यहाँ राख्दैथियो...हुनसक्दछ कि पृथ्वी त्यसबेला दीर्घाकार होस् : मलाई थाहा छैन, कि त्यो के थियो । ऊ को थियो जुन सुन, तामा, पित्तल, पानी तथा ती सबै अवयहरू (नमासिने) लाई बनाइरहेको थियो । उ... रचियता हो, उ यहाँनिर (यसमा) सबथोक राखिरहेको थियो; उसले सबै वस्तुहरूलाई काँट-छाँट गऱ्यो र तिनीहरूलाई रूप प्रदान गऱ्यो । जब उसले यसलाई अर्थात् पृथ्वीलाई पूरा तरिकाले निर्मित गरिलियो भने एउटा साह्रै ठूलो ज्वालामुखीय विस्फोट भयो । उसले केही कैल्सियमको निर्माणको लागि ती पुराना ज्वालामुखीहरूलाई खरबौं वर्षहरूको लागि फुटिरहन दिएको थियो । त्यो के हो ? त्यो तपाईंको अंश हो ।

२४१. र त्यसपछि योभन्दा पनि पहिले कि यस पृथ्वीमा जीवनको कुनै अल्पांश पनि नभईकन नै हाम्रो शरीर यसमा (यहाँ) थियो । हाल्लिलूयाह । आद्रताको कुनै एक थोपा पृथ्वीमा आउनुभन्दा पहिले हामी यहाँ थियौं । जब आदमले अदमको बाटीका (फूलबारी) मा माथि तलसम्म भ्रमण गरेको थियो, भने म यहाानिर रहिरहेको थिएँ । आमीन । हो अँ, श्रीमान । ओहो महिमा । जब सराफ बिहानका ताराहरूसँग मिलेर गाउँदथे र परमेश्वरका पुत्र आनन्दले जयजयकार गर्दथिए भने म यहाँनिर रही जीवनको सासलाई आउने बाटो हेरिरहेका थिए । म यहाँ थिएँ । उसले मलाई यहीं ठाउँमा बनाएको थियो मेरो देह यहीं पडी (रही) रहेको थियो । हजुर अँ, श्रीमान ! यो त्यो होइन जहाँबाट तपाइं आउनुभएको छ । त्यो त्यहाँ कसरी पाइने गरिन्थ्यो ? परमेश्वरले यसलाई यहाँ राख्नुभएको थियो । परमेश्वरले यसलाई बनाएका थिए । हामी सोरह तत्वहरूबाट मिलेर बनेका छौं (हौं) जुन कि पेट्रोलियम, पोटास र केस्मिक प्रकाश र इत्यादि इत्यादि छन् । देख्नुभयो हामी यहाँ रहीरहेका थियौं ।

२४२. यसपछि के भएको थियो ? फेरि परमेश्वरले पवित्र आत्मासँग भने...हामी यसलाई प्रतीकात्मक रूपमा लिनेछौं, परमेश्वरले पवित्र आत्मासँग भने, "अब तँ आइज बढेर जा र त्यस पृथ्वीलाई प्रेम गर्न जा, किनकि म प्रेम हुँ र तँ मेरो अवयव होस्, अत: तँ अब जा र पृथ्वीसँग प्रेम गर ।" अब हामी यसलाइ चित्रको रूपमा सोच्न सक्छौं कि एउटा विशाल पवित्र आत्मा बाहिर निस्किएर आउँदछ। यो यस तरहको थिएन; किनकि पवित्र आत्मा र परमेश्वर एउटै हो, उनको कार्य एउटै छ उनको ध्येय एउटै जस्तो छ, उनी एउटै व्यक्ति हुन् ।

मलाई क्षमा गर्नुस्। र, खाली भन्न सक्दछन् कि उसले आफ्ना प्वाँखहरूलाई पृथ्वीमाथि फैलायो र उसले आफ्ना पखेटाहरूलाई फरफराउन शुरू गर्‍यो। यो पखेँटाहरूको फरफराउनु के थियो ? जस्तो कुखुरीलाई आफ्ना चल्लाहरू (चूजों) को लागि आफ्ना पखेंटाहरूलाई फरफराउनु, प्रेम गर्नु र "कुडुक, कुडुक, कुडुकको नाद (स्वर) गर्नुपर्छ ।

२४३. ओहो उसले ठूलो स्वरले कराएर भन्यो, ओहो, जीवन निस्किएर आए ।" जीवन निस्किएर आए ।" उसले चारैतिर आँखा लगाएर भने, "म यस पृथ्वीमाथि सुन्दरता चाहन्छु। उज्यालो हवस् ।" पवित्र आत्मा छटपटाइरहेको थियो र जब उसले यस्तो गर्‍यो भने म पहाडको दरारबाट केही दृष्टिगोचर हुँदै गरेको देख्दछु; म केही (अलिकता) कैल्सियमलाई आउँदै गरेको र दृष्टिगोचर भइरहेको देख्दछु जुन तल लड्दै रहेको हुन्छ र पोटाससँग गएर मिसिन्छ (मिल्दछ)। यो केमा बाँधिदै गइरहेको थियो ? "जीवन, बाहिर आइज ।" र एउटा सानो जस्तो इस्टर पुष्प एउटा चट्टानको मुनि (तल) बाट आफ्नो शिर उठाउँदै माथि बढ्दछ। "पिता, यहाँ आउनुस्, यसलाई हेर्नुस् ।"

२४४. "यो त सारै राम्रो देखिइन्छ, बस तँ यसैगरी सुगन्धित ।" उसले फूलहरूलाई सुघन्दित गरायो, उसले समस्त वनस्पातिहरूलाई उत्पन्न गर्‍यो,

उसले पशु जीवनलाई उत्पन्न गऱ्यो र पंक्षी (चरा) भूमिकोधूलोबाट निस्किएर उड्न थाले (लागे)। यसको केही समय पश्चात्, एउटा नर रं नारीमाथि आए, बल्कि एउटा नरमाथि निस्किएर आयो, र त्यो नर पुरूष वा स्त्री दुवै थियो। होइन, त्यसमा त नर र नारी दुवै नै थिए।

२४५. उसमा एउटा स्त्रीय आत्मा थिई। जब तपाई कुनै यस्तो पुरूषलाई देख्नु हुन्छ जो सारै लज्जालु छ हुनसक्दछ छ, कि ऊ पूर्णतः ठीक होस्, ऊ पूर्णत : सन्तुलित पुरूष होस्, तर उसमा कुनै न कुनै गड्बडी पाइने गरिन्छ। र जब तपाईं कुनै यस्ती स्त्री देख्नुहुन्छ, जो आफ्नो कपाल काट्न चाहन्छे र पुरूषले लगाउने लुगा लगाउन चाहन्छे, र यता उता डुल फिर गर्छे र भन्दछे, "र परमेश्वर धन्य होउन, म तपाईंलाई भन्ने छु," भने त्यसमा केही गड्बडी रूपवत् आत्मा हुन्छ। हामी र तपाई यो जान्दछौ। के यस्ति स्त्री शिष्ट देखिन्छे, जो पुरूषको भाँति व्यवहार गर्ने चेष्टा गर्दछे ?

२४६. कुनै एक समय यहाँ गेमवार्डन थियो र एकपटकमा त्यहामाथि जानको लागि वसमा बसेको थियो र त्यस स्त्रीको खुट्टाहरूलाई आफ्नो हाथले थपथपाइरहेको थियो र उससँग वार्तालाप गरिरहेको थिएँ, र मलाई थाहा थिएन कि ऊ एउटी स्त्री हो। उसले बेल्डरोवाला टोपी लगाएकी थिई र एउटा ठूलो चस्मा यस्तो प्रकारले लगाएको थियो, र उ कुनै अर्को व्यक्तिको विषयमा ती कुराहरूलाई भनिरहेकी थिई जुन उसले गरेकी थिई। उसले भनी, "तिमीलाई थाहा छ, कि हिजो रातीको........" ऊ त्यति नै सुदृढ देखिइरहेकी थिई जति ऊ हुनसक्द थिई, ऊ चुरोट पिइरहेकी थिई। उसले भनि, "म तिमीलाई बताउँछु, कि हिजोराती ऊमाथिवाट पल्टँदै तल आइरहेको थियो। मलाई आफ्नो जीवनमा कहिले पनि यस्तो हाँस उठेको थिएन।"

२४७. र तपाईलाई थाहा छ कि म यसप्रकार हाँसिरहेको थिएँ (भाई व्रान्हाम खी, खी, खी गर्ने खाले स्वर बनाउदछन्-सम्पा) मैले भने, "केटा, ऊ

एउटा थियो, के ऊ थिएन" र म त्यहाँनिर बसेर यसप्रकारले कुराहरू गरिरहेको थिएँ। र यदि ऊ उसले आफ्नो शीरबाट टोपी नझिकेको भए उसको विषयमा मलाई यो विदित हुने थिएन कि ऊ एउटी स्त्री हो। मलाई आफ्नो जीवनमा कहिले पनि त्यति हिनताको अनुभूति भएको थिएन। मैले उससँग सोधें, के तिमी स्त्री हौ ? उसले भनि, "किन, निश्चय नै, म एउटी स्त्री हुँ।"

२४८. मैले भने, "मलाई क्षमा गर्नु।" मैले त्यस्ती स्त्री कहिले (कदापि) देखिन (देखेको थिइन), र यो कुरो सत्य हो।

२४९. मैले कुनै अर्को दिन एउटा यस्तो विज्ञापन पत्र देखें जसलाई देखेर म रोमाञ्चीत भएको थिएँ। त्यस ठूलो विज्ञापनपत्रमा यो भनिएको थियो, "स्त्रीहरू कपडा लगाउनलाई तैयार।" मैले सोचें, "यसको लागि परमेश्वरको स्तुति हवस्।" बुझ्नुभयो ? तर पछाडि मलाई यो विदित भयो कि यी कुनै प्रकारका कपडाहरू हुन् जसलाई उनीहरूले पहिले नै बनाइसकेका थिए। मैले सोचैं कि उनीहरू साँच्चै कपडा लगाउन गइरहेका छन्। वास्तवमा, मैले यस्तै नै सोचेको थिएँ। त्यस विज्ञप्ती-पत्रमा भनिएको थियो, "स्त्रीहरू कपडा, लगाउन तयार।" मैले भने, "उनीहरूको लागि परमेश्वरसँग स्तुति हवस्। यो साह्रै राम्रो कुरो हो। मैले अवस्य नै यसको लागि परमेश्वरलाई धन्यवाद गर्नुपर्छ।" तर तपाईं हेर्नुस्, कि यी कुन किस्मका यस्ता वस्त्र थिए जसलाई उनीहरूले पहिलेदेखि नै बनाइसकेका थिए। यो कुनै हाँस्यप्रद विज्ञप्ति थियो, के यस देशमा यो एउटा हास्यप्रद विज्ञप्ति नहोला ? (हुने छैन)

२५०. फेरि जब आदम आउँछ। र तब आदम एक्लै देखिन्छ, अतः परमेश्वर उसको छेउबाट एउटा करङ्ग झिक्दछन् र हव्वा बनाउँछन, जुन कि मूलरचनामा बाट बनेको एउटा रचना थियो। र परमेश्वरले बनायो...... परमेश्वरले आदमभित्रबाट स्त्री आत्मा निकाले, र स्त्रीमा प्रेम, भलाई,

मधुरताको आत्मा, स्त्रीको आत्मा हालिदिए र परमेश्वरले पुरूषवत आत्मा आदममा नै रहन दिए। अब यदि कसैमा कँही कुनै भिन्नता पाइन्छ भने, त्यसमा कँहीनकँही कुनै भिन्नता पाइन्छ भने, त्यसमा कँहीनकाँही गडबडी छ।

२५१. र यो भन्दा पहिले कि हामी यस सन्देशलाई समापन गरौं, आउनुस् हामी एउटा सानो जस्तो नाटक लिन्छौ। यहाँ आउँछ..... आदम हब्वालाई आफ्नो अंगालोमा लिएर आउँछ र उनीहरू डुल्दछन्। मलाई बस यो कथा राम्रो लाग्दछ, र तपाई जान्नुहुन्छ, कि हब्वाले भन्यो, "ओहो, प्रिय, के तिम्रो अभिप्राय यो हो कि तिमीले यिनका नाम राखेका छौ। (हौ) ?

"हो मैले उसको नाम राखेको हुँ।"
"अच्छा, तिमी उसलाई के भनेर बोलाउँछौ"
"ऊ घोडा भनिन्छ"
"ओहो, त्यो के हो ?"
"त्यो गाई हो"
"के तिमीले त्यसको नाम राखेका थियौ ?"
"हाँ, हूँ, हूँ।"

२५२. "तिमी उसलाई-उसलाई-ती दुवैलाई जो आफ्ना टाउकाहरूलाई मिलाएर बसिराखेका छन्, के भन्दछौ ?

"उनीहरू प्रेमपंक्षी हुन्।"

२५३. "ओहो, मैले सम्झे। मैले सम्झे (बुझे)"। र उनीहरू यसप्रकार हिँड्दै हिँडदै गइरहेका थिए। "र यहाँमाथि यो के हो ?"

"म उसलाई त्यो र जुन यहाँनिर छ यसलाई यो भन्दछु।"

२५४. र "ओहो, मैले बुझें। आ-हा, त्यो त राम्रो छ।" र एउटा सिंह गर्जन्छ।

"तिमी उसलाई के भन्दछौ ?"
"त्यो सिंह हो"
"यो के हो ?"
"यो चितुवा हो"

२५५. र यसैप्रकारबाट......"ओहो मैले बुझें।" तपाईं जान्नुहुन्छ कि यसैप्रकार बिरालाका छाउरा (बच्चा) हुने छन् जुन यहाँ त्यहा, म्याउ, म्याउ गरिरहेका हुनेछन्।

२५६. र केही समयपछि उसले पछाडि फर्किएर हेर्‍यो होला र भन्यो होला, "प्रीय त्यहाँ हेर, सूर्य डुबिरहेका छन् (अस्ताइरहेका छन्), अब मण्डली जाने बेला भैसकेको छ।" तपाईलाई थाहा छ कि यसको विषयमा कुनै कुरो छ, जब सूर्य अस्ताउँछन् तब तपाईं आराधना गर्न चाहानुहुन्छ। यदि तपाईं त्यसराती मण्डली जानुहुन्न, भने तपाई आफ्नो कक्षमा गएर बाइबल पढ्न मनपराउनुहुन्छ। कति मानिस यसो गर्न चाहन्छन्, उनीहरू स्वयं उभिउन ? देख्यो ? यसो गर्न त बस मानिसको भित्र पाइने गरिन्छ। तपाइंले यसो गर्नुपर्ने हो (पर्छ)। "यो समय मण्डली जानको लागि हो।"

२५७. अब हेर्नुस, उहाँहरूले कहीले पनि यो भनेनन्, "अब, तिमी एक मिनटको लागि पर्ख, जोन्स त असम्बली आफ गोड चर्चको हो, र हामी उस्का हौं......." होइन, त्यसबेला यस्तोखालको कुनै कुरो थिएन। यसले ती सबैमाथि गए। उनीहरू जंगलहरूको एउटा विशाल आराधनास्थल तल आएर घट्ने (घुँडा टेके)।

२५९. र उनीहरूले (उनले) भने, "अँ, प्रभु, हामीले यसदिनमा आनन्द गर्‍यौं।" " के प्रीय हामीले आनन्द गरेनौ ?"

२६०. हो, हो, प्रीय, हामीले आनन्द गऱ्यौं। "प्रभु हामी निश्चय नै तपाईंको प्रशंसा गर्दछौ (अब म सुत्नको लागि तल सुत्दछु।" बुझ्नु भो ? र आदम आफ्ना लामा-लाम हाथ फैलाउँछ र हब्वा उसको अंगालोमा सुतिदिन्छे, र ऊ चितुवालाई तल सुताउँछ र सिंह (शेर)लाई तल सुताउँछ र सबै प्राणीहरूलाई सुत्नको लागि सुताउँछ, र यसप्रकार उनीहरू शान्तिमा रहन्छन् (बस्छन्)।

२६१. अत: परमेश्वर तल आउनुहुन्छ, र उनी आफूसँग स्वर्गदूतहरूको एउटा झूण्ड (हुल) लिएरू जिब्राईल स्वर्गदूतलाई लिएर स्वर्गको आफ्नो सृष्टिलाई लिएर तल आउँछ। अत: उनीहरू तल आउँछन् र उनीहरूका शयन कक्षमा साह्रै विस्तारो-विस्तारो आफ्ना खुट्टाहरूलाई राख्दछन र चारैतिर दृष्टि लगाउँछन्। जिब्राई भन्दछ, "पिता यहाँ आउनुस्। यहाँ आउनुस्, यहाँ हेर। ऊ यहाँनिर छ। यहाँनिर तपाईका केटाकेटी सुतेका छन्।"

२६२. कति यहाँ यस्तै छन् जो कहिलै शयन कक्षमा गएका छन्, तपाईहरू केही आमाहरू, तपाई र केटाकेटीका पिता मिलेर भित्र जानुहुन्छ, र सुतिरहेका साना केटा र सानी केटीमाथि दृष्टि लगाउनुहुन्छ र र एक अर्कालाई स्मरण गराउँछन्, "के ऊ यतातिरबाट र उतातिरबाट तिमी जस्तै लाग्दैन ?" के तपाईले कहिले यस्तो गर्नुभएको छ ? म कतिपटक जोजेफको शयनकक्षमा जान्छु र भेडालाई जोजेफको विषयमा बताउँछु। उनी भन्छिन्, "बिल, उसको निधार तिम्रो जस्तै चेप्टो छ।"

२६४. र अब हामी यो भन्न सक्छौं, कि पिताले भनेका होलान्,"तपाईलाई थाहा छ....." र जिब्राइले भनेको होला, तपाईलाई थाहा छ कि ऊ तपाई जस्तै लाग्दछ।" यस्तो नै परमेश्वरलाई लाग्दछ, तपाईं आफैं आफूमा दृष्टि लगाउनुस् ऊ तपाईं जस्तै देखिन्छ, यस्तो परमेश्वरलाई लाग्दछ तपाई उसको सन्तान हुनुहुन्छ, बुझ्नुभयो ? कति मानिसलाई यो थाहा छ ?

२६५.   अब हेर्नुस् ! हामीसँग जीवनको निम्नतम् स्वरूप के छ ? भ्यागुतो (भेदक)। जीवनको उच्चतम् स्वरूप के हो ? मनुष्य ! निश्चय नै ! र उच्चतम स्वरूप के हो ? यो निम्नतम्बाट उच्चतम्को तर्फ अग्रसर भइरहन्छ, भ्यागुतोबाट यो, ̦र यसबाट त्यो र त्योबाट चरा, र उसबाट आदि-आदि बन्यो। यसप्रकार जीवनको उच्चरूप आउने गर्दछ, जबसम्म कि त्यो स्वरूपमा बनाइएको छ। यो तपाई हुनुहुन्छ। र स्त्रीलाई परमेश्वरको रूपमा बनाइएको थिएन, तर उसलाई त पुरूषको स्वरूपमा नै बनाइएको थियो, बुझ्नुभयो ? अब अब तपाई त्यसै स्थितिमा हुनुहुन्छ। र परमेश्वर उसमाथि दृष्टि लगाउँछन् र भन्छन्, "हो, उनीहरू देखिइन्छन.....
उनीहरू साह्रै प्यारा देखिइन्छन्।"

२६६.   भाइ यो के थियो ? उनीहरूले कहिले मर्नु थिएन। ऊ प्रथम मुट्ठीभरी केल्शियम, प्रथम पोटास र ती सबै अवयवहरूको थियो जुन शुरू भएका थिए। के यो राम्रो छैन ? तर पाप आउँछ र पूरा (सबै) तस्वीरलाई बिगारीदिन्छ। अब के परमेश्वर.... परमेश्वरले पापलाई यस्तो गर्नलाई किन अनुमति दिएका थिए ? जस्तो कि हामी अहिले केहीछिन् अगाडि देखिरहेका थियौं, परमेश्वरले उसलाई यसो गर्नलाई यसैलिए अनुमति दिए, ता कि उसले सिद्ध गर्न सकोस् कि ऊ उद्धारकर्ता हो। उसले यसै नै गरेको थियो। उसले बिमारीलाई हुन दिए ता कि उसले यो सिद्ध गर्न सकोस, कि ऊ जीवन हो। बुझ्नुभयो ? उसले यी सबै खराब (नराम्रा) कुराहरूलाई हुन दियो ता कि उसले यो सिद्ध गर्न सकोस् कि ऊ भलो छ, जो कि उ छ। हामी......

२६७.   तपाईं छुटकाराको गाथा गाएको विषयमा बोल्नुहुन्छ। किन भाई, जब येशू आउँछन्, भने यो मण्डली यस पृथ्वीको परिधिमा उभिन्छिन् र छुटकाराको गाथाहरू गाउँछिन्, जब कि स्वर्गदूत शीर निहुऱ्याउने छन्, उनीहरूलाई थाहा छ कि हामी के गरिरहेका छौं। किन उनीहरू कहिले नाश भएका थिएनन्। उनीहरू त्यसलाइ थाहा पाउँदैन जसबाट भएर हामी

गएका छौं (गुम्रिएका)। हामीलाई थाहा छ कि हराउन र भेट्टाउनुको के अर्थ हुन्छ। ओहो, के हामी उसको महानताहरूको जन्मजयकार गर्न सक्दैनौ ? ऊ उनीहरूको लागि उद्धारकर्ता होइनन्। उनीहरूलाई कुनै छुट्कारोको कुनै आवश्यकता थिएन। ऊ उनीहरूको लागि चंगाईवाला थिएन। थिएन ( होइन) ! महिमा ! उनीहरूको लागि जीवन थिएन, निश्चय नै ऊ उनीहरूको लागि जीवन थिएन, किन कि उनीहरू कहिले मृत्यु, पाप र अधर्ममा न परून्। हामी मृत थियौं, तर उसले हामीलाई जीवित गरेका छन्। हाम्रो स्थिति यस्तो छ। के हामी आफ्नो ताजहरू (श्रीपेचहरू) भिकेर यो भन्ने छौं, "तपाईं आदरणीय अमुक-अमुक हुनुहुन्छ ?" ओहो, होइन, होइन होइन, होइन। सारा महिमा उसैको हो। तब हामी त्यस कथालाई बताउने छौं कि कसरी जयवन्त भयौ र हामी यसलाई अलि-अलि गरेर सम्भने छौं (बुभ्ने छौं)

२६८. तब त्यहाँनिर के भएको थियो ? तब के परमेश्वरले केवल यो भनेका थिए, "म बस (खाली) यो गरूँला कि म आफ्नो सम्पूर्ण पोटाश र कैलिशियमलाई सर्वनाश गरिदिनेछु, यो पूराको पूरा बिग्रिसकेको छ ?" होइन, होइन, उसले यसो भनेको थिएन, कि यसलाई यस्तै नै हुनुथियो।

अब हेर्नुस्, यदि अब पवित्रआत्माले मलाई त्यो बनाएको छ जुन म यसबेला छु, र म भोजन खान्छु र यसलाई आफ्नो शरीरमा लगाउँदछु र त्यो बन्द छ जुन म यसबेला छु, तापनि यो छ कि म त्यसबेला यसै स्वरूपमा बनाइएको थिएँ। जगतको उत्पत्तिभन्दा पहिले परमेश्वरले जुन हर एक तस्वीर हेरेका थिए, साकार हुन्छ- पूर्ण विकसित हुन्छ। बुभ्नु भयो ? त्यसबेला त यो लैंगिक अभिलाषाको उत्पन्न हुन्छे, तर यसबेला यो परमेश्वरका बोलिएका वचनको द्वारा उत्पन्न हुन्छे। बुभ्नुभयो ?

२६९. र अब केही पनि यस्तो छैन जो मलाई क्षति पुऱ्याउन सक्दछ। जो छैन, श्रीमान् ! जस्तो कि पावलले भनेको थियो, "नत वर्तमान, न भविष्य,

न बिमारी, न मृत्यु, हामीलाई परमेश्वरको त्यस प्रेमबाट जुन मसीहमा छ, अलग गर्न सक्दछ।" केही पनि यस्तो छैन जो हामीलाई छुट्याउन (अलग गर्न) सकोस्।

२७०. जस्तो कि मैले एउटा कथा भनेको थिएँ, मेरा पूरै किसिमले खुइलिएको टाउकोमा लगभग पाँच रौं छन्। र केही समय पहिले म आफ्ना ती अलिकता कपालहरूलाई कोरिरहेको थिएँ, र मेरी पत्नीले मसँग भनि, "बिल, तिमी लगभग खुइले भइसकेका छौ।" मैले भने, परन्तु मैले तीमध्ये एउटा पनि केश (बाल) हराएको छुइन। उनले भनिन्, "ती कहाँ छन् त ?"

२७१. मैले भने, मसँग भेट हुनुभन्दा पहिले उनीहरू कहाँ थिए ? देख्यौ, योभन्दा पहिले कि म उनीहरूलाई भेटाउँदथिए उनीहरू कहाँ थिए ?" अब हेर्नुस्, एक समय यस्तो थियो, कि एकसय वर्ष पहिले यहाँ नि कपाल एकदमै थिएनन्। तर यिनीहरू यहाँ यस माटोको धूलोमा थिए। के यो ठीक छ : फेरि लगभग पच्चिसवर्ष पहिले तिनीहरूले मेरो टाउकोमा आउन सुरू गरे। ती कहाँबाट आउँदछन् ? माटोको धूलोबाट। के यो ठीक छ होइन ? उनीहरू थिएनन्, फेरि उनीहरू थिए र अब उनीहरू छैनन् ? यो क्या हो ? कसले उनीहरूको स्वरूपलाई बनाए ? परमेश्वरले। परमेश्वरले नै उनीहरूलाई बनाए। उनले एउटा तस्वीर बनाइन, र त्यस्तैप्रकार म उसलाई चाहान्छु।

२७२. "हे मृत्यु तेरा खील कहाँ रह्यो ? हे प्रभु तेरो जय कहाँ रह्यो ( थियो) ?" हुनसक्दछ छ कि यी नै दिनहरूमा कुनै एकदिन तपाई मलाई यहाँनिर गाडी दिनुहुनेछ, मलाई थाहा छैन। तर भाइ, म मरेको हुने छुइन। म तपाईलाई यो भनिदिदैछु। जो होइन ! ओहो, हामी उठ र उभिने छौं। त्यस पुनरूत्थानको बिहान जब मृत्युको बारलाई भत्काइदिने छ, हामी बाँचेर उठ्ने छौं, हालिलुयाह, हामी बाँचेर उठ्ने छौं (उभिने छौं) केही पनि

यस्तो छैन जो मलाई बाँचेर उठ्नको लागि रोक्न सकोस्। मसँग परमेश्वरको प्रतिज्ञा छ सम्पूर्ण उद्योलोकमा कुनै शैतान छैन न कि उनीहरू मलाई बाँचेर उठ्नको लागि रोक्न सकोस्। मसँग परमेश्वरको प्रतिज्ञा छ, मसँग पवित्र आत्मा छ। मसँग जुन यी छन् जुन कि परमेश्वरका अनन्त जीवन हुन् र म यहाँनिर विश्वास गरिरहेको हुनेछु। यो बूढो (बूढी) जरजर शरीर (लोथ) त्यसबाट आएको हो र परमेश्वर मलाई मलाई भूमिको धूलोबाट बोलाउने छन्।

२७३. र ऊ मलाई मेरो यस अवस्थाबाट बोलाएर पृथ्वीबाट बाहिर निकालीदिने छ, र प्रत्येक पटक जब कुनै बेला म मण्डलीको घण्टीको आवाज (स्वर) सुन्दछु, भने कोही मसँग कुरा गर्दछन्। एउटा स्वर्गजस्तो आवाज मसँग कुरा गर्दछन्। एउटा स्वर्गजस्तो आवाज मसँग कुरा गर्दछन्। एउटा स्वर्गदूतले झाडीभित्रबाट मसँग भनेको थियो, तिमी कहिले रक्सी या धुम्रपान नगर्नु, मसँग तँलाई गर्नको लागि एउटा कार्य छ। आफ्नो शरीरलाई फोहर नगर्नु अथवा महिलाहरू आदि आदिसँग यहाँ उहाँ घुमफिर नगर्नु ! जब तिमी ठूलो हुनेछौ, भने त्यसबेलाको लागि तँलाई गर्नको लागि मसँग कुनै कार्य (काम छ।" मैले भने, "तिमी को हौ ? तिमी को हौ ?"

२७४ तिमी त्यसको विषयमा पछि अरू धेरै थाहा पाउने छौ।" केही समयपछि ऊ यहाँ आउँछ, ऊ बप्तिस्माको बेला स्वयंलाई दृष्टि गोचर गर्दछ। ऊ आफूले आफैलाई देखाउँदछ। ऊ स्वयंको विषयमा बताउँछ (भन्छ) ऊ उत्तर दिन्छ। म उसलाई हरेक ठाउँ, हरेक हाथमा माथि उभिएको देख्दछु।

२७५. तपाईं कसरी गर्नु हुनेछ, यदि उसले मलाई मन नपराइकन त्यो बनायो जो कि म हुँ ? म कहिले पनि पछाडी फर्किएर आईन र न त कहिले यो भने, "अब चार्ली ब्रान्हाम, तँ इला हार्वेसँग विवाह गर र पृथ्वीबाट मलाई बाहिर निकाल" हजुर होइन, श्रीमान ! मैले कहिले पनि यसप्रकारको

पसन्द (मन) पराएको थिइन। परमेश्वरले नै त्यो गरे। र यदि उस्ले मेरो चुनाव विना नै मलाई यो बनाए जो म हुँ भने ऊ यसलाई कति धेरै तब गर्नेछ जब त्यो पवित्रआत्मा आफ्नो प्वाँखहरूको छायाँ ममाथि गर्न जान्छ र म भन्दछु, "हो प्रभु, तपाई नै मेरा सृष्टिकर्ता हौ, र म तपाईंसँग प्रेम गर्दछु र म तपाईलाई आफ्नो उद्धारकर्ताको रूपमा ग्रहण गर्दछु।"

२७६. तिमी कसरी मलाई भूमिको धूलोमा जकडेर राख्न गइराखेका छौ ? तपाईं यस्तो गर्न सक्नुहुन्न, भाइ तपाईं यसो गर्न सक्दैसक्नुहुन्न। परमेश्वरले कहिँ पनि यस कैलिश्यम या पोटास, या अन्य कसैलाई कुनै पनि एउटा यस्तो टुकुरा बनाएन जुन व्यर्थ जावस्। "जतिलाई पिताले जगतको उत्पति भन्दा पहिले नै मलाई दिएका छन, तिनीहरू सबै मसँग आउने छन्।" वाह ! मलाई ठीक यसबेला यस्तो अनुभव भइरहेको छ कि कस्सी-कस्सी चिच्याउँ ! जतिलाई पिताले मलाई दिएका छन् ति सबै म भए ठाउँ आउने छन् र तीमध्ये कुनै पनि नाश हुनेछैन, बरू म उनीहरूलाई पुनरूत्थानमाथि पुनः बचाएर उठाउने छु।" म उसको पुकार सुन्दछु, र म उसँग (ऊ भए ठाउँ) आउँछु। उनीहरू कसरी मलाई भूमिको धूलोमा जकडेर राख्न सक्दछन् ? संसारमा यतिधेरै ठेकेदारहरू छैनन्, कि उनीहरू मेरो मुखमा बेलचाले प्रहार गरेर सधैंको लागि भूमिको धूलोकोभित्र थुन्नसकुन्। म कुनै दिन उठेर उभिने छु, र म त्यसको समानतामा उठी उभिने छु, म उसको रगतमा स्नान गरिसकेको छु, म उसको आत्माबाट जन्म पाएको हुँ (छु) ! हलिललूयाह ! तपाईसँग तपाईका जति पनि नामधारी मण्डलीहरू छन् ती सबैलाई लि लिनुस् तर मत येशूलाई नै लिनेछु ! आमीन !

२७७. एकपटक वीमा गर्नेवाला मानिस, अर्थात विलवर स्नायडर जो कि मेरो एउटा असलमित्र हो म भएठाउँ आयो र उसले मसँग भन्यो "विली म तँलाई एउटा विमा पालेसी बेच्न चाहान्छु।"

२७८. मैले भने मसँग त पहिलेदेखि नै एउटा पोलेसी छ।" (यसमा मेरी पत्नीले चारैतिर दृष्टि लगाइन, कि मानौ उनी यो भनिरहेकि होस्, "केटा तिमी किन झूठो बोलिरहेका छौ ?")

उसले भन्यो, "के तपाईंसँग विमा छ ?" मैले भने, हजुर हो, श्रीमान !"

उसले सोध्यो, "तिमीले कुनै कम्पनिबाट आफ्नो विमा गराएका छौ ? त्यो कम्पनी कुन चाहिँ हो ?"

२७९. मैले भने, "अशिक्षित अश्योरेन्स, येशू मेरो हो, दिव्य महिमाको के नै पूर्व स्वाद छ। उद्धारको उत्तराधिकारी परमेश्वरको किनिएको, उसको आत्माबाट जन्म लिएको, उसको रगतमा न्वाइएको।"

२८०.उसले भन्यो, "विली, यो त साह्रै नै राम्रो कम्पनि हो, तर यो तिमीलाई चिहानमा गाड्न सक्दैन।"

२८१. तर मैले भने, "यसले मलाई चिहानबाट बाहिर निकाल्ने छ।" हाल्लिलूयाह ! म त्यसमा गाडीने विषयमा चिन्तित छुइन, म त्यसबाट बाहिर निस्केर आउनेछु।

२८२. अत: मसँग मेरो त्यो आश्वासन छ जुन मलाई यो बताउँछ, "जतिलाई पिताले मलाई दिएका छन् ती सबै मेरा हुन् र म तिनीहरूलाई लिएर आउने छु।" म यसको परवाह गर्दिन कि मेरा पिताले के गरे, मेरी आमाले के गरिन्, म यसको परवाह गर्दिन कि कोही के थियो ! "जतिलाई पिताले मलाई दिएका छन ती सबै मसँग आउने छन् र कोही मसँग आउन सक्दैन न जबसम्म कि पितानै उसलाई म भएठाउँ तानेर ल्याउँदैनन् (ल्याउने छैनन्)।" हालिललूयाह ! उनी उनीहरूलाई के गरेर जान्दछन् ? "मैले उनीहरूलाई जगतको उत्पतिभन्दा पहिलेदेखि नै थाहापाएको छु। जब मैले मेमनेलाई वध गरेको थिएँ भने मैले उसलाई ऊसँगै वध गरेको थिएँ।

आमीन ! "मैले मण्डलीलाई पहिलेदेखि नै ठहऱ्याएको थिएँ ।" को पहिलेदेखि नै ठहऱ्याएको थियो ? मण्डली ! तपाई मण्डलीको भित्र कसरी आउनुहुन्छ ?" हामी सबैले एउटा आत्मा को द्वारा एउटै शरीरमा बप्तिस्मा लिएका छौं ।" ऊ जगतको उत्पति भन्दा पहिले नै जान्दथियो कि हामी त्यहाँ हुने छौं । र जसलाई उसले पहिलेदेखि जान्यो (चिन्यो), उसले उनीहरूलाई बोलायो पनि जतिलाई उसले बोलायो, उसले उनीहरूलाई धर्मी पनि ठहऱ्यायो । जतिलाई उसले धर्मी ठहऱ्यायो, उसले उनीहरूलाई महिमा पनि दियो ।

२८३. परमेश्वरको पुस्तकमा उसले भन्यो, कि ऊ मसँग ठीक त्यहाँनिर भेट गर्ने छ । नरकका सारा शैतान पनि उसलाई त्योभन्दा कहिले कँही अरू धेरै गर्न सक्दैनन्, उनीहरू उसलाई त्यहा आउनबाट रोक्न सक्दैनन् किन कि परमेश्वरले पहिलेदेखि नै यसो भनिदिएका छन् र मामला बस यही खतम हुन्छ । चाहे सयकडौं खरबौ वर्ष पहिले पृथ्वी बनेकै थिएन, तापनि बिहानका ताराहरू एकै ठाउँ बसेर गाउँद थिए र परमेश्वरका पुत्र आनन्दको स्वरमा जय-जयकार गरेर चिच्याउँदथे, योभन्दा पहिले कि कहिले पृथ्वीको निव पनि ध्वस । जगतको निवको पहिलेदेखि पनि ती स्वर्गदूत तथा ती सबै आनन्दित भएर यसको विषयमा हो हल्ला गर्दथे, तर फेरि भला मलाई शैतान कसरी कहिले पृथ्वीको धूलोको भित्र राख्नसक्दछ । ऊ बस यसो गर्न नै सक्दैन । तपाईं ठीक त्यहाँनिर हुनुहुने छ ।

२८४. अब आउनुस् हामी हेरौं कि यो लोकतन्त्री समय हो जुन मैले यहाँ पाएको छु । अब एघार बज्नलाई बिस मीनट छ, दश बज्नमा केवल बिस मिनट छ । भाइ बुड, के यो ठीक छ (हो) ? यो साँचो हो, कि दस बज्नमा बीस मिनट छ । सब कोही आनन्दित छन् ?

ओहो हुन्छ मलाई यस्तो अनुभूति

कि मानौ म यात्रामा छु,

हुन्छ मलाई यस्तो अनुभूति
कि मानौं म यात्रामा छु,
मेरा स्वर्गीय घर उज्ज्वल व रमणीय छन्
ओहो लाग्छ मलाई यस्तो अनुभूति
कि मानौं म यात्रामा छु ।

२८५.के तपाईंलाई त्यसप्रकारका ती प्राचीन गीत पसन्द छन ? एउटा पुरानो गीत हुने गर्दथियो, जुन कि केही यसप्रकारको छ, "अनुग्रह र करूणाले मलाई त्यहाँ भेट्टायो जहाँ बिहानको तारा प्रकाशमान हुन्छ" बहिनी ग्रेटी, त्यो गीत के हो ? आउनुस् हामी हेर्दैछौं (हेर्ने छौं) । भाई नेविल, यो गीत कस्तो प्रकार थियो ? हेर्नुस, यो गीत अलिकता यस्तो प्रकार थियो, जहाँ तेजस्वी बिहानका ताराहरूले मलाई उसको चारैतिर वास गर्दै गरेको पाए ।" अँ-हो ! हो, क्रसमा (माथि) ! बहिनी, तपाईं यस गीतमाथि हामीलाई धून प्रदान गर्नुस् । यो गीत हो, "क्रूसको नजीक ।" तपाईं यहाँमाथि आएर यस गीतका हामीलाई धून प्रदान गर्नुस् । ओहो, म यी गीतहरूलाई मन पराउँछु । कति मानिसहरूलाई आत्मादेखि ओतप्रोत ती प्राचीन गीत राम्रा लाग्दछन् तपाईंसँग तपाईंका ती सबै तलमाथि उफ्रिदै कुददै र हो-हल्ला मचाउने खाले गीत हुनसक्दछन् । तर मलाई त तपाई यसै गीतमाथि धून दिनुस्, कि जहाँ अनुग्रह र कल्याणले मलाई भेट्टायो । यही त्यो गीत हो जसमा मलाई धून चाहियो । ठीक छ, अब यसलाई गाउनुस्"

येशू, राख्दछन् मलाई क्रसको नजिक
जहाँ छन् बहुमूल्य स्रोता
जो बहन्छ सबैको लागि मुक्त
हो ऊ चंगाईको स्रोता,
बहन्छ त्यो कलवरी बाट

त्यसै क्रूसमा त्यसै क्रूसमा

मेरो महिमा छ सर्वदा

जबसम्म मेरो स्वर्गमा

उठाउँदै जानेवाला प्राण

पाउने छैन नदीको पारी विश्राम

२८७. (भाई ब्रान्हाम "क्रुसको नजिक" गीतलाई गुनगुनाउन थाल्दछन्......सम्प) ओहो, कति राम्रो गीत छ। तपाई यसको विषयमा विचार गर्नु (सोच्नुस) ! के हुने थियो यदि हाम्रा उद्धारकर्ता नभएको भए ? के हुने थियो यदि यो वचन हामीले न पाएको भए ? के हुने थियो यदि उसले तपाईलाई न बोलाएको भए ? के हुने थियो यदि उसले तपाईलाई पहिलेदेखि नै नचिनेका (थाहा नपाए) का भए, भने (त) तपाईं आजराती शेष जगतसँग बाहिर हुनुभएको भए ? के तपाई उससँग प्रेम गर्नुहुन्थ्यो ? ओहो, तपाई बिहान : हुनेवाला सभाहरूलाई बिर्सनुस् अब साँढे नौ बजिसक्यो।

त्यसै क्रुसमा त्यसै क्रुसमा

मेरो महिमा छ सर्वदा

जबसम्म मेरो स्वर्गमाथि (मा)

उठाइनेवाला प्राण

पाउने छैन नदीको पारी विश्राम

२८७. अब तपाईं हामीलाई "त्यस सुतेको संग छ स्थल (ठाउँ)" तर संगीत दिनुस्। यो एउटा पुरानो मधुर गीत हो, "त्यहाँ त्यस सुतेको सँग छ स्थल," कतिले यस गीतलाई जान्दछन् ?" स्थल, स्थल हो त्यस सुतेको सँग छ स्थल।" र अब अब यस गीतलाई गाउनुहुन्छ, तपाई अति शान्तिपूर्वक आप्ना नजिकका कुनै भाइको नजिक जानुस् र त्यस भाइसँग हाथ

मिलाउनुस्। तपाईलाई थाहा छ कि त्यहाँनिर सबै मेथोडिस्टहरूको लागि ठाउँ छ, त्यहानिर सबै वैपटिस्टहरूको लागि ठाउँ छ, त्यहाँनिर सबै पेन्टको स्टलहरूको लागि ठाउँ छ। त्यस सुतिरहेकाको नजिक हामी सबैलाई ठाउँ छ। कति मानिस यस पुरानो गीतलाई जान्दछन् ? ओहो, तपाई अवश्य नै यस गीतलाई जान्नुहुन्छ। अब तपाईहरूमध्ये केही मानिस प्राचीन समयदेखि नै हुनुहुन्छ, यो कन्टकी को एउटा प्राचीन गीत हो।

स्थल हो स्थल हो, (आउनुस् हामी हाथ मिलाउँ)

अँ त्यहाँस्थल छ।

तिम्रो लागि त्यो सुतेको संगमस्थल छ।

स्थल छ, अँ त्यहाँ स्थल छ।

तिम्रो लागि त्यस सुतेकोसँग स्थल छ।

२८८. अब मसँग तपाईको लागि एउटा लघुआश्चर्य छ। आउँदो हप्ता सभाहरूको समय (बेला) मण्डलीको अर्को छेउमा (किनारमा) सबै नविनतम् सन्देश र पुस्तकहरू तथा अन्य सबैथोक विक्रय (विक्रिको लागि हुनेछ) टेप तथा सबै थोक : सुन्दर साहित्यको रूपमा हुनेछन्। पछिलो कक्षाहरूमा बाट कुनै एउटा कक्षामा एउटा मेज हुनेछ र साहित्य र नविनतम सन्देश र केही उत्तम किसिमका लेख जुन कि मूलरूपबाट नविन पुस्तकहरूको रूपमा, नयाँ संस्करणहरूका रूपमा छन्, ती आउँदो बुधवार राती यस भवनको छेउमा एउटा मेचमाथि हुनेछन्। र हामी प्रभुमा एउटा राम्रो (असल) समयको आशा गरिरहेका छौं। तब तपाई यहाँ प्रार्थना गर्दैआउनु। तपाई आफ्ना बिमारीहरू अपांगहरूलाई बोलाएर ल्याउनु, तपाई उनीहरूलाई पत्र लेखाउनु र उनीहरूलाई यहाँभित्र लिएर आउनु र हामी बस..... परमेश्वर

आफ्नो पूरा सामर्थको साथ यहाँनिर विचरण गर्नेछन्। हामी यहाँनिर छौं र जान्दछौ कि उसले यो गर्नेछ।

२८९. र अब मलाई ती सबै भएको ठाउँ (सबैसँग) जानुछ जसलाई म जान्दछु कि उनीहरूसँग अलिकता गडबड छ। अब यदि अलिकता पनि यस्तो छ जो पथभन्दा बाहिर छ, भने तपाई स्मरण राख्नुस्, कि मैले तपाईलाई धेरै समय पहिले बताएको थिएँ, कि हामी त्यसलाई ठीक गर्न जाँदछौं। र म जान्दछु कि यहाँनिर कुनै अलग आत्मा छ जो कि त्यहाँ थिई। देख्यौ ?, बुझ्यौ ?, देख्यौ ? यो सही कुरो हो। तपाई उसलाई अरू धेरै जानदिनुस्। म तपाईंसँग येशू मसीहको सम्मुख कठोर शब्दहरूमा भन्दछु कि तपाई उसलाई अरू धेरै जाननदिनुस् तपाईं उसँग यही रहिरहनुस्। हेर्नुस्, सबथोक सुदृढ गरिलिनुस् र अगाडि बढ्नुस्। तपाई भाइ हुनुहुन्छ। यो कहिले पनि तपाईको भाइ या बहिनी हुँदीन जो गडबड गर्दछे, यहाँ त शैतानको आत्मा हुन्छ जुनभित्र आउने गर्छे। (आउँछे) र तपाईमा ती भाई या बहिनीकोप्रति दु:ख हुनुपर्ने हो, र यो थाहा पाउनुपर्ने हो कि यो शैतान हो जो बीचमा आइरहेको छ र यदि तपाईलाई शैतानको त्यस आत्माको केही अनुभूति हुन्छ भने तपाई तुरून्त नै त्यसलाई बाहिर निकाली दिनुस् अन्यथा उसले तपाईलाई सडाई (कुहाई) दिनेछ। बुझ्नुभयो तपाई ? हजुर अँ, ऊ यस्तो नै गर्ने छे, अत: तपाईं उसबाट टाढा रहनुस्।

त्यहाँनिर स्थान छ, त्यहाँनिर धेरै स्थान छन्,

त्यहाँनिर मैथोडिस्टहरूको लागि स्थान छ,

त्यहाँनिर वैपटिस्टहरूको लागि स्थान छ,

त्यहाँनिर प्रेस वीटेरियनहरूको लागि स्थान छ,

त्यहाँनिर सबैको लागि स्थान छ।

२९०. कति मानिसहरूलाई हाम्रो प्राचीन विसर्जन गीत, जुन कि यी हुन्, "हे दु:ख सन्तापका सन्तान, येशूको नाम आफूसँग राख (लेऊ)", तिमीलाई यो आनन्द र शान्ति दिनेछ, जहाँसुकै तिमी जाऊ यसलाई लिएर जाऊ, स्मरण छन् ? काश, तपाई भाइ जैफरी र बहिनी जैफरी तथा त्यहाँ जो केटाहरू छन् तथा तपाईहरू सबै हाम्रो साथ बस्न पाउनुभएको भए ! र र तब, "एउटी वेश्या येशू नामलाई सिजदार गरिरहेकी थिई र उनको पाउमा घोप्टिदै थिई।" ओहो, मेरा परमेश्वर ! जब हाम्रो यात्रा पूर्णत: हुनेछ, अनि हामी उसको "राजाहरूको राजा" को रूपमा ताजपेश गर्ने छौं। येशूको नाम आफूसँग राख उसलाई आजको ढालको जस्तो लेउ। ओहो, जब परीक्षा निकट आउँछ, त्यस पवित्र नामको दुवामा जप गर ! ओहो, म उसलाई प्रेम गर्छु, म येशूको अदभूत नामबाट प्रेम गर्छु। अब जब कि हामी यस गीतलाई गाउँछौ, आउनुस्, हामी उभियौं।

येशूको नाम आफ्नो साथ लेउ

ए, दु:ख र विपदका सन्तान

यो तँलाई दिने छ आनन्द र विश्राम

जहाँ तँ जान्छस् यसलाई लिएर जा

ओहो, अमूल्य नाम मधुर नाम.......

२९१. यो गीत उपरोक्त गीतभन्दा अलिकता मात्र भिन्न छ। आउनुस्, अब हामी आफ्ना टाउकाहरूलाई निहुऱ्याउँ र शान्तिपूर्वक आफ्नो एउटा हाथलाई माथि उठाउँ र भनौं, एउटी वेश्या।

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org